# निर्वाचन पर्यवेक्षण समिति नेपाल बुलेटिन

Election Observation Committee Nepal Bulletin

वर्ष १, अंक २














का.जि.प्र.का. दर्ता नं.: ५५/०७०/७१, वर्ष १, अंक २, पुस २०७० (Dec-Jan, 2014)

बुलेटिन नं. २

**वर्ष १, पूर्णाङ्क २, २०७०**

**सम्पादन सल्लाहकार**

प्रदिप पोखरेल

श्रीकृष्ण सुवेदी

गोपालनाथ योगी

रविन सुवेदी

**सम्पादक**

मीना शर्मा

**प्रकाशक**

निर्वाचन पर्यवेक्षण समिति नेपाल

**सम्पादन सहयोगी**

बद्री शिवाकोटी

उज्वल अधिकारी

सरिता भट्टराई

कृष्णा पाण्डे

**कभर/ले-आउटः**

राम थापा

**प्रकाशन सहयोगी**

द एशिया फाउण्डेशन

इनेब्लीङ स्टेट प्रोग्राम (ESP)

**पत्राचार**

फोनः ००९७७-१-४७८०१४४

फ्याक्सः ००९७७-१-४७८४५६८

E-mail: eocnepal123@gmail.com

**यस बुलेटिनमा प्रकाशित सामाग्रीहरू द एशिया फाउण्डेशन तथा इनेब्लीङ स्टेट प्रोग्राम (ESP) को आधिकारिक धारणा नरहेको स्पष्ट पार्दछौं । – सं**

# प्रकाशकीय

निर्वाचन पर्यवेक्षण समिति (इओक) नेपालको दोस्रो बुलेटिन प्रकाशित गरिएको छ । बुलेटिनमा संस्थाको गतिविधि, निर्वाचन अघि भएका आचारसंहिता उल्लंघनका घटनाहरु, निर्वाचनसँग सम्बन्धित समाचारहरु, निर्वाचनको सेरोफेरोमा भएका घटनाहरु तथा निर्वाचन पछि निर्वाचनसँग सम्बन्धित समाचारहरुको जानकारी समावेश गरिएको छ । इओकले मंसिर ४ मा सम्पन्न संविधानसभाको दोस्रो निर्वाचनको पर्यवेक्षण गरेको छ । ३४ जना दीर्घकालीन पर्यवेक्षक, ५०० जना अल्पकालीन पर्यवेक्षक, ५०० कै संख्यामा स्वयम् सेवकका साथै केन्द्रीय पदाधिकारीहरु बाट समेत निर्वाचनको पर्यवेक्षण गरिएको थियो ।

निर्वाचन बिथोल्ने उद्देश्यले नेकपा-माओवादी लगायत ३३ दलीय मोर्चाले आव्हान गरेको बन्द तथा आम हड्तालका समयमा अज्ञात समूहद्वारा गुडिरहेका सवारी साधनमा पेट्रोल बम प्रहार गरिँदा २ जना, झडपमा १ जना र गोलि प्रहार गरी मारिएका नेकपा एमालेका उम्मेदवार आलमसहित दोस्रो संविधानसभाको निर्वाचनका क्रममा ज्यान गुमाउनेको संख्या ४ पुगेको देखिएको छ । निर्वाचनमा सहभागी दलहरु बीच ठाउँठाउँमा झडप र कुटपिटका घटना भए । निर्वाचन बहिष्कारको आह्वान गरेको नेकपा-माओवादीका कार्यकर्ताद्वारा उम्मेदवार अपहरण गर्ने, धम्क्याउने सम्मका काम भएको पाइएको अनुगमनका क्रममा देखिएको छ । निर्वाचनको पूर्व सन्ध्यामा घटाइएका घटनाका कारण निर्वाचनकै दिन बिहानसम्म मानिसहरु त्रासमा रहे । दिउँसो घटना घट्न सक्ने भन्दै मतदाताहरु बिहानै मतदानस्थलमा पुगेको देखियो । जसका कारण दिउँसो ३ बजेसम्ममा ठूलो संख्याले मतदान गरिसकेको अनुगमनका क्रममा पाइयो ।

संविधानसभाको दोस्रो निर्वाचनबाट नेपाली कांग्रेस पहिलो पार्टी बनेको छ भने दोस्रोमा नेकपा एमाले र अघिल्लो संविधानसभामा ठूलो पार्टी बनेको एकीकृत नेकपा माओवादी तेस्रो स्थानमा पुगेको छ । एमाओवादीले मतपेटीका मतगणनास्थलमा लाने क्रममा राज्यबाटै संरचनागत धाँधली भएको भन्दै मतगणना स्थलबाटै बाहिरीयो । तर पनि मतगणना कार्य निरन्तर गरियो । एमाओवादीले संरचनागत धाँधली भएको भन्दै छानविन गर्न पार्टी भित्र छानविन कार्यदल गठन गरी प्रतिवेदनमा पनि अदृश्य धाँधली भएको निष्कर्ष निकालेको छ । छानविनका लागि प्रतिबद्धता नआएसम्म संविधानसभामै भाग नलिने जिकिर अन्त्यमा सहमतिमा टुंगीएको छ । एमाओवादीले अन्य दललाई सामेल गराइ मोर्चा नै बनाएको थियो । भय र त्रासबीच पनि निर्वाचन सम्पन्न हुन सकेकोमा खुशी भएका नेपाली जनता निर्वाचन पछि दलहरु अकर्मण्यतामा फसेको देख्दा भने दुखित बनेका छन् । प्रक्रियाबाहिर रहेका नेकपा-माओवादी लगायतका ३३ दलीय मोर्चालाई पनि समेटेर संविधान लेखन कार्य पुरा गर्नुपर्ने अहिलेको आवश्यकता बनेको छ । यसअघि भएको संविधानसभाको विघटनको कुरालाई हेक्का राख्दै जनतालाई १ वर्ष भित्रै संविधान दिने भन्दै गरिएको निर्वाचनको बाचा पुरा गर्न सत्ताको झिनाझपटीबाट होइन संविधान लेखनमा दत्तचित्त दिएर मात्र हुन सक्छ ।



# अध्यक्षको कलम

अन्ततः दोश्रो संविधानसभाको निर्वाचन मंसिर ४ गते सम्पन्न भएको छ । संविधानसभाको निर्वाचन हुने या नहुने अन्यौलका बीच केहि छिटफुट घटनाबाहेक निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण रूपमा सम्पन्न भयो । आमजनताको उत्साहजनक सहभागितामा निर्वाचन सम्पन्न भएकोमा आम मतदाता, राजनैतिक दल, निर्वाचन आयोग, नेपाल सरकार, संचार जगत, नागरिक समाज, सुरक्षा निकाय, निर्वाचनको पर्यवेक्षणमा संलग्न भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरु बधाई तथा धन्यवादका पात्र छन् । तथापि निर्वाचनमा सम्पूर्ण दल सहभागी हुन नसक्नु एवम् निर्वाचनको मिति नजिक हुँदै गरेको दिनहरूमा भएका देशभरका बन्द तथा बम विस्फोटका घटनाहरूले निर्वाचनको वातावरणलाई पूर्ण भयरहित भने बनाउन सकेन । निर्वाचन आयोगको तथ्याङ्कले निर्वाचनमा समग्र रूपमा ८० प्रतिशत भन्दा बढि मतदान भएको देखाएको छ । यो नतिजा विगतका सबै निर्वाचन भन्दा अधिक हो । यसले जनताको लोकतन्त्र र शान्ति प्रक्रियाप्रतिको प्रतिबद्धतालाई उजागर गरेको छ ।

निर्वाचन मतगणनाको प्रक्रियासँगै केहि राजनैतिक दलहरु तथा उमेद्वारहरूले निर्वाचनमा अनियमितताका सवालहरु उठाएका मात्र छैनन् परिणामत तेश्रो दलको रूपमा स्थापित एनेकपा माओवादी लगायत दलले आफूले उठान गरेका सवालहरूलाई राज्यले सम्बोधन नगर्ने हो भने संविधानसभाको प्रक्रियामा नै सहभागि नहुने अडान लिइ समानुपातिक तर्फको उमेद्वारहरूको सूचिसमेत निर्वाचन आयोगलाई बुझाइनसकेको अवस्था छ । यसै सन्दर्भमा संविधानसभा अदालतमा १७ वटा उजुरी दर्ता भईसकेको अवस्था छ ।

वास्तवमा राजनैतिक दल तथा उमेद्वारहरूले अनियमितताका यस्ता मुद्दा उठाउने अवस्थाको श्रृजना निर्वाचन आयोगले विभिन्न समयमा गरेका विवादस्पद् निर्णय र निर्देशनका कारण पनि भएको देखिन्छ । निर्वाचन आयोगले विगतका प्रचलित र स्थापित प्रक्रियालाई चटक्कै बिर्सिएर नयाँ विवादस्पद् निर्देशन गरेका कारण पनि शंका उपशंकाको स्थिति सिर्जना हुन पुगेको हो भन्ने हाम्रो ठम्याई छ । यद्दपि निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओक) ले मिति २०७० मंसिर ४ गते बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म मतदान केन्द्रहरूमा मात्र पर्यवेक्षण गरेको थियो । यसमा मतपेटीका संकलन, ढुवानी, मतगणना स्थलमा भण्डारण तथा सुरक्षा र मतगणना प्रारम्भका सम्पूर्ण नियम तथा कानूनी प्रक्रियाको पर्यवेक्षणमा यस संस्थाको संलग्नता रहेन, यो सत्य हो र सत्य के पनि हो भने अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण संस्थाहरूको समेत उक्त अवधिको पर्यवेक्षणमा सहभागिता रहेन हामीबाट भएको यस्ता कमजोरीलाई हामीले स्विकार नै पर्छ । हाम्रो भनाई के मात्र हो भने एनेकपा माओवादी लगायत दलले उठाएका मुद्दाहरूलाई राज्यले कुनै न कुनै रूपमा सम्बोधन गरेर संविधानसभा भित्र प्रवेश गराउने मार्ग प्रशस्त गर्नुपर्ने हुन्छ । यसले संविधान निर्माणको प्रक्रिया सुचारू हुनुका साथै आगामी दिनमा निर्वाचनलाई अझ स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित बनाउनुका साथै लोकतन्त्रको सुदृढिकरणमा पनि मद्दत पुग्न जान्छ ।

परिणाम जस्तो आए पनि जनताको अभिमतलाई सम्मान गर्दै सम्पूर्ण राजनैतिक दलहरु (संविधानसभा भित्र वा बाहिर रहेका) संविधान निर्माण र शान्ति प्रक्रियालाई निस्कर्षमा पुर्‍याउने कार्यमा जुटनुको विकल्प छैन । संविधानसभामा प्राप्त मत वा सिट संख्याको आधारमा संविधान निर्माणको जिम्मेवारी वा गणितीय खेलमा अल्मलिनु हुँदैन। संविधान निर्माणको जिम्मेवारी सबै दलहरु (संविधासभा भित्रका साना ठूला या संविधानसभा वाहिर रहेका साना-ठूला) को समान जिम्मेवारी रहन्छ । किनकि एक वर्षभित्र संविधान निर्माणको कार्य सम्पन्न गर्ने सबै राजनैतिक दलको प्रतिबद्धतालाई जनताले बिर्सिएका छैनन् । त्यसकारण गणितीय खेलवाट संविधानसभालाई मुक्त राख्नु सबै राजनैतिक दलको नैतिक जिम्मेवारी पनि हो ।

अत : संक्रमणकालको अन्त्य, लोकतन्त्रको संस्थागत विकास, शान्तिको वहाली, दण्डहिनताको अन्त्यसँगै विकास निर्माणको पथमा लम्कनको लागि संविधान निर्माणको प्रक्रियामा दत्तचित भएर सम्पूर्ण शक्तिलाई केन्द्रित गरौं । सम्पूर्ण राजनैतिक दलहरूँसँग यहि आव्हान गर्दछौं ।

**भूलसुधार**

यसअघि प्रकाशित बुलेटिनमा द एशिया फाउण्डेशन तथा इनेब्लीङ स्टेट प्रोग्राम (ESP) हुनु पर्नेमा अन्यथा भएकोले सच्याइएको छ । **– सं**

# विषय सूची

| विषय | | पेज |
|---|---|---|
| प्रकाशकीय | | ३ |
| अध्यक्षको कलम | | ४ |
| निर्वाचन विवाद समाधानका अन्तर्राष्ट्रिय तौरतरिका र नेपाली सन्दर्भ | श्रीकृष्ण सुवेदी | ६-१४ |
| ससंविधानसभासँग सम्बन्धित समाचारहरु | | १६-१७ |
| दोस्रो संविधानसभाको मूल्य | | १८-२१ |
| निर्वाचनका दिन भएका आचारसंहिताका केही तथ्यहरु : | | २२-२४ |
| मंसिर ४ को निर्वाचनपछिका समाचारहरु | | २५-३६ |
| संविधानसभा अदालतमा १७ उजुरी | | ३८-३९ |

## इओक गतिविधिहरू


| | |
|---|---|
| इओक क्षेत्रीय पर्यवेक्षकहरूले सिफारिस गरेका सुझावहरुः | ४०-४१ |
| का दीर्घकालिन पर्यवेक्षकले अनुगमन गरेका जिल्लाहरु | ४२ |
| मंसिर ४, २०७० मा सम्पन्न संविधानसभा-२ को पर्यवेक्षणको प्रारम्भिक प्रतिवेदन | ४३-४६ |
| पत्रकार सम्मेलन | ४७ |
| "दोस्रो संविधानसभा निर्वाचन निष्पक्षता वा संरचनागत अनियमितता" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना | ५२ |
| अनलाइन मिडियामा इओकका समाचारहरु | ५३ |



अधिवक्ता, श्रीकृष्ण सुवेदी

# निर्वाचन विवाद समाधानका अन्तर्राष्ट्रिय तौरतरिका र नेपाली सन्दर्भ

*"निर्वाचनसँग सम्बन्धित विवाद समाधान गर्न अन्तर्राष्ट्रिय सहभागिता महत्वपूर्ण रहन्छ तर यो अप्रत्यक्ष रुपमा हुनेछ । निर्वाचनसँग सम्बन्धित विवाद तथा पुनरावेदनको निपटारा गर्नका लागि सम्बन्धित देशलाई अन्तर्राष्ट्रिय समुदायले प्राविधिक लगायतका सहायता गर्दछ । अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरुले विवाद समाधानको पर्याप्त जानकारी लिन्छन् भने कुनै विशेष मुद्दाको बारेमा जिम्मा लिएर त्यसको निचोड पनि निकाल्छन् र आवश्यक सुझाव दिन्छन् । "*

निर्वाचन सम्बन्धि अधिकार मानवअधिकारको विषय हो, जसलाई मानव अधिकारका विश्वव्यापी तथा क्षेत्रीय संयन्त्रहरूले सशक्त रूपमा स्थापित गरेका छन् । यसमा मुख्यतः राजनीतिक तथा नागरिकका विचार तथा अभिव्यक्तिका स्वतन्त्रताहरु, शान्तिपूर्वक भेला हुने अधिकारहरु जस्ता विषयहरु पर्दछन् । स्वच्छ तथा स्वतन्त्र निर्वाचनले आफ्ना प्रतिनिधिमार्फत् वा स्वयम् सरकारमा प्रतिनिधित्व हुने समेतलाई जनाउँछ । अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूले यी व्यवस्थाहरूको उल्लेख गरेको छ । यस्ता सन्धि तथा संयन्त्रहरूले प्रभावकारी पुनरावेदनको माध्यमबाट निर्वाचनसँग सम्बन्धित तथा मानवअधिकारको रक्षा गरिनु पर्दछ भन्ने चर्चा गरिएको छ ।

निर्वाचनसँग सम्बन्धित विवादमा लिइने दाबी तथा पुनरावेदन प्रक्रिया प्राविधिक कानूनी नियमानुसार हुने कारणले गर्दा निर्वाचनसँग सम्बन्धित विवाद समाधानको विषय जहिले पनि कम महत्वको बन्दै आएको छ । आ–आफ्ना देशका विधि प्रक्रियाअनुसार निर्वाचन विवादको समाधान गर्ने चलन भएकोले अन्तर्राष्ट्रिय तहमा अलग्गै निर्वाचन विवाद समाधान गर्ने कुनै नमूना पाइँदैन । यो विषयमा पाइने तुलनात्मकरूपमा प्राप्त हुने विभिन्न प्रकृतिका सामाग्रीहरु हुने हुनाले प्रस्तावित व्यवस्थाहरु र अनुकरणीय अभ्यास पनि केही हदसम्म सामान्य नै देखिन्छन् ।

निर्वाचन विवादका पुनरावेदनलाई समाधान गर्न प्रभावकारी संयन्त्रको विकास गर्न नसक्नु सम्पूर्ण निर्वाचन प्रक्रियाको वैधानिकता स्थापित गर्न नसक्नु हो । त्यसका अलावा अर्कोतिर प्रभावकारी तबरले विवादको समाधान गर्न विषयवस्तुको अपर्याप्तता, अस्पष्टता, एकरूपताको कमि, दोहोरिनु, नियम तथा कार्यविधिगत जटिलता, निर्वाचन तथा न्यायिक संस्थाहरु कमजोर तथा जति हुनुपर्ने हो त्यति स्वतन्त्र नहुनु, तालिम तथा प्रशिक्षणको अभाव, राजनीतिक हस्तक्षेप लगायतका अन्य कयौं विषयहरूले धेरै समस्याहरु उत्पन्न गराइरहेका हुन्छन् ।

निर्वाचनसँग सम्बन्धित विवाद

समाधान गर्न अन्तर्राष्ट्रिय सहभागिता महत्वपूर्ण रहन्छ तर यो अप्रत्यक्ष रूपमा हुनेछ । निर्वाचनसँग सम्बन्धित विवाद तथा पुनरावेदनको निपटारा गर्नका लागि सम्बन्धित देशलाई अन्तर्राष्ट्रिय समुदायले प्राविधिक लगायतका सहायता गर्दछ । अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरूले विवाद समाधानको पर्याप्त जानकारी लिन्छन् भने कुनै विशेष मुद्दाको बारेमा जिम्मा लिएर त्यसको निचोड पनि निकाल्छन् र आवश्यक सुझाव दिन्छन् । कतिपय अवस्थामा निर्वाचनसँग सम्बन्धित गम्भीर विषयहरु देखापरेको अवस्थामा अन्तर्राष्ट्रिय संघसंस्था तथा अन्य संघसंस्थाहरूले सत्यतथ्य पत्ता लगाउने, मेलमिलाप तथा पुनर्मिलन गराउने महत्वपूर्ण कार्यहरूको अलावा विवाद समाधानको अनुगमन तथा विवाद समाधान गर्नका लागि र भविष्यमा अन्तर्राष्ट्रिय तहमा चालिनु पर्ने आवश्यक कदमका सम्बन्धमा पनि सुझाव प्रस्तुत गर्दछन् ।

प्राविधिक सहायताका सम्बन्धमा कार्टर सेन्टरले हालसालै 'लोकतान्त्रिक चुनावको स्तर' नामक परियोजनामा अन्य निर्वाचन पर्यवेक्षक संघसंस्थाहरूसँग काम गर्न लागेको छ । जसमा अन्तर्राष्ट्रिय कानूनअन्तर्गत लोकतान्त्रिक निर्वाचनको लागि विशेष बृहत् दायित्वहरूको पहिचान गर्नु मुख्य कार्य रहेको छ । यसका अलावा कार्टर सेन्टरले निर्वाचनको विवाद समाधान गर्ने लगायतका क्षेत्रमा पनि कार्य गरिरहेको छ ।

कार्टर सेन्टरले निर्वाचन विवाद समाधानको परियोजना पनि शुरु गरेको छ । यस्ता विवादहरूको समाधान गर्नका लागि सूचनाको संकलन, मुख्य विवादका विषयहरूको पहिचान गर्न र निर्वाचन विवादसँग गाँसिएर आएको विवादहरूमा सही तरिकाले सम्बोधन गर्ने विषयमा कार्टर सेन्टरले आफ्नो परियोजनालाई केन्द्रित बनाएको छ ।

वर्तमान प्रतिवेदन पृष्ठभूमिमा आधारित छ । यसले सम्बन्धित अन्तर्राष्ट्रिय कानून, तिनका स्तर तथा अभ्यासहरूको विश्लेषण तथा कसरी निर्वाचन विवादहरूको उठान हुनेछन् र निर्वाचनको समयमा यस्ता विवादहरूलाई कसरी व्यवस्थापन गर्ने तथा निवेदकहरूलाई कसरी त्यसको जानकारी गराउने र आवश्यक प्रमाण, कागजात तथा सामाग्रीको संकलन गर्ने जस्ता कार्यमा केन्द्रित भएको देखिन्छ ।

### द्वन्द्व समाधानमा कार्टर सेन्टरको कार्य

विश्वमा युद्धले मानवअधिकारको चरम उल्लङ्घन निम्त्याउनुका साथै मानव विकासमा संसारभर देखिएका लडाईं नै बाधक भएका छन् । शितयुद्धपछि धर्म, राष्ट्रियता, जातीयता, प्राकृतिक स्रोत र साधनमा पहुँच लगायतका अनगिन्ति विषयमा ५० भन्दा बढी ठूला-ठूला सशस्त्र सङ्घर्षहरु भइसकेका छन् । द्वन्द्व समाधानका कार्यक्रमहरूले यस्ता द्वन्द्वहरूको समाधान गर्ने कार्य गर्नुका साथै दिगो शान्तिको निर्माण गर्दछ ।

आधिकारिक कुटनीतिक शुरु नभईन्जेलसम्म कार्टर सेन्टर शान्ति, वार्ता र छलफलका लागि भरपर्दो वैकल्पिक माध्यम भएको छ । आफूलाई गैर-राजनीतिक तथा गैर-सरकारी संस्थाकोरूपमा प्रस्तुत गरी मध्यस्थ, वार्ता तथा शान्ति निर्माण प्रक्रियामा विशेषज्ञता हासिल गरी संसारका नेतृत्वहरूसँगको पहुँच र अनुभवका आधारमा जब परम्परागत विवाद निर्माण गर्ने संयन्त्र असफल हुनेछ तब आधिकारिक कुटनीति र अनौपचारिक तल्लोतहका शान्ति प्रक्रियाहरूको बीचमा देखिएको खाली ठाउँ भर्ने काम यसले गर्दछ ।

### पर्यवेक्षण तथा विवादको मध्यस्थ

कार्यक्रमसँग सम्बन्धित कर्मचारीहरु तथा इन्टर्नहरूले विश्वका धेरै जसो सशस्त्र द्वन्द्वहरूको ऐतिहासिक अवस्था, द्वन्द्वका कारणहरु, संलग्न पात्रहरु, विवादका विषयहरु र यस्ता द्वन्द्व समाधान गर्न चालिएका कदमहरूका सम्बन्धमा दैनिक पर्यवेक्षण गरिरहेका हुन्छन् । यस्तो अवस्थामा मस्यस्थताका लागि कुनै प्रभावकारी तथा महत्वपूर्ण कार्य नभएको पाएमा कार्टर सेन्टरले हस्तक्षेप गर्ने गर्दछ । मध्यस्थ गर्नका लागि सेन्टरले सबै मुख्य सरोकारवालाहरूलाई एक ठाउँमा ल्याउने कोशिस गर्दछ र यिनीहरु साँच्चिकै विवाद समाधान गर्न इच्छुक भए नभएको प्रमाण संलकन गर्दछ । विवाद समाधान कार्यक्रमका कर्मचारीहरूले तल्लो तहमा सम्पर्क निर्माण गर्दछन् र सेन्टरको अध्यक्षले उक्त क्षेत्रको भ्रमण गरी सम्बन्धित महत्वपूर्ण नेताहरूलाई भेटघाट गर्ने तथा सम्पर्कमा रहने गर्दछन् ।

## शान्ति सम्झौताको कार्यान्वयन तथा शान्ति स्थापना

युद्ध रोकिनु वा युद्ध विश्राम हुनु भनेको द्वन्द्व संधैका लागि समाधान गर्नु भनेको होइन । शान्ति सम्झौता निर्माण गरिने पूर्व तयारीका प्रक्रियाहरूले लामो समयका लागि निरन्तर रहने शान्ति प्रक्रिया र द्वन्द्व पछिको समयमा मेलमिलाप गराउने वातावरण तयार गर्दछ । शान्ति सम्झौताका सबै पक्षहरु असल नियतका साथ कार्यान्वयन भएनन् भने शान्ति सम्झौता द्वन्द्वको मुख्य जरो जस्ताको तस्तै रहन्छ र द्वन्द्व समाधान हुन कठिन हुन्छ भने विगतका लडाकुहरूलाई धैर्य तथा सहकार्यका लागि समाजमा स्थापना गर्न पनि अपरिहार्य हुन्छ । जातजातिसँग भएका विषयहरूको पहिचान गर्न, समान समाजिक लक्षका लागि सहकार्यका आधारहरूको पहिचान तथा निर्माण, कानूनको शासनको बढावा र पीडितलाई न्याय दिनका लागि आवश्यक कदम चाल्न सकिन्छ ।

### द्वन्द्वको रोकथाम

सशस्त्र द्वन्द्वको रोकथामको लागि प्रत्यक्ष वार्ता कार्यक्रमको मुख्य केन्द्रविन्दु भएकोले अन्य द्वन्द्वको रोकथामका लागि पनि कार्यक्रमलाई जोड दिन सकिन्छ । साना तिना धेरै खालका द्वन्द्व तथा विवादले राजनीतिक र सामाजिक अस्थिरताहरु निम्त्याइरहेका हुन्छन् । यस्तो अवस्थामा कतिपय विवादमा संलग्न पक्षहरूले विवाद समाधान गर्नका लागि सहजीकरण गरिदिन सेन्टरलाई अनुरोध पनि गर्ने गर्दछन् ।

*निर्वाचनसँग सम्बन्धित विवाद तथा उजुरी र पुनरावेदनहरु समाधान गर्ने क्रममा पटक-पटक जटिल प्रशासनिक, कानूनी, प्रक्रियागत तथा अन्य किसिमका तत्वहरुले व्यवधान पुर्‍याईरहेका हुन्छन् । प्रशासनिक तथा कानूनी समस्याहरुको सम्बोधन गर्न नसक्नु निर्वाचनसँग सम्बन्धित कतिपय सारभूत पुनरावेदनहरु इन्कारी भइरहेका हुन्छन् । विशेषगरी यस्तो अवस्था त्यतिवेला उत्पन्न हुनेछ जब निर्वाचनसँग अन्य संस्थाहरु सरकार तथा राजनीतिक पार्टीहरुको प्रत्यक्ष प्रभावमा परेका हुन्छन्।*

### निर्वाचनसाग सम्बन्धित विवादको समाधान

निर्वाचनको विषयहरु नागरिक तथा राजनीतिक अधिकारका महत्वपूर्ण विषय भएकोले मानव अधिकार हरूका मूलभूत विषयभित्र निर्वाचनसँग जोडिएका अधिकारहरूलाई प्रभावकारीरूपमा संरक्षण गरिनु पर्दछ । पछिल्लो समयमा विवादको प्रभावकारी समाधान हुनु प्रभावकारी र स्वीकार्य निर्वाचनको आधार भएको तथ्य सबैले स्वीकार गरेको विषय हो ।

निर्वाचनसँग सम्बन्धित विवाद तथा उजुरी र पुनरावेदनहरु समाधान गर्ने क्रममा पटक-पटक जटिल प्रशासनिक, कानूनी, प्रक्रियागत तथा अन्य किसिमका तत्वहरूले व्यवधान पुर्‍याईरहेका हुन्छन् । प्रशासनिक तथा कानूनी समस्याहरूको सम्बोधन गर्न नसक्नु निर्वाचनसँग सम्बन्धित कतिपय सारभूत पुनरावेदनहरु इन्कारी भइरहेका हुन्छन् । विशेषगरी यस्तो अवस्था त्यतिवेला उत्पन्न हुनेछ जब निर्वाचनसँग अन्य संस्थाहरु सरकार तथा राजनीतिक पार्टीहरूको प्रत्यक्ष प्रभावमा परेका हुन्छन् ।

निर्वाचनसम्बन्धी विवादको समाधान गर्ने कार्टर सेन्टरको पहिलो चरणको परियोजनाको मुख्य अभिप्राय चुनावका सरोकारवाला, प्रशासक, संसद्, राजनीतिक प्रतिनिधि, नागरिक समाज तथा अन्य पर्यवेक्षकहरूलाई निर्वाचन विवाद समाधान निर्देशिका तयार गर्ने तर्फ लक्षित रहेको छ । यो निर्देशिकाले निर्वाचनसँग जोडिएका विषयहरु मानव अधिकारका विषयवस्तु भएकोले यसमा उत्पन्न विवाद र विवादमाथिको उजुरी तथा पुनरावेदनलाई मानव अधिकारको विषय मानेर समाधान गर्नु पर्दछ । साथै यसले निर्वाचनको विवाद समाधान गर्ने क्रममा कुनै समस्या (कानूनी, प्रशासनिक, कार्यविधिगत तथा राजनीतिक लगायतका) छ भने त्यसको पहिचान पनि गर्नेछ । यो निर्देशिकामा निर्वाचनसम्बन्धी अन्य आवश्यक विषयवस्तुको चर्चा गरिनेछ ।

यो निर्देशिकाले निर्वाचनसम्बन्धमा हुने उजुरी तथा पुनरावेदनको माध्यमबाट निर्वाचनसम्बन्धी अधिकारको संरक्षणका लागि सहयोग हुने मुख्य-मुख्य विश्वव्यापी तथा क्षेत्रीय दस्तावेजहरूलाई पनि अनुसूचिमा उल्लेख गरेको छ । दोस्रो चरणका रूपमा (यो यसमा संलग्न छैन) यो निर्देशिकाले क्षेत्रीय तहका विशेष अध्ययन अनुसन्धानहरु जस्तो अफ्रिका र मध्यपूर्व लगायतका अनुभवलाई पनि समेट्न सक्नेछ ।

सेन्टरले यो आशा गरेको छ कि निर्वाचन सरोकारवालाहरूको लागि तयार हुने म्यानुअल निर्देशिकमा संलग्न सामाग्रीहरु अफ्रिकी यूनियनको प्राविधिक सहयोगमा समेत सेन्टरको अफ्रिकामा भइरहेको कार्यक्रमबाट उल्लेख गरिएको छ । मूलतः यसमा उल्लेख गरेका विषयवस्तुले अफ्रिका तथा मध्यपूर्वमा हुने निर्वाचनमा संलग्न हुनेहरु तथा पर्यवेक्षकहरूलाई सहयोग गर्नेछ ।

निर्वाचनको अधिकार मानव अधिकार निर्वाचनसँग सम्बन्धित विवादहरु त्यसमा पनि विशेषगरि निर्वाचन पछि दर्ता गरिने पुनरावेदनले निर्वाचनको अत्यन्त संवेदनशील परिस्थिति निम्त्याउन सक्दछ । तर यस्तो अवस्थालाई उतिसारो जानकारीमा पनि लिइन्न र वास्ता पनि गरिन्न । अझै पनि निर्वाचनको सम्पूर्ण पक्षको महत्व निर्वाचनमा देखा परेका विवादको खुल्ला र प्रभावकारी समाधानले देखाउँछ । यस्तो समाधान गरिरहँदा जनतालाई सन्देह हुने तबरमा वा सरकारको दबावमा वा राजनीतिक प्रभावमा भएको हुनु हुँदैन ।

परिचयात्मक परिच्छेदले निर्वाचन प्रक्रियामा विवाद समाधानको महत्वका सम्बन्धमा चर्चा गर्नेछ भने निर्वाचनमा संरक्षण गरिनु पर्ने सम्पूर्ण अधिकारको संरक्षणका लागि चाहिने कानूनी तथा प्रशासनिक संयन्त्रहरूको विवरणको पनि यसले चर्चा गर्नेछ । यसमा उल्लेख गरिएको विषयवस्तुले अन्तर्राष्ट्रिय तथा क्षेत्रीयतहमा भएका लगायत प्राथमिकरूपमा कानुनी तथा अन्य स्रोतहरूको अनुसूचिमा सूचिबद्ध गर्न सहयोग गर्दछ ।

## उजुरी र पुनरावेदन

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धले मानव अधिकारको उल्लङ्घनमा प्रभावकारी उपचारको व्यवस्था गरिनु पर्ने व्यवस्था गरेको छ । तसर्थ राज्यले निर्वाचनको सम्बन्धमा पनि उजुरी तथा पुनरावेदनकोमार्फत् प्रभावकारी उपचारको व्यवस्था गर्नु पर्दछ । धारा २-३ अन्तर्गत अभिसन्धिका सबै राज्य पक्षले:

- सरकारी हैसियतमा कार्य गर्नेहरूबाटै उल्लङ्घन भएको भए पनि स्वीकार गरिएको आफ्ना अधिकार तथा स्वतन्त्रताहरु उल्लङ्घन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने ।
- त्यस्तो उपचार दाबी गर्ने कुनै व्यक्तिको आफ्नो अधिकार सक्षम न्यायिक प्रशासनिक वा व्यवस्थापकीय अधिकारीहरु वा राष्ट्रका कानूनी प्रणालीबाट व्यवस्था गरिएको अन्य कुनै सक्षम अधिकारीहरूद्वारा निर्धारित गरि पाउने कुरा सुनिश्चित गर्ने तथा न्यायिक उपचारका सम्भावनाहरु विकसित गर्ने ।
- त्यस्ता उपचारहरु प्रदान गरिएमा सक्षम अधिकारहरूले ती उपचारहरु लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घनमा प्रदान गरिने प्रभावकारी उपचारका संयन्त्रहरु निर्वाचनसँग जोडिने अधिकारीहरूसँग पनि लागू हुनेछन् । निर्वाचनको अभ्यास फरक-फरक हुने र संसारमा विभिन्न तरिकामा सम्पन्न गरिने हुनाले सर्वसम्मति हुने खालका विषयवस्तु नभएपनि निर्वाचन प्रक्रियामा मौलिक अधिकारको हनन भएको छ कि छैन भन्ने चाही खासै असजिलो हुँदैन ।

## मानव अधिकारसम्बन्धी यूरोपियन अदालत

अभिसन्धिले एक राज्यपक्षले अर्को राज्य पक्षका विरूद्ध तथा व्यक्तिले राज्यका विरूद्ध दिइने उजुरीका सुनुवाई गर्न मानव अधिकारसम्बन्धी यूरोपियन अदालतको स्थापना गरेको छ । उक्त अदालतले यूनियनका सदस्यरूको काउन्सिल अफ मिनिस्टरले सल्लाह तथा सुझाव मागेको खण्डमा पनि दिन सक्ने क्षेत्राधिकार छ ।

मानव अधिकारसम्बन्धी यूरोपियन अदालतले निर्वाचनसँग सम्बन्धित धेरै संस्थाहरूको फैसला गरेको

छ । यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध अन्तर्गतको समितिमा व्यक्तिगत उजुरीहरु दर्ता गर्दा मानव अधिकारको यूरोपियन अनुबन्धले पनि स्थानीय उपचारको समाप्ति हुनुपर्ने व्यवस्था गरेको छ । यसो भएको अवस्थामा मात्र पुनरावेदनका लागि स्वच्छता र पर्याप्तताको अवस्था सिर्जना हुन सक्दछ । निम्न उल्लेखित संस्थाहरूले केही हदसम्म भएपनि निर्वाचन प्रक्रियामा राष्ट्रिय पुनरावलोकनको पर्याप्तताको बारेमा चर्चा गरेका छन् ।

**जर्जिया लेवर पार्टी वि. जर्जिया** (२००८) : यो संस्था २००३ देखि २००४ मा भएको संसदीय निर्वाचनसँग जोडिएको छ । एक राजनीतिक दल र मतदाताहरूसँग स्वतन्त्र निर्वाचनको अधिकार कार्यान्वयन योग्य हुनेछ भन्ने विषय यस संस्थामा जोड दिएको पाइन्छ । निर्वाचन आयोग पर्याप्त मात्रामा स्वतन्त्र नहुन पनि सक्दछ तर निर्वाचनमा उम्मेद्वार छनौट गर्दा वा मनोनयन गर्दा दुरुपयोग भएको भन्ने अवस्था देखिँदैन । केन्द्रीय निर्वाचन आयोगको दुई जिल्लामा भएको निर्वाचनलाई वदर गर्ने गरेको निर्णय अपारदर्शी तथा आधारहिन देखिन्छ । यसले दलको निर्वाचनमा भाग लिने तथा मतदाताहरूको मतदान गर्ने अधिकारको उल्लङ्घन भएको देखिन्छ ।

*नागरिक तथा राजनीतिक अधिकारको उल्लङ्घनमा प्रदान गरिने प्रभावकारी उपचारका संयन्त्रहरु निर्वाचनसँग जोडिने अधिकारीहरूसँग पनि लागू हुनेछन् । निर्वाचनको अभ्यास फरक-फरक हुने र संसारमा विभिन्न तरिकामा सम्पन्न गरिने हुनाले सर्वसम्मति हुने खालका विषयवस्तु नभएपनि निर्वाचन प्रक्रियामा मौलिक अधिकारको हनन भएको छ कि छैन भन्ने चाही खासै असजिलो हुँदैन ।*

**रसियन कन्जरभेटिभ पार्टी अफ इन्टरप्रेनुअरस एण्ड अदर वि. रसिया** (२००७) : निर्वाचनमा मनोनयन भएका केही व्यक्तिहरूको झुठा सूचनामा आधारित भएर उम्मेद्वारको सूची दर्ता गर्न इन्कारी गर्नु र उनीहरूलाई स्वेच्छिकरूपमा फिर्ता लिन लगाउनु, तल्लो अदालतको खिलाफमा माथिल्लो अदालतले पुनर्स्थापना गर्न दिएको आदेश, कानुनी आधारभन्दा पर गएर पार्टी विरुद्ध गरिएको कारवाही हो ।

**हिष्ट वि.संयुक्त अधिराज्य** (२००५): आरोपीमाथि सामान्यरूपमा स्वतः तथा जथाभाविरूपले मतदानको अधिकारबाट बञ्चित गरिनु, ठूलो सजाय सुनाउनु जस्ता कार्यहरु अनुचित र अधिकारको उल्लङ्घन हो ।

**जोनोका वि. लाभिया** (२००४): राजनीतिक सङ्क्रमण भएको अवस्थामा पूर्व कम्यूनिष्ट पार्टीका क्रियाकलापमा संलग्न भएको भनेर उम्मेद्वारी दिनबाट संधैलाई प्रतिबन्ध लगाउनु उचित होइन ।

- अमेरिकि देशहरूको संगठन ।
- अन्तरअमेरिकी सन्धि व्यवस्था ।

माथि उल्लेख गरिएको यूरोपियन मानव अधिकारको व्यवस्था जस्तै सन् १९७८ मा स्थापना भएको अन्तरअमेरिकी सन्धिले पनि मानव अधिकारको सुरक्षामा संस्थागत संरचनाको निर्माण गरेको छ । धारा २३ मा स्वतन्त्र विचार र अन्तस्करण तथा भेला हुन पाउने लगायतका राजनीतिक अधिकार हरूलाई सरकारमा सहभागी हुन पाउने अधिकारको रूपमा संरक्षण गरिएको छ (धारा २३)

१. प्रत्येक नागरिकले निम्न उल्लेखित अधिकार र अवसरहरु प्राप्त गर्न सक्नेछन् :

- प्रत्यक्ष र स्वतन्त्रपूर्वक चुनिएका प्रतिनिधिमार्फत् राज्यको संरचनामा भाग लिन पाउने ।
- आवश्यक आवधिक निर्वाचनमा मतदान गर्ने र निर्वाचित हुने, जुन अभ्यास विश्वव्यापि रूपमा नै गोप्य मतदान र स्वतन्त्र मतदानमार्फत् गर्ने गरिन्छ ।
- समानताको मान्यता भित्र रहेर राज्यको सार्वजनिक सेवामा पहुँच ।

२. कानूननले उल्लेखित अनुच्छेदहरूमा व्यवस्था गरिएको अधिकार तथा अवसरहरूको व्यवस्था वा नियमन केवल उमेर, राष्ट्रियता, बसोवास,

भाषा, शिक्षा, नागरिक तथा मानसिक क्षमता वा फौजदारी प्रक्रिया अन्तर्गत सक्षम अदालतमार्फत् मात्र अभ्यास गर्न सक्नेछ ।

यसका अलावा मानव अधिकारसम्बन्धी अमेरिकन सन्धिको धारा २५ ले राजनीतिक अधिकार तथा यो सन्धिले व्यवस्था गरेको अधिकारहरूको उल्लङ्घन भएको खण्डमा न्यायिक संरक्षणको व्यवस्था हुनुपर्दछ भन्ने व्यवस्था पनि गरेको छ ।

**न्यायिक संरक्षणको अधिकार**

प्रत्येक व्यक्तिसँग आफ्नो देशको संविधान, कानून तथा यो सन्धिले व्यवस्था गरेका मौलिक हकहरूको उल्लङ्घन भएको अवस्थामा र यस्तो उल्लङ्घन सरकारी हैसियतमा कार्य गर्नेहरूबाटै उल्लङ्घन भएको भए पनि सामान्य र प्रभावकारी अदालत या न्यायिक निकायबाट संरक्षणको अधिकार हुनेछ ।

**अन्तरअमेरिकी मानव अधिकार आयोग**

सदस्य राष्ट्रका कानूनी हैसियत प्राप्त नीजि संघ-संस्थाहरूले राज्यपक्षले अधिकारको उल्लङ्घन गरेको अवस्थामा आयोगसमक्ष उजुरी दिन सक्नेछन् र यसरी उजुरी परेपछि सदस्य राष्ट्रले आयोगको अनुसन्धान र जानकारी गराउने प्रक्रिया अवलम्बन गरेर यस्ता उजुरीहरूलाई अदालतमा प्रस्तुत गर्नुपर्नेछ । यस्ता उजुरीहरु आयोगले त्यतिवेला मात्र स्वीकार गर्दछ जतिवेला उजुरी गर्ने तथा विपक्षी राज्यले प्रस्तुत उजुरी गरिएको छ भन्ने विषयमा स्वीकार गरेर घोषणा गर्दछन् ।

जब आयोगले निर्वाचन क्षेत्रसँग सम्बन्धित संस्था स्वीकार गर्दछ, परम्परागत सार्वभौमसत्ताको मान्यताको खिलाफ हुने कुरा बाहेक आदलतले आफूलाई सक्षम भएको घोषणा नगुरून्जेल विवादित नै बन्यो । खास गरी यस्तो अवस्था मेक्सिको सरकारका विरूद्धमा लगातार उजुरी परेपछि भएको थियो । आयोगले निर्णय गरेका निर्वाचनसँग सम्बन्धित संस्थाको विवरण तल उल्लेख गरिएको छ :-

**वाल्टर हम्वर्टो भास्केज वि. पेरू** (२०००) : भ्रष्टाचारको राष्ट्रिय सङ्कटकालको समयमा न्यायाधीश तथा मजिष्ट्रेटलाई हटाइनु मानव अधिकारको अमेरिकी अदालतको धारा २३ अन्तर्रगत राजनीतिक अधिकार, धारा २४ अन्तर्गत समानताको अधिकार र धारा २५ अन्तर्गत न्यायिक संरक्षणको अधिकार लगायत धेरै धाराहरु उल्लङ्घन भएको छ ।

**एलड्रियस एस्लविन एजोकारसमेत वि. चिली :** सिनेटर फर लाइफको पदको स्थापना सार्वभौमसत्ता तथा एसिएचको धारा २३ र २४ को उल्लङ्घन भएको छ । (माथि हेर्नुहोस्)

**ल्केमेन्टे आएलब टोरेससमेत वि. मेस्सिको** (१९९९): राज्यले निर्वाचनको समयमा राजनीतिक दलका सदस्यहरूको अपहरण तथा हत्या र सरकारले त्यसप्रति उचित ध्यान नदिनु न्यायको ग्यारेन्टी र न्यायिक संरक्षणको उल्लङ्घन हुनेछ ।

**अन्तरअमेरिकी मानव अधिकार अदालत**

ओएएस सदस्य राष्ट्रहरूले पनि कुनै सम्झौता विना नै ओइएसआरको बाध्यात्मक क्षेत्राधिकार स्वीकार गर्नका लागि ऐच्छिक घोषणा गर्न सक्नेछन् । तर यस्तोमा उनीहरूको निश्चित सीमामा रहुन पर्ने वा पारस्परिक दायित्व हुन्छ । अदालतलाई प्रदान गरिएको उपचारहरु घोषणा गरिनुपर्ने नै हुनेछन् तर अदालतले अपूरणीय क्षतिको विषय भएको अवस्थामा प्रकृति हेरेर प्रारम्भिक क्षतिपूर्तिको आदेश पनि जारी गर्न सक्नेछ ।

निम्न उल्लेखित केही फैसलाहरूलाई यस सम्बन्धमा हेर्न सकिन्छ । यी आदेशहरूले के स्पष्ट पार्छ भने यसले मानव अधिकार तथा निर्वाचनसँग सम्बन्धित अधिकारको संरक्षण गर्नेछ ।

**कास्टानेडा गुटमान वि. मेक्सिको** (२००८) :

राजनीतिक दलहरूले निर्वाचनको उम्मेद्वारहरूको छनैाट वा मनोनयन समावेशी ढङ्गमा गरेको अवस्थामा बाहेक निर्वाचनको लागि उम्मेद्वारी दिन इन्कार गर्न चुनावमा उम्मेद्वार बन्न पाउने अधिकारको उल्लङ्घन होइन ।

**यातामा वि. निकारागुवा** (२००५):

आदिवासी राजनीतिक दलको तर्फबाट उम्मेद्वारी मनोनयन गर्न खोज्दा इन्कार गरिनु भेदभावजन्य कार्य हो र यसले कानूनको उचित प्रक्रियाको उल्लङ्घन गर्दछ ।

**रिकार्डा क्यानिज वि. पाराग्वे (२००४):**

चुनावभन्दा अधिको चुनावी अभियानमा राज्यले स्वतन्त्रतापूर्वक बोल्न पाउने अधिकारको संरक्षण प्रदान गर्नुपर्दछ ।

## अन्तरअमेरिकी लोकतान्त्रिक चार्टर

सन् २००१ मा अमेरिकी राज्यहरूको संगठनले अन्तरअमेरिकी बडापत्र जारी गरे जसले अमेरिकामा विकास र कानूनको शासनको निमित्त लोकतन्त्रको आधारशीला हुने बारेमा जोड दिएको छ । यो बडापत्रले स्वतन्त्र र स्वच्छ निर्वाचनको एक्लो भूमिका र लोकतान्त्रिक शासन पद्धतिको विकास सुनिश्चितता र मानव अधिकारको सम्मानका निमित प्रनिनिधिमूलक लोकतन्त्रका अन्य आधारभूत तत्वहरूका बारेमा चर्चा गरेको छ (धारा ३)

## अफ्रिका

क्षेत्रीय सन्धिको निर्माण र सोही अनुसारको संस्थागत संरचनाको निर्माण गरेर अफ्रिकी मुलुकहरूले अन्य देशमा भएजस्तो क्षेत्रीय संरचनाको निर्माण गरेका छन् । अफ्रिकी सरकारहरूले यसलाई औपनिवेशवादको निरन्तरता भन्ने गरेको भएपनि राष्ट्रिय सार्वभौमसत्ताको विषयमा धेरै संवेदनशील देखिन्छन् । सामान्यत् अर्काको आन्तरिक मामिलामा हस्तक्षेप गर्न उत्तिसारो उत्सुक देखिँदैनन् । परिणामस्वरूप अफ्रिकी क्षेत्रमा मानव अधिकारको बहाली वा संरक्षण, सुरक्षामा समन्वय तथा सहभागिता जस्ता विषय अनौठा देखिन्छन् ।

## अफ्रिकी यूनियन

## बेन्जुल चार्टर

सन् १९८२ मा अफ्रिकी एकता संगठनका सदस्यहरूले मानव अधिकारको अफ्रिकी बडापत्रको घोषणा गरे जसलाई बेन्जुल चार्टर पनि भनिन्छ । यो बडापत्र केही समयपछि कार्यान्वयनमा आयो । विवेक तथा अन्तस्करणको स्वतन्त्रता (धारा ८), सूचनाको अधिकार (धारा ९), कानुनबमोजिम संगठित हुने अधिकार (धारा १०) र भेला हुने अधिकार (धारा १०) लगायत यो सन्धिले धेरै प्रकारका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अधिकारलाई उल्लेख गरेको छ । सरकारी संयन्त्रमा सहभागी हुन पाउने अधिकार (धारा १३) लाई अन्य क्षेत्रमा भएका संयन्त्रको जस्तै शब्दावली प्रयोग गरेको देखिन्छ ।

वेन्जुल चार्टरले व्यक्तिगत अधिकारहरूको न्यायिक संरक्षणका सम्बन्धमा यस्तो व्यवस्था गरेको छ (धारा ७.१) प्रत्येक व्यक्तिलाई उसको गुनासो सुनिने हक हुने छ । यस अन्तर्गत (क) अनुवन्धहरु, कानुन, तथा नियमहरु र प्रचलनमा रहेका प्रथा परम्पराले ग्यारेन्टी गरेको मौलिक अधिकार हनन भएको अवस्थामा सक्षम राष्ट्रिय निकायमा पुनरावेदन गर्ने अधिकार संरक्षण गरिएको छ ...र राज्यपक्षहरु मानव अधिकारको संरक्षण गर्नका लागि तटस्थ र स्वतन्त्र न्यायालय तथा अन्य निकायको स्थापना गर्न बाध्य हुनेछन् (धारा २६)

बडापत्रका सदस्य राष्ट्रहरूले स्वतनत्र न्यायालयको ग्यारेन्टी गर्नु उनीहरूको दायित्व हुनेछ र राज्यपक्षहरूले बडापत्रमा उल्लेख गरेजस्तो अधिकार र स्वतन्त्रताको ग्यारेन्टीका लागि राज्य तहमा उचित संयन्त्रको निर्माण गर्न अनुमति प्रदान गर्नेछन् ।

## नेपालको सन्दर्भ : संविधानसभा अदालत

नेपालको अन्तरिम संविधान २०६३ को धारा ११८ तथा संविधानसभा अदालत ऐन, २०६४ को दफा ३ बमोजिम संविधानसभा अदालतको गठन, अधिकार र कार्यविधिका लागि छुट्टै ऐनको निर्माण गरिएको थियो । जस अन्तर्गत संविधानसभाको निर्वाचन २०६४ पछि यसले संविधानसभा सदस्यको अयोग्यता, निर्वाचन बदर, निर्वाचन कसुरको मुद्दा किनारा गर्न तत्कालीन सर्वोच्चका न्यायाधीश अनुपराज शर्माको संयोजकत्वमा संविधानसभा अदालत गठन गरेको थियो । संविधानसभा अदालतले निर्वाचन अदालतकोसमेत काम गरेको थियो । संविधानसभा अदालतमा जम्मा १७ वटा मुद्दा परेका थिए । हाल सबै मुद्दाको किनारा लागेको छ ।

संविधानसभाका सदस्यका निर्वाचनसम्बन्धी उजुरीका कारवाही र किनारा गर्नका लागि संविधानसभा अदालतको गठन, अधिकार र कार्यविधिका सम्बन्धमा कानूनी व्यवस्था गर्नुपर्ने भएकोले, व्यवस्थापिका संसद्ले यो ऐन बनाएको थियो ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ११८ तथा संविधानसभा अदालत ऐन, २०६४ को दफा ३ बमोजिम संविधानसभाको निर्वाचन २०७० पछि मिति

२०७० मंसिर १० गते सर्वोच्च अदालतका वरिष्ठ न्यायाधिस कल्याण श्रेष्ठको अध्यक्षतामा न्यायाधिस श्री शुशिला कार्की र न्यायधिस गिरिशचन्द्र लाल समेतको ३ सदस्सीय संविधानसभा अदालत गठन भई संविधानसभा अदालत ऐन २०६४ को दफा ११ बमोजिम कायममुकाय प्रधानन्यायधिस श्री रामकुमारप्रसाद साह समक्ष पद तथा गोपनियता सपथ ग्रहण गरी सोहि मितिदेखि कार्यभार समालेको थियो ।

**अदालतको अधिकारक्षेत्र र प्रयोग :**

अघिल्लो निर्वाचनका बखत संविधानसभाका सदस्यका निर्वाचनसम्बन्धी उजुरीका कारवाही र किनारा अदालतबाट गरिएको थियो । सर्वसाधारणमा प्रतिकूल असर नपर्ने गरी अदालतले यस ऐन बमोजिम मुद्दाका कारवाही र किनारा गर्दा देहायका विषयमा समेत कारवाही र किनारा गरिएको थियो । यस पटकपनि सोहि अनुसारको अधिकार क्षेत्रको प्रयोग गर्नेछ । जस अनुसार,

(क) संविधानसभाका सदस्यको अयोग्यता ।

(ख) संविधानसभा सदस्यसम्बन्धी निर्वाचन बदर ।

(ग) संविधानसभा सदस्य निर्वाचनसम्बन्धी कसूर ।

अदालतको अधिकारक्षेत्रको प्रयोग तीनजना सदस्यले सामूहिक रूपमा गर्ने । तर एकजना सदस्य उपस्थित भएको इजलासले मुद्दाका कारवाही र दुईजना सदस्य उपस्थित भएका इजलासले मुद्दाका कारवाही र किनारा दुवै गर्न सक्ने व्यवस्था छ। तीनजना सदस्य उपस्थित भएका इजलासमा तीनजना सदस्यका एकमत वा दुईजना सदस्यका बहुमत कायम भए त्यस्तो मत अदालतको निर्णय मानिनेछ ।

*एकजना सदस्य उपस्थित भएको इजलासले मुद्दाका कारवाही र दुईजना सदस्य उपस्थित भएका इजलासले मुद्दाका कारवाही र किनारा दुवै गर्न सक्ने व्यवस्था छ। तीनजना सदस्य उपस्थित भएका इजलासमा तीनजना सदस्यका एकमत वा दुईजना सदस्यका बहुमत कायम भए त्यस्तो मत अदालतको निर्णय मानिनेछ ।*

दुईजना सदस्य उपस्थित भएका इजलासमा एकमत कायम नभए कारवाहीका हकमा अध्यक्ष सहितको इजलास भए अध्यक्षको राय बमोजिम र अध्यक्ष बाहेकका इजलास भए वरिष्ठ सदस्यको राय बमोजिम गर्नु पर्नेछ । मुद्दाका फैसला वा अन्तिम आदेशका हकमा बहुमत कायम हुन नसकेमा पहिला अनुपस्थित रहने सदस्यसमक्ष पेश गरी निजले समर्थन गरेका राय अदालतको निर्णय मानिन्थ्यो । संविधानसभा अदालतबाट भएका निर्णय अन्तिम मानिने छ ।

**अन्य अदालतमा उजुर नलाग्ने :**

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अदालतको क्षेत्रभित्र पर्ने विषयमा अन्य कुनै अदालतमा प्रश्न उठाउन पाइँदैन ।

**अदालतको अधिकार र कार्यविधि**

अदालतको अधिकार : अदालतको अधिकार देहाय बमोजिम छ :

- उजुरवाला र प्रत्यक्ष साक्षीका अतिरिक्त मुद्दासँग सम्बन्धित आवश्यक देखिएका अन्य व्यक्ति वा प्रमाण बुझ्नु प्रत्यक्षीलाई म्याद जारी गर्न र जारी गरेका म्यादमा हाजिर नहुने प्रत्यक्षीलाई पक्राऊ गरी बयान गराउने ।
- साक्षीलाई म्याद जारी गरी बकपत्र गराउने ।
- कुन पक्षलाई तारेखमा राखी पुर्पक्ष गर्न वा आवश्यक परेका बखत झिकाउन वा खास समयमा हाजिर हुन आउने गरी तारेखमा नराखी पुर्पक्ष गर्ने ।

**अन्तरकालीन वा स्थगन आदेश जारी गर्न सक्ने :**

यस ऐन अन्तर्गत परेका उजुरीका सम्बन्धमा उचित र आवश्यक देखेमा अदालतले प्रत्यक्षीबाट प्रतिउत्तर पेश नभएसम्म वा उजुरीका टुङ्गो नलागेसम्मका अवधिका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्न सक्ने छ । कुन उजुरी अन्तरकालीन आदेशका लागि पेश भएका भए तापनि सो विषयमा निर्णय नहुन उपयुक्त छ भन्ने इजलासलाई लागेमा इजलासले सो विषयमा निर्णय गर्न सक्ने । संविधानसभाका कुन

सदस्य नेपालको अन्तरिम संविधान, २०६३ का धारा ६५ मा उल्लेख भए बमोजिमका कुनै योग्यता पूरा नगरेका कारणले संविधानसभाका सदस्य हुन अयोग्य छ वा अयोग्य हुन गएको छ भन्ने प्रश्न उठ्न गए सो को निरुपणका शिलशिलामा तत्काल प्राप्त प्रमाणबाट सो बमोजिम अयोग्य ठहरिन पर्याप्त आधार भएमा त्यस्ता संविधानसभाका सदस्यलाई संविधानसभाका बैठकमा भाग लिन वा संविधानसभाका सदस्यका हैसियतबाट कुन कार्य गर्न वा संविधानसभाका तर्फबाट कुन कार्यमा संलग्न हुन नपाउने गरी अदालतले स्थगन आदेश जारी गर्न सक्ने ।

**म्याद तामेलीसम्बन्धी कार्यविधि :**

अदालतमा दायर रहेका उजुरीमा प्रत्यक्षीका नाममा म्याद पठाउँदा बाटोको म्याद बाहेक सात दिनसम्मको अवधि तोकी म्याद जारी गर्नुपर्ने छ । म्याद जारी गर्दा तामेली हुन नसकेमा प्रत्यक्षीले प्रयोग गर्दै आएको, टेलेक्स, टेलिफ्याक्स वा अभिलेख हुन सक्ने विद्युतीय सञ्चारका अन्य कुनै माध्यममार्फत् वा रजिष्ट्री गरी हुलाकमार्फत् म्याद जारी गर्न सकिनेछ र त्यसरी जारी भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ । अदालतले आफूसमक्ष परेका मुद्दामा साक्षीका नाममा म्याद पठाउँदा बाटाको म्याद बाहेक सात दिनसम्मका म्याद तोकी म्याद जारी गर्न सक्नेछ । यस दफा बमोजिम जारी गरिने म्याद अदालतको कर्मचारीद्वारा वा जिल्ला अदालत वा नजिकका अरु सरकारी कार्यालयमार्फत् तामेल गराउन सकिनेछ । अदालतबाट जारी गरिएको म्याद प्राथमिकताका साथ तामेल गराउन सम्बन्धित जिल्ला अदालतको श्रेस्तेदार वा त्यस्ता सरकारी कार्यालयका प्रमुखको कर्तव्य हुनेछ ।

अदालतबाट जारी भएका म्याद तामेल गर्न जान कर्मचारीले बाटाको म्याद बाहेक दुई दिनभित्र म्याद तामेल गरिसक्नु पर्नेछ र कुनै मुनासिब कारण नभई म्याद तामेल गर्न ढिला गरेको देखिएमा निजलाई अदालतले पाँच सय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ । बदनीयत चिताई वा लापरवाही गरी म्याद तामेल नगर्न वा जानी-जानी बेरीतपूर्वक म्याद तामेल गर्ने कर्मचारीलाई अदालतले विभागीय कारवाही गर्न आदेश दिनेछ । अदालतबाट आफ्ना नाममा म्याद जारी भएको थाहा पाई कसैले अदालत वा म्याद तामेल गर्न पठाइएका अदालतमा वा कार्यालयमा आफ्ना नाममा जारी भएका म्याद बुझ्न पाउँ भनी निवेदन दिएमा त्यस्ता म्याद निजलाई तामेल गर्न सकिनेछ । त्यसरी निवेदन दिँदा कुनै दस्तुर नलाग्ने व्यवस्था छ । कार्यविधि अवलम्बन गरी कुनै व्यक्तिका नाममा म्याद तामेल गर्नु पर्दा त्यस्तो व्यक्तिको ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो म्याद बुझाउन नसकिएको कुराको प्रतिवेदन पर्न आएमा अदालतमा मुद्दा दायर भएको संक्षिप्त विवरण उल्लेख गरी त्यस्तो व्यक्तिलाई सात दिनसम्मका म्याद दिई उपस्थित हुन राष्ट्रियस्तरका पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिनेछ र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो व्यक्तिलाई रीतपूर्वक म्याद तामेल भएको मानिने छ । संविधानसभाको कुनै सदस्यका नाममा यस ऐन बमोजिम कुनै म्याद जारी गर्नु पर्ने भएमा अदालतले संविधानसभाको महासचिव वा सचिवमार्फत् म्याद तामेल गर्न लेखि पठाउनु पर्नेछ र त्यसरी म्याद तामेलीका लागि लेखि आएकोमा संविधानसभाका महासचिव वा सचिवले संविधानसभाको सम्बन्धित सदस्यको नाममा म्याद तामेल गरी सोको जानकारी अदालतमा पठाउनु पर्नेछ । यसरी म्याद तामेल भएकोमा रीतपूर्वक म्याद तामेल भएको मानिनेछ । म्याद तामेलीसम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**म्याद तारेख थाम्ने व्यवस्था :**

अदालतमा परेको मुद्दामा पक्षले बाहिरको परिस्थिति परेको कारण र आधार खुलाई म्याद तारेख थाम्न निवेदन गरेकोमा अदालतलाई व्यहोरा मुनासिब लागेमा एकपटक मात्र बढीमा सात दिनसम्मको म्याद तारेख थाम्न सक्ने छ । अदालतले प्रचलित कानुन बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्नेछ ।

संविधानसभा निर्वाचन २०७० पछि गठित संविधानसभा अदालतमा हालसम्म दर्ता भएका मुद्दाको स्थिति :

- हालसम्म १७ वटा मुद्दा दर्ता भएको छ । १२ उजुरी उपर सुनुवाई भएको छ ।
- कुनैपनि व्यक्तिले उजुरी दिन चाहेमा १० दिनभित्र उजुरी उपर छलफल गरिने व्यवस्था भएको छ ।

# हार्दिक श्रद्धाञ्जली



**जन्मः**
वि.सं. १९८७/०६/३१

**निधन**
वि.सं. २०७०/०७/२५

निर्वाचन पर्यवेक्षण समिति नेपालका अध्यक्ष श्री प्रदिप पोखरेलज्यूका पूज्यनिय पिता **ईश्वरीकुमार पोखरेल**को असामयिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## निर्वाचन पर्यवेक्षण समिति नेपाल परिवार

# संविधानसभासँग सम्बन्धित समाचारहरू

## कार्टर स्वयम् नै पर्यवेक्षक

अमेरिकी पूर्वराष्ट्रपति जिमी कार्टर संविधानसभा निर्वाचनको बेला नेपालको चारदिने भ्रमण गरी फर्कनुभएको छ । उहाँले राष्ट्रपति डा. रामवरण यादव, मन्त्रीपरिषद् अध्यक्ष खिलराज रेग्मी र निर्वाचन आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीसँग अलग अलग भेटवार्ता गर्नुभएको थियो । सो भेटमा उहाहरूसँग समसामयिक राजनीतिक अवस्था, संविधानसभा निर्वाचन र त्यसपछि लेखिने संविधानका मूलभूत विषयबारे छलफल गर्नुभएको थियो । कार्टरले निर्वाचनका बेला उत्यकाका विभिन्न मतदान केन्द्रमा निर्वाचन पर्यवेक्षणसमेत गर्नुभएको थियो ।



कार्टर सेन्टरले यस निर्वाचनलाई निष्पक्ष भएको, मतगणना र निर्वाचन परिणाम पनि विश्वसनीय रहेको प्रतिवेदनमा जनाएको छ । मत गणना प्रक्रियामा एकरूपता कायम नभए पनि त्यसले मतगणनाको विश्वसनीयतामा कुनै असर नपारेको पनि उल्लेख गरिएको छ । मतगणनाअघि सर्वदलीय बैठक भएका, गणना नसकिएसम्म बहुपार्टीका प्रतिनिधि मत गन्ने स्थलमा रहेका, त्यहाँ सुरक्षाकर्मीको सुदृढ उपस्थिति रहेको र उनीहरूले कुनै किसिमको हस्तक्षेप नगरेको सेन्टरको निष्कर्ष छ ।

पूर्वराष्ट्रपति कार्टरले नेतृत्व गरेको कार्टर सेन्टर नामक संस्था नेपालमा भन्डै चार वर्षदेखि कार्यरत छ । अघिल्लो संविधानसभा निर्वाचनको अनुगमन गरेको कार्टर सेन्टरले शान्ति प्रक्रियाको पनि अनुगमन गर्दै आएको छ ।

## केन्द्रमा दुई लाख बढी कर्मचारी

निर्वाचनमा १८,४३८ स्थायी मतदान केन्द्र र अस्थायी ३३७ गरी कुल १८ हजार ७७५ मतदान केन्द्रका लागि स्वयम् सेवकसहित कुल दुई लाख १४ हजार ७६० र अस्थायी मतदान केन्द्रका लागि दुई हजार ६९६ गरी जम्मा दुई लाख १७ हजार ४५६ कर्मचारी प्रत्यक्षरूपमा खटिएका थिए भने मतदान केन्द्रमा सुरक्षाकर्मीहरूसमेत खटिएका थिए ।

मतदान कार्यमा नेपाल सरकारका निजामती सेवा, सार्वजनिक संस्थान, विकास समिति र सामुदायिक विद्यालयका शिक्षकहरु खटाइएको थियो । कार्यालय सहयोगी अपुग भएका जिल्लामा सात दिनका लागि अस्थायी नियुक्ति गरी खटाइएको थियो ।

आयोगका अनुसार ४१ जिल्लाका ८० मतदान केन्द्रहरूमा महिला कर्मचारीहरूबाट मात्रै मतदान कार्य संचालन गरिएको थियो ।

आयोगले निर्वाचन अवधिमा आयोग र मतदाताबीच दोहोरो सञ्चार प्रणालीको सम्बन्ध विकास गरी मतदाता र सरोकारवालालाई जानकारी दिने उद्देश्यले कार्तिक २८ गते 'कलसेन्टर'को स्थापना गरी सञ्चालनसमेत गरेको थियो ।

# इलेक्ट्रोनिक ट्र्याकिङ सिस्टमको प्रयोग

निर्वाचन आयोगले संविधानसभाको दोस्रो निर्वाचनमा निर्वाचन अधिकृतको कार्यालयदेखि मतदानस्थलसम्म संवेदनशील सामाग्री पुऱ्याउने काम सुरक्षित र व्यवस्थित बनाउन केन्द्रबाटै निरन्तर अनुगमन गर्न पहिलो पटक 'इलेक्ट्रोनिक ट्र्याकिङ सिस्टम' प्रयोगमा ल्याएको थियो । यो 'ट्र्याकिङ सिस्टम' ले सबै मतदान अधिकृत र संवेदनशिल सामाग्री बोकेका व्यक्तिको अवस्थाबारे निरन्तर जानकारी दिने, कतै अवरोध देखिएमा तत्कालै त्यसको कारण खोज्न र निदान गर्न सक्ने गरी आवश्यक व्यवस्था गरिएको थियो । कार्य क्षेत्रमा खटिएका १८ हजार ४३८ मतदान अधिकृतले मतदान केन्द्रको अवस्थाबारे विशेष कोडमार्फत पठाउने सूचना केन्द्रमा 'डिकोडिङ' हुने संयन्त्र जडान गरिएको र मतदान केन्द्र तयार, मतदान प्रारम्भ, बाधा/व्यवधान, मतदान सम्पन्नदेखि मतगणना केन्द्रमा मतपेटिका आइसक्दासम्मका 'इलेक्ट्रोनिक' सन्देश एकै बटनबाट सम्प्रेषण हुने व्यवस्था गरिएको थियो ।

निर्वाचन व्यवस्थापनका लागि २ लाख १५ हजार तालिम प्राप्त कर्मचारी एवम् अनुगमनका लागि सरकारी उच्च अधिकारीहरूलाई ५६ क्लस्टरमा २४० निर्वाचन क्षेत्रमा खटाइएको थियो ।

# आचारसंहिता विरुद्ध १८७ उजुरी

निर्वाचन आयोगले कार्यान्वयनमा ल्याएको आचारसंहिता ५ महिनाको अवधिमा उल्लङ्घनसम्बन्धी १८७ वटा उजूरी परेको र १४४ उजूरीहरु उपर कारबाही गरिएको जानकारी दिएको छ । आचारसंहिता लागू भएपछि विभिन्न निकायबाट सहमतिका लागि १,४५२ अनुरोध भई आएकोमा ८४१ वटालाई सहमति दिइएको र ६११ वटालाई सहमति प्रदान नगरिएको जानकारीसमेत दिइयो ।

त्यसैगरी मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतबाट राजनीतिक दल र भ्रातृसंगठन एवम् उम्मेदवारलगायत अन्य सरोकारवाला पक्षबाट आचारसंहिता उल्लङ्घनमा परेका उजुरीमध्ये २६१ वटा उजुरीहरु उपर कारबाही गरिएको बताइएको छ । निर्वाचन आयोगले संविधानसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र धाँधलीरहित बनाउन २०७० साउन ७ गतेदेखि २०७० मङ्सिर ९ गतेसम्म संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० लागू गरी कार्यान्वयनमा ल्याएको थियो ।

निर्वाचन प्रयोजनका लागि पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि एक करोड ४९ लाख ५२ हजार र समानुपातिक निर्वाचन प्रणालीका लागि एक करोड ४९ लाख ५२ हजार गरी कुल दुई करोड ९० लाख ४ हजार मतपत छपाइ गरेको थियो । देशभरलाई एउटै निर्वाचन् क्षेत्र मानी एक र २४० निर्वाचन क्षेत्रका लागि २४० प्रकारका गरी जम्मा २४१ प्रकारका मतपत्र छपाई गरिएको थियो ।

# निर्वाचनका लागि भारतद्वारा यातायातका साधन हस्तान्तरण

संविधानसभा निर्वाचनको प्रयोजनका लागि गृह मन्त्रालयलाई भारत सरकारले अनुदान सहयोग स्वरूप विभिन्न प्रकारका ७१६ वटा यातायातका साधन उपलब्ध गरायो । ती साधनमा ट्रक, जीप, पानी ट्याङ्कर र कार रहेका थिए । तीमध्ये नेपाल प्रहरीले ४५८, सशस्त्र प्रहरी बलले २०६ र बाँकी मन्त्रालयले प्रयोग गर्ने जानकारी दिएको थियो । गृहमन्त्रालयमा आयोजित कार्यक्रममा गृहमन्त्री माधव घिमिरेलाई नेपालका लागि भारतीय राजदूत रञ्जित रेले ती साधन हस्तान्तरण गरेका थिए । ती सबै यातायातका साधनका मूल्य रू ८१ करोड ५० लाख बराबर रहेको छ । संविधानसभा निर्वाचनका लागि भारत सरकारले सहयोग स्वरूप ती सवारीसाधन उपलब्ध गराएको हो ।

त्यसैगरी निर्वाचन आयोगलाई ४८ वटा सवारी साधन उपलब्ध गराएको थियो । ती सवारी साधनमा तीनवटा मिनी ट्रक, पाँच वटा स्कारपियो गाडी र ४० वटा पिकअप गाडी रहेका छन् । ती सवारी साधनको मूल्य रू पाँच करोड ५० लाख रहेको छ ।

# दोस्रो संविधानसभाको मूल्य

संविधानसभा -२ का क्रममा नेकपा (एमाले) बारा क्षेत्र नम्बर ४ का उम्मेदवार महमुद आलमको हत्या भयो । असोज १८ गते पथलैया-वीरगञ्ज सडकमा भारतमा दर्ता भएको मोटरसाइकलमा आएका बन्दुकधारीले टाउकामा गोली प्रहार गरी घाइते भएका आलमको काठमाडौँमा उपचारको क्रममा असोज २४ गते निधन भयो । उनको हत्यामा सोही दलका पूर्व सभासद् रामचन्द्र प्यासी कुसवाहसहित भारतीय नागरिकद्वय अतिक खान र राजु श्रीवास्तव पक्राउ परे । अभियुक्तहरूले भारतबाट 'सार्प सुटर' ल्याएर आलमको हत्या गरेको प्रहरीले जानकारी दिएको छ ।

.....................................



कार्तिक २६ गते एक समूहले रिङरोडमा चल्ने बा २ ख ९५५८ नम्बरको यात्रुबाहक बसमा आक्रमण गर्दा धापाखेल बस्ने ४५ बर्षीय शिव बजगाई घाइते भए । बालाजुबाट एयरपोर्टतर्फ आउँदै गरेको बसमा बालाजु ओरालो नजिकै दुई व्यक्तिले पेट्रोल बम प्रहार गरेका थिए । रक्सीको बोत्तललाई पेट्रोल बम बनाई प्रहार गरेका थिए । घाइते बजगाईलाई निधार वरपर चोट लागेको थियो ।

.....................................

आफ्नो क्षेत्रमा मतदातासँग मत माग्दै हिंड्ने क्रममा नेपाली कांग्रेसका नेता तथा नुवाकोट क्षेत्र नं १ का उम्मेदवार अर्जुननरसिंह केसी चढेको गाडीलाई लक्षित गर्दै २६ कात्तिक दिउँसो पेट्रोल बम प्रहार भयो । बम प्रहारबाट गाडीमा सामान्य क्षती पुगेको थियो ।

.....................................

तनहुँको घाँसीकुवा-१ नाहालामा कार्तिक २६ गते अज्ञात समूहद्वारा भारतीय पर्यटकहरूको दुईवटा सवारीसाधनमा पेट्रोल बम प्रहार हुँदा दुई भारतीय पर्यटक घाइते हुन पुगे । गोरखास्थित मनकामना मन्दिरको दर्शन गरी पोखरा जाँदै गरेको ती पर्यटक चढेको बि.आर ०१ बि.जी ५७२३ नम्वरको कार र बि.आर ३३ एफ ७४११ नम्वरको स्कारपियो जिपलाई सातजनाको समूहमा रहेका ती व्यक्तिले रोकेर तीनवटा पेट्रोल बम प्रहार गरेका थिए । पेट्रोल बम प्रहारबाट जिपको सिसा फुटेको र कारको सिट रोल जलेको थियो ।

.....................................

इलाम क्षेत्र नम्बर ३ तथा झापा क्षेत्र नम्बर ३ बाट सङ्घीय लिम्बूवान् राज्य परिषद्का उम्मेदवार गोपाल थेवे कार्तिक २६ गते देखि अपहरणमा परी २७ गते अपहरण मुक्त भए । चुनाव प्रचारप्रसारको शिलशिलामा झापा पुगेको बेला थेवे अपहरणमा परेका थिए ।

.....................................



**सामाखुशीमा माइक्रोबसमा पेट्रोल बम प्रहारबाट घाइते ४ वर्षीय बालिका मञ्जु श्रेष्ठ**

नेपाली कांग्रेस क्षेत्र नं. १ का उम्मेदवार इन्द्रबहादुर बानिया कार्त्तिक २७ गते आफ्नो चुनावी घरदैलो कार्यक्रम सकी हेटौँडातर्फ फर्किंदै गर्दा छतिवन गाविस-६, बोटखोलामा सकेट बम प्रहार भएको थियो । सकेट बम मोटरसाइकलमा लाग्दा नेपाली कांग्रेस मकवानपुरका जिल्ला सचिव विष्णु दाहाल, कार्यकर्ता भक्त थिङ र शङ्कर जिम्बा घाइते हुन पुगे ।

.....................................

कार्त्तिक २७ गते काठमाडौंको सामाखुशीमा अपरिचित समूहले गुडिरहेको माइक्रोबसमा पेट्रोल बम प्रहार गर्दा ८ जना घाइते भए । बालाजुबाट महाराजगञ्ज जाँदै गरेको बा १ ज ९८९१ नम्बरको माइक्रोबसमा भएको सो बम प्रहारबाट दोलखा डाँडाखर्ककी नितु श्रेष्ठ र उनकी साढे ४ वर्षकी छोरी मञ्जु पनि घाइते भएकी थिइन ।

.....................................

कार्त्तिक २७ मा झापाको पाडाजुँगी गौरीगञ्ज सडक अन्तर्गत गेउरिया खोला पुलमा अज्ञात समूहले सिलिण्डर बम विष्फोट गरायो । यसबाट कुनै मानवीय क्षति नभए पनि सर्वसाधारणमा ठूलो त्रास उत्पन्न गरायो ।

.....................................

काभ्रेको मेथिनकोट गाविस-६ स्थित विपी राजमार्ग सडकखण्डमा कार्त्तिक २७ गते साँझ एउटा मारुती कारमा अज्ञात समूहले आगजनी गर्दा कार पूर्ण रूपमा क्षतिग्रस्त भएको थियो । जिल्ला प्रहरी कार्यालय काभ्रेले दिएको जानकारी अनुसार ६/७ जनाको अज्ञात समूहले मङ्गलटारबाट भकुन्डे बजारतर्फ आउँदै गरेको बा ३ च १५०३ नम्बरको सो कारमा रहेका यात्रुलाई बाहिर ओरालेर आगजनी गरेका थिए । सो क्रममा कारमा सवार यात्रुहरूलाई कुटपीटसमेत गरेका जिप्रका काभ्रेले जानकारी दियो ।

.....................................

७ कात्तिक चुनाव प्रचारका क्रममा जाजरकोटको ढिमे-१ दम्दाला पुगेका एकीकृत नेकपा (माओवादी)का कार्यकर्तामाथि नेकपा-माओवादी कार्यकर्ताले आक्रमण गरेका थिए । आक्रमणबाट एकीकृत नेकपा (माओवादी) का विष्णु मल्ल, शान्तबहादुर बस्नेत, सुशील जैसी र चेतबहादुर रावल घाइते भएका थिए । उनीहरूको टाउको र खुट्टामा चोट लागेको थियो ।

.....................................

एकीकृत माओवादी जाजरकोट जिल्ला संयोजक टेकबहादुर रावल प्रचार सकेर राति सुतिरहेको अवस्थामा वैद्य माओवादीका राष्ट्रिय जनस्वयम्सेवक सङ्घका बलबहादुर मल्लको नेतृत्वमा आएको टोलीले राति ३ बजे आक्रमण गरे आक्रमणबाट रावलसहित ४ जना एमाओवादी कार्यकर्ता घाइते हुन पुगे । त्यसैगरी जाजरकोट क्षेत्र नं २ को मजकोटमा एकीकृत माओवादी र नेपाली कांग्रेसबीच झडप हुँदा नेपाली कांग्रेसका क्षेत्र नं २ का क्षेत्रीय सभापति वीरेन्द्र शाही घाइते भएका थिए ।

.....................................

एकीकृत नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाललाई लक्षित गरेर २७ कात्तिकमा अज्ञात समूहले बम बिस्फोट गरायो । प्रहरीका अनुसार अध्यक्ष दाहाल कञ्चनपुरको दक्षिणी क्षेत्र बेलौरी जाने क्रममा देखतभूली-१ ढक्कापुर जङ्गलमा अज्ञात समूहले बम विस्फोट गराएको हो । अध्यक्ष दाहाल चढेको गाडी बम विस्फोट भएको स्थानबाट १०० मिटर अगाडि पुगिसकेकोले बिस्फोटनबाट क्षति हुन भने पाएन ।

.....................................



**निजगढबाट पथलैया आउँदै गरेको ट्रकमा अज्ञात समूहले पेट्रोल बम प्रहार गर्दा घाइते बनेका ट्रक चालक राजकुमार क्षेत्री र ट्रक धनी हरि प्रसाई ।**

कलैया ७ का १७ बर्षीय राकेश यादवको मंसिर १० का दिन उपचारका क्रममा मृत्यु भयो ।

......................................

मंसिर १ गते काठमाडौंको सतुंगल गुर्जुधारामा यात्रुबसमा पेट्रोल बम प्रहार भयो । रौतहट सदरमुकाम जाँदै गरेको ना ४ ख ५२०० नम्बरको बस रोकिराखेको अवस्थामा अगाडि र पछाडीबाट दुईवटा पेट्रोल बम प्रहार भएको थियो । बम प्रहारबाट ८ जना यात्रु घाइते भएका थिए ।

......................................

कात्तिक २८ गते दिउँसो निजगढबाट पथलैया आउँदै गरेको ना ख ५६९७ नम्बरको ट्रकमा अज्ञात समूहले पेट्रोल बम प्रहार गर्दा ट्रक चालक बारा निजगढ निवासी वर्ष २६ का राजकुमार क्षेत्री र ट्रक धनी ४६ का हरिप्रसाई घाइते भए । पेट्रोल लागि घाइते क्षेत्रीको सम्पूर्ण शरीर जलेको थियो । उनको नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जबाट काठमाडौं ल्याइ उपचार गराइरहँदा मंसिर २ गते निधन भयो । सरकारले उनको परिवारलाई १० लाख रूपियाँ राहत उपलब्ध गराएको छ ।

......................................

कार्तिक २८ गते पूर्वपश्चिम राजमार्गअन्तर्गत हेटौंडा-नारायणगढ सडकखण्डमा पर्ने मकवानपुरको बसामाडी गाविस ३ तीनताप्केमा यात्रुसहितको बसमा पेट्रोल बम प्रहार भएको थियो । ना ४ ख ५८३६ नम्बरको यात्रुबाहक बसमा पेट्रोल बम प्रहार भएपछि बस अनियन्त्रित भएर पल्टिँदा यादवसहित १ दर्जन जति यात्रु घाइते भएका थिए । बसमा बम प्रहारपछि बसमा आगलागी भएको थियो । दुर्घटनापछि बस जलेर पुरै नष्ट भएको थियो । सो घटनामा घाइते हुन पुगेका बारा

......................................

मंसिर १ मा एमालेले तेह्रथुम सदरमुकाम म्याङलुङथित टुँडिखेलमा गरेको चुनावी सभामा सुतली बम विस्फोट भयो । विस्फोटमा परी एमाले जिल्ला कमिटी सदस्य टिका न्यौपाने घाइते भइन ।

......................................

मंसिर २ मा चितवनको नारायणगढस्थित न्यूरोडमा पानी बोक्ने मिनिट्रकमा पेट्रोल बम प्रहार भयो । बा १ ख ९५५४ नम्बरको प्योर ड्रप मिनरल वाटरको



**काठमाडौं सतुंगलमा भएको पेट्रोल बम प्रहारबाट घाइते बालक**



**चितवनको नारायणगढस्थित न्यूरोडमा पेट्रोल बम प्रहारबाट क्षतिग्रस्त पानी बोक्ने मिनिट्रक**

गुडिरहेको गाडीमा पेट्रोल बम प्रहार हुँदा गाडीका चालक र सहचालक घाइते भए ।

..................................

एकीकृत नेकपा(माओवादी)का बर्दिया क्षेत्र नं २ का प्रत्यक्षतर्फका उम्मेदवार तिलकराम शर्माले निर्वाचन प्रचारप्रसारका लागि प्रयोग गरेको गाडीमा कार्तिक २८ गते अज्ञात समूहले आगजनी गऱ्यो । आगलागीले भे १ ज ३४३ नं को जिप पूर्णरूपमा क्षतिग्रस्त भएको थियो ।

..................................

मंसिर २ गते राती एमाले कार्यकर्तासँग भएको झडपमा परी घाइते भएका एमाओवादी कार्यकर्ता नेत्र ओली घाइते भए । चुनाव प्रचारप्रसारको क्रममा घेत्मा गाविसमा पुगेको समयमा एमाले कार्यकर्ताले आक्रमण गर्दा ओली गम्भिर घाइते हुन पुगेका थिए । गम्भिर घाइते ओलीको उपचारका क्रममा काठमाडौंस्थित शिक्षण अस्पतालमा मंसिर १२ गते निधन भयो ।

..................................

मंसिर २ गते साँझ मकवानपुर पदमपोखरीस्थित बुद्ध मावि मतदान केन्द्रमा खटिएका कर्मचारी सागरबहादुर गुरूङमाथि धारिलो हतियार प्रहार गरियो । पदमपोखरी-१ वनस्पती घर भई टिम्बर कर्पोरेशन अफ नेपाल हेटौंडामा कार्यरत गुरूङलाई तीन जनाको समूहमा आएका व्यक्तिले धारिलो हतियार प्रहार गरी घाइते बनाएका थिए ।

..................................

अज्ञात समूहबाट भक्तपुर लोकन्थली उपस्वास्थचौकीको मतदान अधिकृतका रूपमा कार्यरत वकिल झा माथि कुटपिट भयो । आक्रमणबाट घाइते अवस्थामा भेटिएका झा निर्वाचनको भोलिपल्ट पेप्सीकोला पुलको उत्तरतर्फ बेहोस अवस्थामा भेटिएका थिए । रौतहट मतसरी-४ स्थायी घर भएका झालाई निर्वाचनकै दिन कुटपिट गरिएको प्रहरीले बताएको छ । उनको टाउको, जिउ अनुहार लगायत विभिन्न भागमा चोट लागेको थियो । उनको राजधानीको बाँसबारी न्यूरो अस्पतालको सघन कक्षमा उपचार भएको थियो । वकिल झा सीटीईभिटीका उपनिर्देशक हुन् ।

..................................

क्षेत्र नं १ को मदानपुरका मतदातासँग मत माग्दै सदरमुकाम विदुरमा आयोजित आमसभामा सहभागी हुन आउँदै गर्दा नेता केसी चढेको गाडीलाई लक्षित गरी पासाङ ल्हामु राजमार्गको मदानपुर-८ जुरेथुममा मोटरसाइकलमा आएका अपरिचित दुई युवाले पेट्रोल बम प्रहार गरेका थिए । सो पेट्रोल बम चुनावी सभामै सहभागी हुन विदुर आउँदै गरेको बा ५ च ६२५३ नं को टाटामोबाइल गाडीलाई लागेको थियो ।

..................................



मंसिर ४ निर्वाचनको दिन काठमाडौं भोटेबहालमा खेलौना भनि बम खेलाउँदा घाइते हुन पुगे ८ वर्षीय समिर खड्की ।



# निर्वाचनका दिन भएका आचारसंहिताका केही तथ्यहरू :

बद्रीप्रसाद सिवाकोटी

नेपालको राजनीतिमा गणतन्त्रलाई संस्थागत र जनताको लागि जनताद्वारा जनताको संविधान निर्माण गर्न ४ मंसिर, २०७० मा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा उत्साहपूर्ण रूपमा जनताले आफ्नो अमूल्यमत जाहेर गरेका छन् । संविधानसभाको पुनः निर्वाचन प्रक्रिया निर्वाचन मिति घोषणादेखि नै केही राजनैतिक शक्तिहरूबाट विरोध, आशंका, अनिश्चितता, अन्यौलता र भयत्रास रहँदारहँदै पनि समग्रतामा निर्वाचन शान्तिपूर्ण र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ । राजनैतिक संक्रमणको अन्त्य गरी मुलुकमा लोकतान्त्रिक गणतन्त्रको सुदृढिकरण तथा मानवअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि लोकतान्त्रिक संविधान प्राप्त गर्ने अभिप्रायले नेपाली जनताले राजनैतिक दल तथा उम्मेदवारहरूलाई पुनः मौका दिएका छन् ।

मंसिर ४ मा सम्पन्न संविधानसभा निर्वाचन राजनैतिक दलहरूबीच सामान्य विवाद, संविधानसभाको निर्वाचन बहिष्कार गरेका दलहरूबाट बन्दको घोषणा तथा केही ठाउँमा विष्फोटक पदार्थ पड्काउने काम गरी अवरोध सिर्जना गर्ने प्रयास गरिएपनि मतदानको समग्र प्रक्रिया शान्तिपूर्ण र सहज वातावरणमा सम्पन्न भएको छ । यसपटकको निर्वाचनमा महिला सहभागिता अत्यन्त उत्साहजनक र पुरूषको तुलनामा बढी रहेको पाईन्छ । नेपाली जनताले विभिन्न अवरोध र आशंकाका बावजुद् पनि आफ्नो मतको उपयोग गरेका छन् । निर्वाचन सफल गराउन नेपाल सरकार, निजामति कर्मचारी, न्यायक्षेत्र, संविधानसभामा सहभागी राजनैतिक दलहरू, संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यबेक्षक, नागरिक समाज लगायत सम्पूर्ण सरोकारवालाहरूको प्रत्यक्ष तथा परोक्ष सहभागिता, सहयोग र समर्थन रहेको पाइएको छ ।

# निर्वाचनका दिन भएका प्रमुख घटनाहरू

काठमाडौँको भोटेबहालमा बम विस्फोट हुँदा दुई बालक घाइते भए । टेकु र भोटेबहाल बीचको सडकखण्डमा राखिएको बम खेलाउँदा भएको विस्फोटमा परी ८ वर्षीय समीर खड्की गम्भिर घाइते बने । उनको दाहिने हात गुमेको छ । खेलौना भनेर हातमा खेलाइरहेको बेला बम बिष्फोट भएको उनका दाइले बताए ।

.......................................

देशका विभिन्न भागबाट निर्वाचन विरोधी गतिविधि तथा जनतालाई त्रसित बनाउने कार्यमा संलग्न ५६ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको थियो ।

.......................................

जनकपुरको भानुचोकस्थित नेपाल बैंक लिमिटेड सिटी अफिस जनकपुरको पछाडि राखिएको सुतली बम नेपाली सेनाले निश्क्रिय पारे ।

.......................................

धनुषा निर्वाचन क्षेत्र नं ५ को सपहीमा नेपाली कांग्रेस र तमलोपाका कार्यकर्ता बीच भएको झडप प्रहरीले साम्य पारेको थियो ।

.......................................

दाङको विभिन्न स्थानमा रहेका मतदान केन्द्रका आसपासमा विस्फोटकजन्य वस्तुहरू भेटिए । उक्त विस्फोटकजन्य वस्तुलाई नेपाली सेनाको १९ नं बाहिनी तुलसीपुरको टोलीले निष्क्रिय पारे । त्यसैगरी हापुर गाविसको निघुवार मतदान केन्द्र र सोही गाविसको हापुर उच्चमावि मतदान केन्द्र, वीरेन्द्र उमावि भ्युडर सोनपुर मतदान केन्द्र नजिक राखिएको बम सेनाले निष्क्रिय पारेको थियो ।

.........................................

दाङ तुलसीपुर नगरपालिका- ६ रजौरा लक्ष्मीनाराण मन्दिरको अगाडिको सडकमा वडा नं १ को गोटिखोला र फूलबारी गाविसमा रहेको रनियापुर नजिकैको खोला छेउमा विस्फोटक पदार्थ भेटिएको थियो ।

.........................................

रौतहट क्षेत्र नं ३ स्थित पोटीयाही प्राविमा अवस्थित मतदान केन्द्रमा एमाले र एमाओवादी कार्यकर्ताबीच झडप भएको थियो । स्थिति नियन्त्रणमा लिन प्रहरीले पाँच राउन्ड हवाई फायरसमेत गरेको थियो । झडपपछि पोटीयाही प्रावि मतदान केन्द्रको मतदान केहीबेरका लागि अवरूद्ध भएको थियो ।

.........................................

पर्वतको ठूलीपोखरी गाविसस्थित जनता सुदर्शन उच्च मावि मतदान केन्द्रमा तीन राउन्ड हवाई फायर भएको थियो । मतदान भइरहेका बेला हो-हल्ला गर्न थालेपछि हवाई फायर भएको हो । घटनालाई नियन्त्रणमा लिनका लागि सदरमुकामबाट थप दुई टोली सुरक्षाकर्मी घटनास्थलतर्फ पठाइएको थियो । पर्वतकै पैञ्यूखोला क्षेत्रमा निर्वाचनका दिन बिहान ३ बजेदेखि भोर्ले, पाखापानी, सरौंखोला, हुवास र होश्राङ्दीमा बम विस्फोटन भएको थियो । यसअघि कार्तिक २८ का दिन बिहान पनि हातेमालो चोक नजिकै बम विच्छयाइएको प्रहरीले बताएको थियो ।

.........................................

पर्सा क्षेत्र नं १ वीरगन्ज उपमहानगरपालिका श्रीपुर स्थित नेशनल ट्रेडिङ लिमिटेड मतदान केन्द्रमा मतदान गरिसकेपछि एक बृद्धको मृत्यु भयो । बिहान करिब ८ बजे मतदान गरेर बाहिर आएपछि अचानक बेहोस भएर लडेका ७३ वर्षीय गौरीशंकर मानन्धरको उपचारका क्रममा नारायणी उपक्षेत्रीय अस्पतालमा मृत्यु भयो ।

.........................................

दैलेख सदरमुकाममा रहेको काँडाचौर वुथ केन्द्रमा मतदान गरिसकेपछि ७२ बर्ष राजाराम न्यौपानेको मृत्यु भयो ।

.........................................

दोलखा क्षेत्र नं २ जिल्लाको जिरी उच्च मावि मतदान केन्द्रमा मतदान गरी फर्कने क्रममा जिरी-८ की ६७ वर्षीया डोल्मा जिरेलको मृत्यु भयो । मतदान गरी फर्कने क्रममा मतदान परिसरमै उनी बेहोस भएकी थिइन ।

.........................................

# दुई जिल्लाका तीन केन्द्रमा पुनः मतदान

**जुम्ला :**

जुम्लाको देपालस्थित त्रिभुवन मावि झारज्वालामा कायम गरिएको दुईवटा मतदान केन्द्रको मतपेटीका लुटिएपछि मतदान कार्य स्थगित गरियो । जुम्लाको जुफालको 'क' र 'ख' रहेको मतदान केन्द्रमा मतदान शुरू भएपछि स्थानीय महिला र बालबालिकासहित आएको एउटा जुलुसले मतपत्र लुटेपछि ती केन्द्रको मतदान स्थगित गरिएको हो । स्थगित भएको दुवै केन्द्रमा मंसिर ७ गते पुन मतदान गरिएको थियो ।

**सप्तरी :**

संविधानसभा चुनावमा कुल खसेको मतभन्दा बढी मतपत्र फेला परेको भन्दै विभिन्न दलका उम्मेदवारले असन्तुष्टि जनाएपछि सप्तरीको क्षेत्र नं २ अन्तर्गतको वर्सान गाविसस्थित बनरझुला मतदान केन्द्रको मतदान रद्द गरियो । तर केही उम्मेदवारहरूले भने मतदान अधिकृत कामेश्वर साहको बदमासीले निर्वाचन स्थगित भएको भन्दै छानविन गरी कारबाहीको माग गरेका थिए । रद्द गरिएको उक्त केन्द्रमा मंसिर ८ गते पुन मतदान गरिएको थियो, सो मतदानका लागि राकेशमणि उपाध्यायलाई मतदान अधिकृत बनाई खटाइएको थियो ।

महोत्तरीको पिप्रा पश्चिम गाविस-४ मा एक प्रेसर कुकर बम र दुई वटा बट्टा बम, पङ्सेरा गाविस-८ कडरबोनामा आल्मुनियमको कसौडीमा राखेको एउटा बम, खोजपुर गाविस-८ खरचुइयामा एउटा सकेट बम, धर्मपुर गाविस-८ सिम्राहा चोकमा प्लास्टिक बट्टामा राखेको एउटा बम र रायपुर गाविस-८ स्थित कृषि भवन नजिक कार्टुन बट्टामा राखेको एउटा बम निश्क्रिय पारिएको थियो ।

..........................

दैलेख जिल्लाको चामुण्डा गाविसस्थित चामुण्डा उच्च मावि परिसरको 'क' मतदान केन्द्रमा नेकपा-माओवादीले आक्रमण गरी मतपत्र च्यात्नुका साथै मतपेटिका फुटाएर भागेपछि मतदान केहीबेर स्थगित भएको थियो । दैलेख सदरमुकाम नारायण नगरपालिकादेखि नौ किमी टाढाको सो मतदान केन्द्रको मतदान प्रक्रिया सर्वदलीय सहमतिपछि दिउँसोबाट पुनः सुरू गरिएको थियो । ठूलोपातल मतदान केन्द्रमा एमाओवादी र कांग्रेसले संयुक्त रूपमा बुथ कब्जा गरेको र एमाले कार्यकर्तालाई लखेट्ने क्रममा एमाले कार्यकर्ताहरु अमृत गुरूङ, रोशन लामा, प्रकाश जिएम, कमल पाखिन, खड्गबहादुर केसी र तेजबहादुर खड्का घाइते भएका थिए ।

..........................

दोलखा मतदान केन्द्र १ मा प्रहरीले खोजी गरिरहेका अभियुक्त गौरव तामाङको नेतृत्वमा गएको एमाओवादी टोलीले गैरीमुदी गाविसको मतदान केन्द्रमा विपक्षी दलका एकजनालाई पनि छिर्न नदिइ सम्पूर्ण मत आफैं खसालेको र त्यही टोलीले मृगेको कालिढुंगा उच्च मावि मतदान केन्द्रमा समेत कब्जा गरी खस्न बाँकी रहेको सबै मत एकपक्षीय रूपमा खसालेको कांग्रेस-एमालेले दाबी गरे । तरपनि मतदान सुचारू गरिएको थियो ।

..........................

नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्ताबीच विवाद भएपछि काभ्रे क्षेत्र नम्बर- १ कोशीपारीको मतदान केन्द्रमा प्रहरीले ४ राउण्ड हवाइफायर गरेको थियो । दुई पक्षबीचको विवादले उग्र रूप लिएपछि प्रहरीले चार राउण्ड हवाइफायर गर्नुपरेको र केही समय मतदान स्थगन हुन पुगेको थियो । तर, तत् काल सर्वदलीय बैठकबसी मतदान प्रक्रियालाई निरन्तरता दिइएको थियो ।

..........................

धनुषा क्षेत्र नम्बर- ५ को सपहीमा नेपाली कांग्रेस र तमलोपाका कार्यकर्ताबीच झडप भएको छ । सपहीमा ४ मंसीरमा दुई पक्षबीच झडप हुँदा एक जना घाइते भए । धनुषा क्षेत्र नम्बर- ४ को जनकपुर भन्सार कार्यालय मतदान केन्द्रमा सकेट बम फेला परेको थियो ।

..........................

जाजरकोटको क्षेत्र नं २ को टालेगाउँ गाविसको जनकल्याण निमावि गुप्ताले मतदान केन्द्रमा बम पड्काउने र डेटोनेटर तार बिछ्याउने तयारीमा रहेका नेकपा-माओवादीका दुई कार्यकर्तालाई नेपाली सेनाले पक्राउ गऱ्यो । टालेगाउँ गाविस- ७ का सुरेन्द्र सिंह र अर्जुन सिंहलाई सेनाको निर्वाचन गस्ती टोलीले पक्राउ गरेको थियो ।

..........................

१ हजार ८ सय ७८ मतदाता रहेको रोल्पाको थवाङमा कुनै पनि मतदाताले मतदानमा भाग लिएनन् । नेकपा-माओवादीको प्रभाव रहेको थवाङमा निर्वाचनको अघिल्लो रात नै थवाङका मतदाताको परिचयपत्र करिब ५० जनाको समूह आएर खोसी लगेको स्थानीयले बताए ।

..........................

एमाओवादीका नेता डा बाबुराम भट्टराई उम्मेदवार रहेको गोरखा क्षेत्र नम्बर- १ का विभिन्न मतदान केन्द्रमा एमाओवादी कार्यकर्ताले बुथ कब्जा गरी मतदाताको परिचयपत्र खोसेर एकपक्षीय रूपमा मतदान गरेको आरोप लगाइयो । नेकपा एमाले र नेपाली कांग्रेसका स्थानीय नेताहरूले गोरखा-१ मा मतदान रद्द गरी पुनः मतदान गराइनु पर्ने माग राखेका थिए ।

..........................

एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड उम्मेदवार रहेको सिराहा क्षेत्र नम्बर ५ को तीन वटा मतदान केन्द्रमा एमाओवादीले अन्य पार्टीका समर्थक मतदातालाई अवरोध गरेको आरोप लगाइएको थियो ।

..........................

सिरहाको क्षेत्र नं ३ मा पर्ने कृष्णपुर- १ स्थित मावि मतदान केन्द्रमा एमाओवादी कार्यकर्ताले मतदाता परिचयपत्र नपाएका व्यक्तिलाई मतदान गर्न लगाएपछि सामान्य झडप भएको थियो । एमाओवादीका स्थानीय नेता मुकेश साह नेतृत्वमा रहेका कार्यकर्ताले मतदाता परिचयपत्र नपाएका व्यक्तिलाई मतदान गर्न लगाउँदा झडप भएको हो ।

# मंसिर ४ को निर्वाचनपछिका समाचारहरू

## मतदान शान्तिपूर्ण रूपमा सम्पन्न, नतिजा फरक

निर्वाचन आयोगले निर्वाचन सम्पन्न भएलगत्तै पत्रकार सम्मेलन गरी प्रारम्भिक अनुमान सुनायो । उक्त अवसरमा आयोगले ७० प्रतिशत मतदान भएको र यो नेपाली निर्वाचनको इतिहासमै सबैभन्दा बढी सहभागिता रहेको दाबी गर्‍यो । आयोगले निर्वाचन मुलुकभर एकै पटक बिहान ७ बजे सुरू भएर साँझ ५ बजे सम्पन्न भएको, सामान्य झडप र केही बुथको मतदान स्थगित बाहेक शान्तिपूर्णरूपमा सम्पन्न भएको सो अवसरमा जानकारी दिइएको थियो । निर्वाचन स्वच्छ, निष्पक्ष र पारदर्शीपूर्ण तवरले सम्पन्न भएको जिकिर पनि आयोगले गरेको छ ।

फोटोसहितको नयाँ मतदाता नामावली र परिचयपत्रले निर्वाचनको सफलता र शुद्धतामा महत्वपूर्ण योगदान गरेको भन्दै प्रमुख आयुक्त उप्रतीले शान्ति-सुरक्षाको भरपर्दो व्यवस्थाका कारण मतदाताले ढुक्क भएर आफ्नो अभिमत दिन पाएको बताएका थिए ।

निर्वाचनमा प्रत्यक्षतर्फहल्का नीलो रङको र समानुपातिकतर्फ हल्का रातो रङको मतपत्रमा मत खसालीएको थियो । मुलुकभर १ करोड २१ लाख ४७ हजार ८ सय ६५ मतदाता रहेका थिए । कूल मतदाता मध्ये महिला ६१ लाख ६६ हजार ८ सय २९ र पुरूष ५९ लाख ८० हजार ८ सय थिए भने तेस्रो लिंगीको संख्या १ सय ५५ रहेको थियो । निर्वाचन आयोगले पहिलो पटक तेस्रो लिंगी मतदाताको वर्गीकरण गरेको हो । प्रत्यक्षतर्फ २ सय ४० र समानुपातिकतर्फ ३ सय ३५ सिटका लागि मतदान भएको हो । प्रत्यक्षतर्फ २ सय ४० निर्वाचन क्षेत्रमा २ सय ४१ प्रकारका मतपत्र रहेका थिए । २ सय ४० निर्वाचन क्षेत्रमध्ये सबैभन्दा बढी क्षेत्र र मतदाता काठमाडौंमा थियो । काठमाडौंमा १० ओटा क्षेत्रमा ५ लाख ३२ हजार १ सय १० मतदाता थिए भने सबैभन्दा कम मनाङ १ मा ४ हजार ७ सय ९५ मतदाता थिए । क्षेत्रगत रूपमा सबैभन्दा बढी भक्तपुर क्षेत्र २ मा ८२ हजार २ सय १८ मतदाता रहेका थिए ।

निर्वाचनमा मुलुकभर १८ हजार ४ सय ५७ मतदान केन्द्र थिए भने १० हजार १३ मतदानस्थलको व्यवस्था गरिएको थियो । आयोगले ३२३ अस्थायी मतदान स्थल र ३३७ अस्थायी मतदान केन्द्रको व्यवस्था गरेको थियो । अस्थायी मतदाताका रूपमा कर्मचारी, सुरक्षाकर्मी, कैदी, थुनुवा र बृद्धाश्रममा रहेकाहरूलाई भोट हाल्ने व्यवस्था गरिएको थियो । ती मतदान केन्द्रमा अधिकृतदेखि सहायक स्तरसम्मका कूल २ लाख १४ हजार ८ सय २ जना कर्मचारी परिचालन भएका थिए । निर्वाचन सुरक्षाका लागि प्रहरी, सेना, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र म्यादी प्रहरी गरी मुलुकभर १ लाख ९१ हजार ९ सय ४४ सुरक्षाकर्मी परिचालन गरिएको थियो । मतदानमा दैलेखको सेरिप केन्द्रबाट ११२ वर्षका खरिलाल कामीले र बैतडी १ भुमेश्वरमा १०४ वर्षीया मानमती भट्टले मतदान गरेकी थिइन ।

तर निर्वाचनको परिणाम आउँदा अनुमान गरेभन्दा धेरै मत देखिएको छ । आयोगले प्रारम्भिकरूपमा ७० प्रतिशतभन्दा बढी मतदान भएको पूर्व अनुमान गरेपनि देशका १८ हजार ४५७ मतदान केन्द्रको मतगणना सकिएर पूर्ण विवरण आउँदा पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ७८.३४ प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीतर्फ ७९.८२ प्रतिशत मत खसेको छ ।

# मतगणना स्थगित गर्न एमाओवादीको माग

मंसिर ६ गते एकीकृत नेकपा माओवादीले संविधानसभा निर्वाचनको जारी मतगणना प्रक्रिया स्थगित गर्न माग गर्दै प्रेस विज्ञप्ती प्रकाशित गर्‍यो । केन्द्रीय कार्यालय बैठक बस्नु अघि एकीकृत माओवादीले काठमाडौं बाहिर रहेका ब्यूरो इन्चार्जसहितका शिर्ष नेताहरूसँगको परामर्शपछि त्यस्तो निर्णय गरेको थियो । पार्टीको यस्तो निर्णयपछि केन्द्रीय नेताहरु मतगणना स्थगित गर्न माग गर्दै काठमाडौं फर्केका थिए । माओवादी केन्द्रीय कार्यालयको बैठकपछि संविधानसभा निर्वाचनमा विभिन्न खाले षड्यन्त्र र चलखेल भएको ठहर गर्दै विज्ञप्ति जारी गरिएको थियो ।

वक्तव्यमा "२०६२ मंसीर ७ गतेको 'बाह्र बुँदे समझदारी' र २०६३ मंसीर ५ गतेको 'विस्तृत शान्ति सम्झौता' बमोजिम देशमा २०६४ चैत्र २८ गते पहिलो संविधानसभाको निर्वाचन र २०७० मंसीर ४ मा दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न भएको सर्वविदितै छ । १० वर्षे महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलनको मर्म र भावना अनुरूप संविधानसभालाई 'राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने माध्यमका रूपमा ती समझदारी र सम्झौतामा स्वीकार गरिएको पनि स्पष्ट नै छ । परन्तु जुन षड्यन्त्रपूर्ण ढंगले पहिलो संविधानसभाको अवसान गराइयो र दोस्रो संविधानसभाको निर्वाचन शिलशिलेवार ढंगले परिवर्तन र अग्रगमनको एजेण्डालाई कमजोर पार्न र यथास्थितिवाद तथा प्रतिगमनको आधार मजबुद पार्न गरी हालै सम्पन्न गरियो । त्यसप्रति हामी आफ्नो असावधानी र उदारताप्रति आत्मालोचित हुँदै आम परिवर्तनकामी जनसमुदायको ध्यानाकर्षण गर्न चाहन्छौं । दोस्रो संविधानसभा निर्वाचनको क्रममा वैधानिकरूपले निर्वाचित सरकारलाई विस्थापित गरेर अन्तरिम चुनावी सरकार गठन गर्न, पहिलो संविधानसभाको निर्वाचनमा सहमतिले अपनाएको मतदाता सूची संकलन विधि फेर्न आदि कुराले यो निर्वाचनलाई सुरू देखिनै शंकाको घेरामा राखेकै थियो । तैपनि संविधानसभाको यो दोस्रो निर्वाचनको वातावरण बनाउन हामीले आफ्नो तर्फबाट अधिकतम प्रयत्न गरिएको तथा जनताको मतको सम्मान गर्न हाम्रो स्पष्ट प्रतिबद्धता रहेको तथ्य सर्वविदितै छ । तर अहिले निर्वाचनको शिलशिलामा देशव्यापी रूपमा योजनाबद्ध ढंगले दृश्य र अदृश्य धाँधलीका रूपहरु अपनाइएको, ठूलो मात्रामा आर्थिक चलखेलहरु भएको, मतपेटीकाहरु सार्ने क्रममा रहस्यमय हर्कतहरु भएको, सिल तोडिएका मतपेटीकाहरूलाई समेत स्वीकार्नु पर्ने निर्देशन गरिएको, मतगणनाको क्रममा अस्वभाविक ढंगले राखिएका मतपत्रहरूको संख्या र स्वरूप फेला परेको आदि घटनाले यो निर्वाचन प्रक्रिया जनताको अभिमत र अपेक्षा विपरित धाँधलीपूर्ण र षड्यन्त्रमूलक रहेको स्पष्ट भएको छ । यो स्थितिमा हाम्रो पार्टी वर्तमान निर्वाचन प्रक्रियालाई स्थगन गरी समग्र प्रक्रियाको पुनरावलोकन र निष्पक्ष छानविन गरेर मात्र अगाडिको कदम निर्धारण गर्नुपर्ने निष्कर्षमा पुगेको छ । र गत राति देखिनै मतगणना प्रक्रियाबाट अलग भएको छ र यसबारे सम्बन्धित सबैलाई बेलैमा गम्भीर बन्न विशेष आग्रह गर्दछ । जनताको पूर्णमुक्तिको अधिकारभन्दा माथि कुनै पनि प्रक्रिया र पद्दती हुन नसक्ने कुराको स्मरण पनि गराउँदछ । साथै विगतमा भएका समझदारी र सहमति अनुसार शान्तिपूर्ण र लोकतान्त्रिक विधिद्वारा राज्यको अग्रगामी पुर्नसंरचना गर्न सबै राजनीतिक पक्षसँग वार्ता र सहकार्यको प्रक्रिया भने जारी नै रहने छ" उल्लेख छ।

मंसीर ६, २०७०

**पुष्पकमल दाहाल 'प्रचण्ड'** अध्यक्ष
एकीकृत ने.क.पा.(माओवादी) केन्द्रीय समिति

# सेना र आयोग मिली धाँधली गरेको एमाओवादीको निष्कर्ष

एमाओवादीले मंसिर ४ को निर्वाचनपछि मतपेटीका मतगणनास्थलमा लाने क्रममा नेपाली सेना र निर्वाचन आयोग मिलेर धाँधली गरेको आरोप मात्र लगाएन वर्षमान पुनको संयोजकत्वमा कार्यदल नै गठन गरी छानविन गऱ्यो ।

कार्यदले सार्वजनिक गरेको प्रतिवेदनले तेस्रो सुरक्षा घेरामा मात्र रहने निर्देशन दिएको सेनाले मतपेटिका नियन्त्रणमा लिएको र निर्वाचन आयोगले १० बुँदे परिपत्र जारी गरी धाँधलीलाई नीतिगत मान्यता दिएको निष्कर्ष निकालेको हो ।

प्रतिवेदनमा 'सुरक्षा परिषद्ले सेना तेस्रो घेरामा बस्ने भनेको थियो, उसले मतपेटिका बोकेर हिँडेको छ, यो किन गरियो ?' प्रश्न गरिएको छ । प्रतिवेदनमा सेनाको संलग्नताबारे लेखिएको छ, "अधिकांश मतदान केन्द्रबाट भण्डारण स्थलसम्म मतपेटिका ढुवानी गर्ने जिम्मेवारी तेस्रो घेराको सुरक्षा निकायको जिम्मामा दिइयो । अधिकांश मतदान केन्द्रमा नेपाली सेनाको ब्यारेकलाई मतपेटिका भण्डारण गर्न स्थलकोरूपमा प्रयोग गरियो । सुरक्षाको व्यवस्थापनमा तेस्रो घेरामा सुरक्षाको जिम्मा लिने नेपाली सेनालाई मतपेटिका संकलन भण्डारण र गणनास्थलमा पहिलो घेरामा राख्ने काम भएकोले निर्वाचनको स्वतन्त्रता निष्पक्षता र पारदर्शितामा गम्भिर प्रश्न उठेको छ ।"

प्रतिनिधिसहित सवुत अवस्थामा प्राप्त भएको मतपेटिकामा लगाइएको सिल टुटफुट भएको अवस्थामा कसैको कर्तव्यबाट नभई ढुवानी तथा भण्डारणको क्रममा सिल टुटफुट वा घटीबढी भएको अवस्थामा पनि त्यस्ता मतपेटिकालाई सिल साबुतै भएको मानी मतगणना गर्ने भन्ने प्रति गम्भिर आशंका जनाएको छ ।

"दलका प्रतिनिधिलाई एकातिर ढुवानी र भण्डारण गर्ने ठाउँमा निषेध गरिन्छ र अर्कोतर्फ साबुत अवस्थामा मानिन्छ भने यो विरोधाभाषपूर्ण सर्कुलरको नियतमाथि गम्भीर षड्यन्त्र र धाँधलीको शंका रहेको छ ।" प्रतिवेदनमा भनिएको छ।

मतपत्र मतदातालाई दिँदा भुलवस अर्धकट्टीसहितको मतपत्र मतपेटिकामा रहन गएको अवस्थामा पनि त्यस्ता अर्धकट्टीलाई छोपी अलग राखी सो मतपत्रलाई मान्यता दिई मतगणना गर्ने, मतपत्रमा मतदान अधिकृतबाट हस्ताक्षर गर्दा कालो मसीले हस्ताक्षर गर्नुपर्ने भनि तोकिएको भएतापनि अलग रंगको मसी प्रयोग भएको अवस्थामा समेत उक्त मतपत्रलाई मान्यता दिई मतगणना गर्ने, मतपेटिका लगायत निर्वाचन कार्यमा प्रयोग भएका सवै सामग्रीहरु सावुत अवस्थामा निर्वाचन अधिकृतको कार्यालयमा प्रतिनिधि सहित बुझाउन ल्याएको फारम नं. ५८ को ढांचामा विवरण भरी नबुझाएको अवस्थामा पनि उक्त मतपेटिका तथा मतदान सामग्रीहरु दुरूस्त भएको मानी मतगणना गर्ने भन्ने आयोगद्वारा जारी उक्त निर्देशिकामा उल्लेख छ ।

मतदान केन्द्रबाट मतपेटिका भण्डारण स्थलसम्म ढुवानी गर्दा र भण्डारण गर्दा अधिकांश मतदान केन्द्रमा राजनैतिक दल वा उम्मेदवारका प्रतिनिधिलाई निषेध गरिएको, मतपेटिका भण्डारण स्थलवाट जिल्ला निवार्चन कार्यालयसम्म ढुवानी गर्दा अस्वाभाविक रूपमा घुमाउरो बाटो प्रयोग गरिएको र लामो समयसम्म मतपेटिका मतगणना केन्द्रमा नल्याइनु पनि नियोजित षड्यन्त्र भएको बताउने गरेको छ ।

४०/५० वटा निर्वाचन क्षेत्रबाट प्राप्त भएका तथ्यको आधारमा तयार पारिएको भनिएको उक्त प्रतिवेदनका आधारमा २४० क्षेत्रकै बारेमा विस्तृत अध्ययन गर्न सरकारले निष्पक्ष छानबिन आयोग बनाउनु पर्ने एमाओवादीको आग्रह छ ।

एकीकृत माओवादीले वर्षमान पुनको संयोजकत्वमा संविधानसभा निर्वाचन २०७० मा भएका गम्भीर षड्यन्त्र एवम् धाँधलीको सत्य तथ्य संकलन गर्ने उच्चस्तरीय कार्यदल गठन गरेको थियो । सो कार्यदलमा रामचन्द्र झा, खिमलाल देवकोटा, रामनारायण विडारी र जनकराज जोशी सदस्य रहेका छन् ।

# सेनाले भन्यो "सेनाको भूमिकामाथि प्रश्न नउठाऔं"

एकीकृत नेकपा माओवादीले संविधानसभा निर्वाचन २०७० मा सेना र निर्वाचन आयोग मिलि धाँधली गरेको भन्ने आरोपको सेनाले खण्डन गऱ्यो । धाँधलीको सत्य तथ्य संकलन गर्न एमाओवादीले गठन गरेको उच्चस्तरीय कार्यदलले लगाएको उक्त आरोपका सन्दर्भमा सेनाले प्रेस विज्ञप्ती जारी गरी आफ्नो भूमिकामाथि प्रश्न नउठाउन आग्रह गर्दै यस्तो विज्ञप्ती जारी गरेको छ :

**संविधानसभा निर्वाचन २०७० र नेपाली सेनाले निर्वाह गरेको भूमिका**

१. नेपालको अन्तरिम संविधान २०६३ अनुरूप नेपाल सरकारको वैधानिक निर्णय बमोजिम गत मंसिर ४ गते सम्पन्न भएको संविधानसभा निर्वाचनमा नेपाली सेना परिचालन भई, 'संविधानसभा निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्ने नेपाल सरकारको लक्ष्य अनुरूप' नेपाली सेनालाई प्राप्त कार्यादेश नेपाली सेनाले नितान्त इमान्दारीपूर्वक, उत्कृष्ट एवम् व्यवसायिक ढंगले सम्पन्न गरेको तथ्य सबै सामु छर्लङ्ग छ । नेपाली सेनाको यस भूमिकालाई नेपाल सरकार, निर्वाचन आयोग, कुटनीतिक क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वतन्त्र पर्यवेक्षक, नागरिक समाज, संचारजगत लगायत संलग्न सबै क्षेत्रबाट समेत प्रसंशा भएको सर्वविदितै छ ।

२. नेपाल सरकारको निर्णयबाट प्राप्त कार्यादेश बमोजिम नेपाली सेनाले आफ्नो जिम्मेवारी इमान्दार एवम् कर्तव्यनिष्ट भई पालना गरेको परिप्रेक्ष्यमा केही संचार माध्यममार्फत निर्वाचनमा धाँधली भएको भन्ने नाममा आधारहीन, तथ्यरहित एवम् भ्रमपूर्ण प्रचारबाजी गरी राष्ट्रिय सेनालाई अनावश्यकरूपमा विवादमा तानी नेपाली सेनाको अराजनैतिक एवम् व्यवसायिक चरित्रमाथि प्रहार गर्ने प्रयास एवम् प्रचारबाजीप्रति नेपाली सेनाको ध्यानाकर्षण भएको छ । नेपाली सेनाले निर्वाचनमा निर्वाह गरेको निष्पक्ष भूमिकालाई सम्पूर्ण नेपाली जनताले आत्मसात् गरी वास्तविकता बुझेको तथ्यप्रति नेपाली सेना विश्वस्त र गौरवान्वित छ । नेपाली सेना सदैव देश र जनताको सुरक्षाप्रति कटिबद्ध छ ।

# जानकारी दिन मिल्दैन

निर्वाचन आयोगले एकीकृत नेकपा माओवादीलाई निर्वाचनमा प्रयोग गरिएको स्रोत-साधनका विषयमा जानकारी दिन नमिल्ने जानकारी दिएको पत्रपत्रिकामा समाचार सार्वजनिक भएको छ । एमाओवादीले निर्वाचन आयोगले सर्कुलर जारी गर्नुपर्नाका कारण र देशभर प्रयोग भएका मतपत्रका विषयमा जानकारी माग्दै पत्र पठाएपछि आयोगले शसबै सूचना विवरण दिन नमिल्ने जवाफ दिएको हो । निर्वाचनमा धाँधली भएको भन्दै एमाओवादीले तथ्य संकलन गर्नका लागि बनाएको कार्यदलले सोधेको प्रश्नको मंसिर १८ गते जवाफ पठाउँदै आयोगले जानकारी दिन नमिल्ने बताएको थियो । निर्वाचन आयोगले जवाफमा पठायो "निर्वाचनका सवालमा अपनाएको सबै विवरण राजनीतिक दललाई दिन मिल्दैन, अदालतले मागेको खण्डमा मात्र आयोगले विवरण उपलब्ध गराउन सक्नेछ ।"

कार्यदलले आयोगसँग मतगणनाअगाडि निर्वाचन आयोग १० बुँदे सर्कुलर जारी गर्न किन बाध्य हुनुपऱ्यो ? सर्कुलर जारी गर्न कानूनसम्मत छ कि छैन ? देशभर के-कति मतपत्र लगिएको थियो र कति प्रयोगमा आयो ? भन्ने जानकारी उपलब्ध गराइदिन भन्दै पत्राचार गरेको थियो ।

# संविधानसभा निर्वाचन २०७० मा प्रत्यक्षतर्फको मंसिर १० गते सम्पन्न मतगणनाअन्तर्गत विजयी उम्मेदवारहरू:

| क्रस. | उम्मेदवारको नाम | जिल्ला |
|---|---|---|
| **नेपाली कांग्रेस** | | |
| १ | प्रकाशमान सिंह | काठमाडौं-१ |
| २ | नवीन्द्रराज जोशी | काठमाडौं-८ |
| ३ | ध्यानगोविन्द रन्जित | काठमाडौं-९ |
| ४ | राजनप्रसाद केसी | काठमाडौं-१० |
| ५ | गगनकुमार थापा | काठमाडौँ-४ |
| ६ | भीमसेनदास प्रधान | काठमाडौँ-६ |
| ७ | नरहरि आचार्य | काठमाडौँ-५ |
| ८ | मदनबहादुर अमात्य | ललितपुर-३ |
| ९ | दयशमशेर जबरा | ललितपुर-१ |
| १० | चन्द्र महर्जन | ललितपुर-२ |
| ११ | रामेश्वरप्रसाद ढुंगेल | भक्तपुर-२ |
| १२ | पार्वती डिसी चौधरी | दाङ-१ |
| १३ | सुशीला चौधरी | दाङ-२ |
| १४ | राजु खनाल | दाङ-३ |
| १५ | बुद्धिराम भण्डारी | दाङ-४ |
| १६ | दीपक गिरी | दाङ-५ |
| १७ | भीष्मराज आङदम्बे | पाँचथर-२ |
| १८ | केशव थापा | ईलाम-३ |
| १९ | सुधीरकुमार सिवाकोटी | झापा-२ |
| २० | कृष्णप्रसाद सिटौला | झापा-३ |
| २१ | केशवकुमार बुढाथोकी | झापा-५ |
| २२ | तारामान गुरूङ | संखुवासभा-१ |
| २३ | दीपक खड्का | संखुवासभा-२ |
| २४ | दिलिप खवास गच्छदार | मोरङ-३ |
| २५ | अमृतकुमार अर्याल | मोरङ ५ |
| २६ | महेश आचार्य | मोरङ ६ |
| २७ | डा. शेखर कोइराला | मोरङ ७ |
| २८ | डिगबहादुर लिम्बु | मोरङ ९ |
| २९ | सिताराम महतो | सुनसरी ४ |
| ३० | बलबहादुर केसी | सोलुखुम्बु १ |
| ३१ | रामहरि खतिवडा | ओखलढुंगा २ |
| ३२ | डा. नारायण खड्का | उदयपुर १ |
| ३३ | नारायणबहादुर कार्की | उदयपुर ३ |
| ३४ | तेजुलाल चौधरी | सप्तरी ५ |
| ३५ | सुरेन्द्रप्रसाद यादव | सप्तरी ६ |
| ३६ | पद्मनारायण चौधरी | सिरहा १ |
| ३७ | सितादेवी यादव | सिरहा ३ |

| क्रस. | उम्मेदवारको नाम | जिल्ला |
|---|---|---|
| ३८ | रामचन्द्र यादव | सिरहा ४ |
| ३९ | गणेशकुमार मण्डल | सिरहा ६ |
| ४० | आङतावा शेर्पा | रामेछाप १ |
| ४१ | मोहनप्रसाद बराल | सिन्धुली-२ |
| ४२ | दिनेशप्रसाद परसैला | धनुषा-१ |
| ४३ | रामकृष्ण यादव | धनुषा २ |
| ४४ | विमलेन्द्र निधि | धनुषा ३ |
| ४५ | प्रा.डा.चन्द्रमोहन यादव | धनुषा ५ |
| ४६ | प्रेमकिशोरप्रसाद साह तेली | धनुषा-६ |
| ४७ | किरण यादव | महोत्तरी २ |
| ४८ | सीताराम भण्डारी | महोत्तरी ६ |
| ४९ | रामचन्द्र चौधरी | सर्लाही २ |
| ५० | अमरेशकुमार सिंह | सर्लाही ६ |
| ५१ | अर्जुननरसिंह केसी | नुवाकोट १ |
| ५२ | डा. रामशरण महत | नुवाकोट २ |
| ५३ | बहादुरसिंह लामा तामाङ | नुवाकोट ३ |
| ५४ | तीर्थबहादुर लामा | काभ्रे-१ |
| ५५ | कञ्चनचन्द्र बादे | काभ्रे ३ |
| ५६ | मोहनबहादुर बस्नेत | सिन्धुपाल्चोक-१ |
| ५७ | ईन्द्रबहादुर बानियाँ | मकवानपुर-१ |
| ५८ | सुनीलकुमार यादव | रौतहट ५ |
| ५९ | राधेचन्द्र राय | बारा-२ |
| ६० | रामअयोध्याप्रसाद यादव | बारा-१ |
| ६१ | फर्मुल्लाह मन्सुर | बारा ३ |
| ६२ | राजेन्द्र अमात्य | पर्सा १ |
| ६३ | सुरेन्द्रप्रसाद चौधरी | पर्सा ४ |
| ६४ | शेषनाथ अधिकारी | चितवन २ |
| ६५ | सुशील कोइराला | चितवन ४ |
| ६६ | चन्द्रबहादुर कुवँर | लमजुङ २ |
| ६७ | यज्ञबहादुर थापा | कास्की-१ |
| ६८ | शारदा पौडेल | कास्की २ |
| ६९ | शंकर भण्डारी | तनहुँ-१ |
| ७० | रामचन्द्र पौडेल | तनहुँ २ |
| ७१ | राजु थापा | स्याङ्जा १ |
| ७२ | कमलप्रसाद पंगेनी | स्याङ्जा २ |
| ७३ | चन्द्रकान्त भण्डारी | गुल्मी-२ |
| ७४ | कृष्णबहादुर छन्तेल थापा | गुल्मी १ |
| ७५ | हरिप्रसाद नेपाल | पाल्पा-३ |

| क्रस. | उम्मेदवारको नाम | जिल्ला |
|---|---|---|
| ७६ | डा. शंशाङ्क कोइराला | नवलपरासी८ |
| ७७ | विक्रम खनाल | नवलपरासी ५ |
| ७८ | देवकरणप्रसाद कलवार | नवलपरासी ६ |
| ७९ | अब्दुल रज्जाक गद्दी | रुपन्देही १ |
| ८० | बालकृष्ण खाँड | रुपन्देही ३ |
| ८१ | भरतकुमार शाह | रुपन्देही ५ |
| ८२ | सुरेन्द्रराज आचार्य | कपिलवस्तु ४ |
| ८३ | रोमी गौचन थकाली | मुस्ताङ १ |
| ८४ | हरिबहादुर खड्का | बाग्लुङ १ |
| ८५ | प्रकाशशर्मा पौडेल | बाग्लुङ २ |
| ८६ | ज्ञानकुमारी छन्त्याल | बाग्लुङ ३ |
| ८७ | अर्जुनप्रसाद जोशी | पर्वत-१ |
| ८८ | राजीवविक्रम शाह | जाजरकोट २ |
| ८९ | पूर्णबहादुर खड्का | सुर्खेत १ |
| ९० | हृदयराम थानी | सुर्खेत २ |
| ९१ | तप्तबहादुर विष्ट | सुर्खेत ३ |
| ९२ | सुशील कोइराला | बाँके-३ |
| ९३ | सञ्जयकुमार गौतम | बर्दिया २ |
| ९४ | वीरबहादुर बलायर | डोटी १ |
| ९५ | दीर्घराज भाट | कैलाली ५ |
| ९६ | शेरबहादुर देउवा | कैलाली ६ |
| ९७ | नरबहादुर चन्द | बैतडी २ |
| ९८ | शेरबहादुर देउवा | डडेल्धुरा १ |
| ९९ | दिवानसिंह विष्ट | कञ्चनपुर १ |
| १०० | नारायणप्रकाश साउद | कञ्चनपुर २ |
| १०१ | बहादुरसिंह थापा | कञ्चनपुर ३ |
| १०२ | रमेश लेखक | कञ्चनपुर ४ |
| १०३ | जीवनबहादुर शाही | हुम्ला १ |
| १०४ | ललितजङ शाही | जुम्ला १ |
| १०५ | टेकबहादुर गुरूङ | मनाङ १ |

**नेकपा (एमाले)**

| क्रस. | उम्मेदवारको नाम | जिल्ला |
|---|---|---|
| १०६ | भुपेन्द्र थेबे | ताप्लेजुंग १ |
| १०७ | डम्बरध्वज तुम्बाहाम्फे | ताप्लेजुंग २ |
| १०८ | गणेशकुमार काम्बाङ् | पाँचथर १ |
| १०९ | झलनाथ खनाल | इलाम १ |
| ११० | सुवासचन्द्र नेम्बाङ् | इलाम २ |
| १११ | रविन कोइराला | झापा १ |
| ११२ | प्रेमबहादुर गिरी | झापा ४ |
| ११३ | दिपक कार्की | झापा ६ |
| ११४ | केपी शर्मा ओली | झापा ७ |
| ११५ | भवानीप्रसाद खापुङ् | तेह्रथुम १ |
| ११६ | कृपासुर शेर्पा | भोजपुर १ |
| ११७ | शेरधन राई | भोजपुर २ |
| ११८ | टिकाराम चेम्जोङ् लिम्बू | धनकुटा १ |
| ११९ | ऋषिकेश पोखरेल | मोरङ् १ |
| १२० | चण्डिप्रसाद राई | मोरङ् २ |
| १२१ | शिवकुमार मण्डल केवट | मोरङ् ४ |
| १२२ | चन्द्रबहादुर गुरूङ | मोरङ् ८ |
| १२३ | रेवतीरमण भण्डारी | सुनसरी २ |
| १२४ | भीमप्रसाद आचार्य | सुनसरी ६ |
| १२५ | पाँचकर्ण राई | खोटाङ् १ |
| १२६ | विशाल भट्टराई | खोटाङ् २ |
| १२७ | यज्ञराज सुनुवार | ओखलढुंगा १ |
| १२८ | मञ्जुकुमारी चौधरी | उदयपुर २ |
| १२९ | ताराकान्त चौधरी | सप्तरी ४ |
| १३० | रामचन्द्र यादव | सिरहा २ |
| १३१ | पार्वत गुरूङ | दोलखा १ |
| १३२ | आनन्दप्रसाद पोखरेल | दोलखा २ |
| १३३ | गणेशकुमार पहाडी | सिन्धुली १ |
| १३४ | शत्रुधन महतो | धनुषा ७ |
| १३५ | रामदयाल मण्डल | महोत्तरी ३ |
| १३६ | दीपनारायण साह | महोत्तरी ५ |
| १३७ | हरिप्रसाद उप्रेती | सर्लाही ३ |
| १३८ | जनार्दन ढकाल | रसुवा १ |
| १३९ | धनबहादुर घले | धादिङ १ |
| १४० | गुरुप्रसाद बुर्लाकोटी | धादिङ २ |
| १४१ | राजेन्द्रप्रसाद पाण्डे | धादिङ ३ |
| १४२ | माधवकुमार नेपल | काठमाडौं २ |
| १४३ | रामेश्वर फुयाँल | काठमाडौं ३ |
| १४४ | रामवीर मानन्धर | काठमाडौं ७ |
| १४५ | रामहरि सुवेदी | काभ्रेपलाञ्चोक २ |
| १४६ | विदुरप्रसाद सापकोटा | काभ्रेपलाञ्चोक ४ |
| १४७ | शेरबहादुर तामाङ् | सिन्धुपाल्चोक ३ |
| १४८ | सुभासचन्द्र शाह ठकुरी | मकवानपुर २ |
| १४९ | अनन्तप्रसाद पौडेल | मकवानपुर ३ |
| १५० | राजराम स्याङतान | मकवानपुर ४ |
| १५१ | माधवकुमार नेपाल | रौतहट १ |
| १५२ | रामकुमार भट्टराई | रौतहट ६ |
| १५३ | नजमा खातुन | बारा ४ |
| १५४ | बलवीरप्रसाद चौधरी | बारा ५ |
| १५५ | पुरूषोत्तम पौडेल | बारा ६ |
| १५६ | विचारीप्रसाद यादव | पर्सा २ |
| १५७ | राजकुमार गुप्ता | पर्सा ३ |
| १५८ | जयप्रकाश थारू | पर्सा ५ |
| १५९ | सुरेन्द्रप्रसाद पाण्डे | चितवन १ |
| १६० | कृष्णभक्त पोखेल | चितवन ३ |
| १६१ | जमिन्द्रमान घले | लमजुङ १ |
| १६२ | रविन्द्र अधिकारी | कास्की ३ |
| १६३ | सीता गिरी (ओली) | कास्की ४ |
| १६४ | टुकराज सिग्देल | तनहुँ ३ |

| क्रस. | उम्मेदवारको नाम | जिल्ला |
|---|---|---|
| १६५ | मुक्तिप्रसाद पाठक | स्याङ्जा ३ |
| १६६ | गोकर्णराज विष्ट | गुल्मी ३ |
| १६७ | राधाकृष्ण कँडेल | पाल्पा १ |
| १६८ | सोमप्रसाद पाण्डे | पाल्पा २ |
| १६९ | डा. दुमनसिंह थापा क्षेत्री | अर्घाखाँची २ |
| १७० | जीवन श्रेष्ठ | नवलपरासी २ |
| १७१ | कृष्णप्रसाद पौडेल | नवलपरासी ३ |
| १७२ | वैजनाथ चौधरी थारू | नवलपरासी ४ |
| १७३ | विष्णुप्रसाद पौडेल | रुपन्देही ४ |
| १७४ | बलराम अधिकारी | कपिलवस्तु १ |
| १७५ | नवराज शर्मा | म्याग्दी १ |
| १७६ | विकास लम्साल | पर्वत २ |
| १७७ | बामदेव गौतम | प्यूठान १ |
| १७८ | हिराबहादुर केसी | प्यूठान २ |
| १७९ | प्रकाश ज्वाला | सल्यान २ |
| १८० | धनबहादुर बुढा | डोल्पा १ |
| १८१ | अम्मरबहादुर थापा | दैलेख १ |
| १८२ | लक्ष्मीप्रसाद पोखरेल | दैलेख २ |
| १८३ | अमर शर्मा देवराज भार | बाँके १ |
| १८४ | दिनेशचन्द्र यादव | बाँके २ |
| १८५ | दलबहादुर सुनार | बाँके ४ |
| १८६ | बामदेव गौतम | बर्दिया १ |
| १८७ | कर्णबहादुर थापा | बाजुरा १ |
| १८८ | भीमबहादुर रावल | अछाम १ |
| १८९ | भरत साउँद | अछाम २ |
| १९० | मानप्रसाद खत्री | बझाङ १ |
| १९१ | लालबहादुर रावल | बझाङ २ |
| १९२ | प्रेमबहादुर आले | डोटी २ |
| १९३ | मोहनसिह राठौर | कैलाली २ |
| १९४ | गणेशसिंह ठगुन्ना | दार्चुला १ |
| १९५ | मोहन बानियाँ | मुगु १ |
| १९६ | दामोदर भण्डारी | बैतडी १ |
| **एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)** | | |
| १९७ | शिवकुमार मण्डल केवट | मोरङ ४ |
| १९८ | मानपुर चौधरी | सप्तरी १ |
| १९९ | उमेशकुमार यादव | सप्तरी ३ |
| २०० | श्यामकुमार श्रेष्ठ | रामेछाप २ |
| २०१ | हरिवोलप्रसाद गजुरेल | सिन्धुली ३ |
| २०२ | गिरीराजमणि पोखरेल | महोत्तरी १ |
| २०३ | शम्भुलाल श्रेष्ठ | सर्लाही १ |
| २०४ | अग्निप्रसाद सापकोटा | सिन्धुपाल्चोक २ |
| २०५ | प्रभु साह | रौतहट ३ |
| २०६ | सत्यनारायण भगत विन | रौतहट ४ |
| २०७ | डा. बाबुराम भट्टराई | गोरखा १ |

| क्रस. | उम्मेदवारको नाम | जिल्ला |
|---|---|---|
| २०८ | हितराज पाण्डे | गोरखा २ |
| २०९ | छमबहादुर गुरूङ | गोरखा ३ |
| २१० | टोपबहादुर रायमाझी | अर्घाखाँची १ |
| २११ | गणेशमान पुन | रूकुम १ |
| २१२ | जनार्दन शर्मा | रूकुम २ |
| २१३ | कृष्णबहादुर महरा | रोल्पा १ |
| २१४ | ओनसरी घर्ती | रोल्पा २ |
| २१५ | टेकबहादुर वस्नेत | सल्यान १ |
| २१६ | पुष्पकमल दाहाल | सिराहा ५ |
| २१७ | शक्तिबहादुर बस्नेत | जाजरकोट १ |
| २१८ | सन्तकुमार थारू | बर्दिया ३ |
| २१९ | मानबहादुर थारू | बदिया ४ |
| २२० | गौरीशंकर चौधरी | कैलाली ४ |
| २२१ | महेन्द्रबहादुर शाही | कालिकोट २ |
| २२२ | अशोककुमार मण्डल (अमर) | सप्तरी २ |
| **राष्ट्रिय प्रजातन्त्र पार्टी** | | |
| २२३ | सुनिलबहादुर थापा | धनकुटा २ |
| २२४ | विक्रम पाण्डे | चितवन ५ |
| २२५ | दीपक बोहरा | रुपन्देही २ |
| **मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)** | | |
| २२६ | विजयकुमार गच्छदार | सुनसरी ३ |
| २२७ | मो. मुस्ताक आलम | रौतहट २ |
| २२८ | जनकराज चौधरी | कैलाली १ |
| २२९ | रामजनम चौधरी | कैलाली ३ |
| **तराई-मधेश लोकतान्त्रिक पार्टी** | | |
| २३० | जंगिलाल राय | सर्लाही ५ |
| २३१ | सर्वेन्द्रनाथ शुक्ला | रुपन्देही ६ |
| २३२ | कमलेश्वर पूरी गोस्वामी | रुपन्देही ७ |
| २३३ | बृजेशकुमार गुप्ता | कपिलवस्तु ३ |
| **मधेशी जनअधिकार फोरम, नेपाल** | | |
| २३४ | उपेन्द्र यादव | सुनसरी ५ |
| २३५ | अभिषेशप्रताप शाह | कपिलवस्तु ५ |
| **स्वतन्त्र** | | |
| २३६ | चन्देश्वर झा | महोत्तरी ४ |
| २३७ | अतहरकमाल मुसलमान | कपिलवस्तु २ |
| **नेपाल मजदुर किसान पार्टी** | | |
| २३८ | नारायणमान बिजुक्छे | भक्तपुर १ |
| **सद्भावना पार्टी** | | |
| २३९ | सञ्जयकुमार साह | धनुषा ४ |
| **तराई मधेश सद्भावना पार्टी नेपाल** | | |
| २४० | महेन्द्रराय यादव | सर्लाही ४ |

# प्रत्यक्षमा दुई दलित विजयी

मंसिर ४ गते सम्पन्न संविधानसभा सदस्य निर्वाचन २०७० मा प्रत्यक्षतर्फ जम्मा २ जना दलित उम्मेदवार विजयी भएका छन् । बाके ४ बाट नेकपा एमालेका उम्मेदवार दलबहादुर सुनार र महोत्तरी ३ बाट नेकपा एमालेकै रामदयाल मण्डल निर्वाचित भएका हुन् । सुनारले १५,१७९ मत ल्याएर विजयी भएका हुन् भने उनका निकटतम प्रतिद्वन्द्वी नेपाली काग्रेसका कृष्णमान श्रेष्ठले १०,८१५ मत ल्याएका थिए । यसैगरी मण्डलले ७,८४९ मत प्राप्त गरेर विजयी हुदा उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका रामचन्द्र तिवारीले ४८०६ मत ल्याएका थिए ।

यो निर्वाचनमा एनेकपा माओवादीले यो निर्वाचनमा ९ जना  र नेकपा एमालेले ६ जना दलित उम्मेदवार चुनावी मैदानमा उतारेको थियो भने नेपाली कांग्रेसले भने एकजना पनि दलित उम्मेदवार उठाएको थिएन ।

अघिल्लो संविधानसभा सदस्य बनेका र यसपटक पनि उम्म्ेदवारी दिनुभएका दलित नेताहरूले पर ाजय व्यहोर्नु परेको छ । चितवन क्षेत्र नम्बर २ बाट उम्मेदवारी दिएका एनेकपा माओवादीका विश्वभक्त दुलाल आहुतिले भारी मत अन्तरले पराजय व्यहोर्नु परेको छ ।

यसैगरी कृषिमन्त्रीसमेत भइसकेका  नेकपा एमालेका पोलिटब्युरो सदस्य छविलाल विश्वकर्माले झिनो मत अन्तरले हार व्यहोर्नु पर्‍यो । यस्तै पूर्वसहायकमन्त्री नेकपा एमालेका लालबहादुर विश्वकर्माले पनि हार व्यहोर्नुपर्‍यो । बाके १ बाट एनेकपा माओवादीका महेश्वर गहतराजले पनि हार व्यहोर्नु पर्‍यो । एनेकपा माओवादीकै बलिया गोपी अछामीले पनि भारी मत अन्तरले मोरङ ८ बाट हार व्यहोर्नु परेको छ ।

# प्रत्यक्षतर्फ १० महिला विजयी

राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरिनुपर्ने मान्यता भए पनि संविधानसभा निर्वाचनको घोषित परिणाममा प्रत्यक्षतर्फ १० जना महिला मात्र विजयी भएका छन् ।

विजयी महिला उम्मेदवारमा नेपाली कांग्रेसबाट ६, नेकपा (एमाले) बाट ३ र एकीकृत नेकपा (माओवादी) बाट १ जना गरी १० रहेका छन् ।

नेपाली कांग्रेसबाट दाङ-१ बाट नेत्री पार्वती डिसी चौधरी, दाङ-२ मै सुशीला चौधरी विजयी भएका हुन् । कास्की-२ मा शारदा पौडेल, बागलुङ-३ मा ज्ञानकुमारी छन्त्याल, महोत्तरी-२ बाट किरण यादव र सिरहा ३ बाट सीतादेवी यादव रहेका छन् ।




**तस्विर स्रोत :एक्सनेपाली डट नेट**

त्यस्तै एमालेबाट कास्की-४ बाट सीता गिरी ओली, बारा-४ बाट नजमा खातुन र उदयपुर-२ बाट मञ्जुकुमारी चौधरी विजयी भएका छन् ।

रोल्पा-२ मा एमाओवादी नेत्री ओनसरी घर्तीमगर विजयी भएकी छिन् ।

स्मरण रहोस् नजमा खातुन मोहम्मद आलमको श्रीमती हुन् । बारा ४ का उम्मेदवार रहेका आलमको

निर्वाचनको प्रसारप्रसारका क्रममा हिंड्ने क्रममा गोली हानी हत्या भएको थियो । एमालेले आलमको रिक्त ठाउँमा उनकै श्रीमती खातुनलाई उम्मेदवार बनाएको थियो ।

यस निर्वाचनमा मुख्य तीन पार्टीका प्रत्यक्षतर्फबाट एकीकृत नेकपा (माओवादी) मा २९ जना, नेपाली काँग्रेसमा २२ जना र नेकपा (एमाले) ले २४ जना महिला उम्मेदवारी बनाएको थियो ।

नेपाल मजदुर किसान पार्टीले ३४ जना महिला, मधेसी जनअधिकार फोरम नेपालले २१ महिला, नेपाल परिवार दलले २६ जना महिला, राष्ट्रिय जनमोर्चाले २८ जना महिला उम्मेदवारी बनाएको थिए । महिला उम्मेदवारमा रामग्राम ७ उजेनीकी सैथवार नवलपरासी क्षेत्र नम्बर ६ बाट तेस्रो लिंगीबाट उम्मेदवारी दिएकी थिइन ।

अघिल्लो संविधानसमा निर्वाचनपछि गठित संविधानसभा विधायिकामा ६०१ सदस्यमध्ये १९७ महिला रहेका थिए । जसमा प्रत्यक्षतर्फबाट ३०, समानुपातिकतर्फबाट १६२ तथा मनोनिततर्फबाट पाँच महिलाको प्रतिनिधित्व रहेको थियो ।

पहिलो त महिलालाई उम्मेदवार बनाउनै दलहरु चाहँदैनन् भने बनाइ हाले पनि कमजोर ठाउँमा उठाइने गरेको पाइन्छ । निर्वाचन आयोगले समानुपातिक तर्फ ३३ प्रतिशत पुऱ्याउनै पर्ने बाध्यता हुँदा लिष्टमा परे पनि परिणाम आएपछि पार्टीको आवश्यकता भन्दै पुरूषलाई नै छनौट गर्ने गरिएको देखिन्छ । मतदानमा महिला सहभागिता बढी हुने तर महिला उम्मेदवार पराजित हुने बिडम्बना मान्नुपर्दछ । कुनै पनि दलले कानूनले व्यवस्था गरेअनुसार ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गराउने विषयमा कडाइका साथ व्यवहारमा कार्यान्वयन गरेको देखिदैन ।"

# राप्ती अञ्चलबाट तीनजना, पूर्वाञ्चलबाट दुई महिला निर्वाचित

दोस्रो संविधानसभाको निर्वाचनमा राप्ती अञ्चलका पाँच जिल्लाका १३ निर्वाचन क्षेत्रबाट तीनजना महिला निर्वाचित भएका छन् । तीनै जना जनजाति महिला हुन् ।

दाङ क्षेत्र नं १ बाट नेपाली कांग्रेसकी पार्वती डिसी चौधरीले आठ हजार ७१९ मत प्राप्त गरी विजयी बन्न सफल भइन उनका निकटतम प्रतिद्वन्द्वी एकीकृत नेकपा (माओवादी)का नारायणी शर्माले पाँच हजार ६०८ मत प्राप्त गरेकी थिइन ।

दाङ क्षेत्र नं २ बाट नेपाली कांग्रेसकी सुशीला चौधरी १० हजार ४३० मत प्राप्त गरी विजयी भइन भने उनको प्रतिद्वन्द्वी बनिन् यसअघि २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा भने हाल नेकपा-माओवादीमा रहेकी दामा शर्मा निर्वाचित भएकी थिइन ।

रोल्पा क्षेत्र नं २ बाट एमाओवादीका ओनसरी घर्तीमगर १४ हजार ९६४ मत प्राप्त गरी विजयी भइन उनको निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका कुमार दशौदीले ९ हजार ३७२ मत प्राप्त गरेका थिए ।

राप्ती अञ्चलका पाँचवटा जिल्लाबाट विभिन्न दल र स्वतन्त्र गरी ३४ जना महिला चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए ।

त्यसैगरी प्रत्यक्षतर्फबाट पूर्वाञ्चलबाट उदयपुरको क्षेत्र नं. २ बाट प्रत्यक्षतर्फ चुनाव लडेकी नेकपा एमालेकी मन्जु चौधरी र सिरहाको क्षेत्र नं. ३ बाट चुनाव लडेका कांग्रेसका सितादेवी यादव विजयी बनेका छन् ।

५० हजार ४१ मतदाता रहेको सिरहाको क्षेत्र नं. ३ मा नेपाली कांग्रेसकी सितादेवी यादवले नेकपा एमालेका प्रमोद यादवलाई फराकिलो अन्तरले हराउँदै ११ हजार १ सय ४२ मत प्राप्त गरी विजयी भईन । उदयपुरको क्षेत्र नं. २ मा ३२ हजार ४०३ मध्ये नेपाली कांग्रेसकी प्रमिला राईलाई २३ मतले पछाडि पार्दै नेकपा एमालेकी मञ्जु चौधरी ७ हजार ५ सय ३४ मत प्राप्त गरी विजयी भइन् ।

निर्वाचनमा पूर्वाञ्चलबाट ९३ राजनीतिक दलले भाग लिएका थिए । जसमा १ हजार ३ सय ३२ पुरुष र १ सय ५५ जना महिला प्रत्यक्ष तर्फको चुनावी मैदानमा थिए ।

# समानुपातिकमा ३० दलको प्रतिनिधित्व

निर्वाचन आयोगले मङ्सिर ४ मा सम्पन्न संविधानसभाको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत मतसंख्याको बाँडफाँडबाट संविधानसभामा ३० दलको सहभागिता हुनेभएको छ । निर्वाचनमा भाग लिएका १२२ दलमध्ये ३० दलले मात्र सो निर्वाचन प्रणाली अन्तर्गतको सिट सङ्ख्या प्राप्त गर्न सफल भएका हुन् । यसपटकको निर्वाचनमा कम्तीमा २१ हजारभन्दा बढी मत प्राप्त गरेका दलले एक सिट प्राप्त गरेका छन् ।

देशलाई एउटै निर्वाचन क्षेत्र निर्धारण गरी दलले प्राप्त गरेको मतका आधारमा संविधानसभामा सिट सङ्ख्या बाँडफाँड हुने निर्वाचन प्रणाली नै समानुपातिक निर्वाचन हो । नेपालमा विसं २०६४ मा सम्पन्न पहिलो संविधानसभामा पहिलोपटक यसको प्रयोग गरिएको थियो । मतविभाजनको सुत्रका आधारमा सिट विभाजन भएको थियो ।

समानुपातिकमा कुल ३३५ सिट सङ्ख्या रहेकोमा निर्वाचनमा भाग लिएका १२२ दलका तर्फबाट दसहजार ७०९ उम्मेदवार चुनावी मैदानमा रहेका थिए । समानुपातिक निर्वाचनमा ९४ लाख ६३ हजार ८६२ मत खसेको निर्वाचन आयोगले जानकारी दिएको छ । अघिल्लो संविधानसभामा २५ दलको सहभागिता रहेको थियो ।

संविधानसभा निर्वाचनअन्तर्गत ३३५ स्थान रहेको समानुपातिक निर्वाचनका लागि यसअघि एकसय बाइस दलले ११ हजार ११ जना उम्मेदवारको नाम समानुपातिक निर्वाचनका लागि बन्दसूचीमार्फत आयोगमा बुझाएका थिए । बुझाएका उम्मेदवार हरूको नामावलीमाथि आयोगले छानविन गर्दा उमेर नपुगेका, मतदाता नामावलीमा नाम नभएका, पहिलो हुने निर्वाचित हुने निर्वाचन र समानुपातिक निर्वाचन दुवैतर्फ नाम भएका, लाभको पदमा रहेका

| क्र. | राजनीतिक दल | प्रत्यक्ष | प्राप्त सिट | जम्मा |
|---|---|---|---|---|
| १ | नेपाली कांग्रेस | १०५ | ९१ | १९६ |
| २ | नेकपा (एमाले) | ९१ | ८४ | १७५ |
| ३ | एकीकृत नेकपा (माओवादी) | २६ | ५४ | ८० |
| ४ | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ० | २४ | २४ |
| ५ | मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक) | ४ | १० | १४ |
| ६ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३ | १० | १३ |
| ७ | मधेसी जनअधिकार फोरम नेपाल | २ | ८ | १० |
| ८ | तराई मधेस लोकतान्त्रिक पार्टी | ४ | ७ | ११ |
| ९ | सद्भावना पार्टी | १ | ५ | ६ |
| १० | नेकपा (माले) | ० | ५ | ५ |
| ११ | सङ्घीय समाजवादी पार्टी नेपाल | ० | ५ | ५ |
| १२ | नेपाल मजदुर किसान पार्टी | १ | ३ | ४ |
| १३ | राष्ट्रिय जनमोर्चा | ० | ३ | ३ |
| १४ | नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) | ० | ३ | ३ |
| १५ | राष्ट्रिय मधेस समाजवादी पार्टी | ० | ३ | ३ |
| १६ | राष्ट्रिय जनमुक्ति पार्टी | ० | २ | २ |
| १७ | तराई मधेस सद्भावना पार्टी नेपाल | १ | २ | ३ |
| १८ | थरूहट तराई पार्टी नेपाल | ० | २ | २ |
| १९ | नेपाल परिवार दल | ० | २ | २ |
| २० | दलित जनजाति पार्टी | ० | २ | २ |
| २१ | अखण्ड नेपाल पार्टी | ० | १ | १ |
| २२ | मधेसी जनाधिकार फोरम (गणतान्त्रिक) | ० | १ | १ |
| २३ | नेपाली जनता दल | ० | १ | १ |
| २४ | खुम्बुवान राष्ट्रिय मोर्चा | ० | १ | १ |
| २५ | नेपाः राष्ट्रिय पार्टी | ० | १ | १ |
| २६ | जनजागरण पार्टी नेपाल | ० | १ | १ |
| २७ | सङ्घीय सद्भावना पार्टी | ० | १ | १ |
| २८ | मधेस समता पार्टी नेपाल | ० | १ | १ |
| २९ | समाजवादी जनता पार्टी | ० | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| ३० | सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च(थरूहट) | ० | १ | १ |
| ३१ | स्वतन्त्र | २ | ० | २ |
| | **जम्मा** | **२४०** | **३३५** | **५७५** |

र उम्मेदवार स्वयम्ले आफ्नो नाम फिर्ता लिएका कारण आयोगले विभिन्न दलका ३०२ जना उम्मेदवारको नाम बन्दसूचीबाट हटाएको हो । अन्तिम बन्दसूचिमा १० हजार ७०९ उम्मेदवारमध्ये पुरूष पाँच हजार ४४८ र महिला पाँच हजार २९१ रहेको थिए ।

समानुपातिक निर्वाचनका लागि एकीकृत नेकपा (माओवादी)का पुरूष १६६ र महिला १६६ गरी ३३२ जना, नेपाली काँग्रेसको १६७ पुरूष र १६७ जना महिला गरी ३३४, नेकपा (एमाले)को १६८ पुरूष र १६५ महिला गरी ३३३, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको १६७ पुरूष र १६३ महिला गरी ३३०, नेकपा (माले) को १६६ जना पुरूष र १६६ जना महिला गरी ३३२ उम्मेदवार रहेका थिए । ती दलहरूले ३३५ जनाकै नाम बन्दसूचीमार्फत आयोगमा बुझाएका थिए । यसैगरी तराई मधेस लोकतान्त्रिक पार्टीको ५० पुरूष र ५० महिला गरी १००, सद्भावना पार्टीको ५० पुरूष र ५० महिला गरी १००, राष्ट्रिय प्रजातन्त्र पार्टीको १६७ पुरूष र महिला १५१ गरी ३१८, मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)को १५६ पुरूष र ११५ महिला गरी २७१, मधेसी जनअधिकार फोरम नेपालको पुरूष ४६ र महिला ५४ गरी १०० उम्मेदवार रहेका थिए ।

स्थायी र अस्थायीसमेत गरी देशका १८ हजार ७७५ मतदान केन्द्रको मतगणना सकिएर पूर्ण विवरण आउँदा पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ७८.३४ प्रतिशत(९५ लाख १६ हजार ७ सय २४) र समानुपातिक निर्वाचन प्रणालीतर्फ ७९.८२ प्रतिशत (९७ लाख ७६ हजार ७ सय ३) मत खसेको थियो । पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ बदर मत प्रतिशत ४.९६ प्रतिशत र समानुपातिक निर्वाचन प्रणालीतर्फ ३.२० प्रतिशत रहेको छ । २०६४ सालको संविधानसभा निर्वाचनभन्दा यस निर्वाचनमा बदर मत प्रतिशतमा कमि आएको जानकारी आयोगले गराएको छ । अघिल्लो संविधानसभामा प्रत्यक्षतर्फ ५.१५ र समानुपातिकतर्फ ३.६६ प्रतिशत मत बदर भएको थियो । यसरी हेर्दा अघिल्लो निर्वाचनको तुलनामा प्रत्यक्षतर्फ ०.१९ र समानुपातिकतर्फ ०.४६ घटेको हो ।

# कसरी छनौट गरिन्छ समानुपातिक सिट ?

समानुपातिक तर्फको मत गणना गर्ने विधि संविधानसभाको निर्वतमान अध्यादेश २०७० को अनुसूची ३ मा दिइएको छ । मत परिणाम विभाजक सूत्र अनुसार प्रत्येक राजनैतिक दलको लागि खसेको मतलाई भाग गर्ने पद्वतिले श्रृङ्खलावद्ध रूपमा भाग गरिनेछ । यस अनुसार प्रत्येक दलले प्राप्त गरेको मत परिणामलाई धेरै भाजकहरूले भाग गरिन्छ (उदाहरण : १.४, ३, ५, ७, ९ आदि) त्यसरी भाग प्राप्त हुने नतिजालाई दलको भागफल (क्योसेन्ट) भनिन्छ । भागफल प्राप्त भएपछि सीट संख्याहरु ठूलो भागफलबाट सानोलाई बाँडफाँड गर्दै सीट नसकिँदासम्म बाँडफाँड गरिन्छ । यसरी बाँडफाँड गर्दा कुनै राजनैतिक दलले जतिसुकै मत प्राप्त गरेको भएतापनि त्यस्तो राजनैतिक दलले सूचीमा सूचीकृत गरेको उम्मेदवार संख्यामा सीमित रही त्यस्तो राजनैतिक दलले प्राप्त गर्ने सीटको बाँडफाँड गरिन्छ ।

मत परिणाम विभाजक सूत्र अनुसार राजनैतिक दलहरूले प्राप्त गरेको कुल सदर मतलाई भाग गरी दलले प्राप्त गर्ने सीट संख्या बाँडफाँड गर्दा कुनै सीटका सम्बन्धमा एकभन्दा बढी राजनैतिक दलको बराबर भागफल रहेको पाइएमा गोला हाली उक्त सीट कुन राजनैतिक दलले प्राप्त गर्ने भन्ने कुराको निर्धारण गरिन्छ ।

सिट संख्या निश्चित गरेपछि सो राजनैतिक दलले आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरूमध्ये राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिको निर्णयले छनौट गरी आयोग समक्ष पेश भएका उम्मेदवारहरु निर्वाचित भएको घोषणा आयोगले गर्नेछ । यसरी निर्वाचित भएको उम्मेदवारको नाम आयोगले राष्ट्रपति समक्ष पठाउनु पर्ने व्यवस्था छ । आयोगले सो नामावली नेपाल राजपत्रमा समेत प्रकाशन गर्दछ ।

# भोट नदिएको भन्दै कुटपिट

पाँचथर जिल्ला यासोक गाविस १ घर भई तेह्रथुम जिल्लाको म्याङलुङ गाविस ४ बस्ने २७ वर्षीया देवीमाया लुङ्गेली मगरलाई मङसिर २६ गते बेलुका सोही गाविस २ निवासी नेपाली कांग्रेस निकट तरूणदलका जिल्ला सदस्य विश्वप्रकाश तुम्वाहाम्फेले रूख चिन्हमा मतदान नगरेको भन्दै कुटपिट गरे । संविधानसभाको निर्वाचनमा तुम्बाहाम्फेले आफ्ना काका नेपाली कांग्रेसका प्रत्यक्षतर्फका उम्मेदवार तुलसी सुब्बाको चुनाव चिन्ह रूखमा मतदान नगरेको विषयलाई लिएर देवीमायामाथि कुटपिट गरेका थिए । तुम्बाहाम्फेले पीडितलाई लात्ती र मुड्का प्रहार गरी घाइते बनाएका थिए ।

त्यसैगरी घरभेटीलाई मतदान नगर्ने एक डेरावाल कोठाबाट निकालिएका छन् । तेह्रथुम म्याङलुङ गाविस १ म्याङलुङ बजारका राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यवाहक जिल्ला अध्यक्ष शुभभगत प्रधानाङ्गले आफ्नो घरमा डेरा गरी बस्ने प्रेमप्रकाश गुरागाईलाई आफूलाई मतदान नगरेको भन्दै घर निकाला गरे । मंसिर २३ गते बेलुकी प्रधानाङ्गले आफूलाई पहिले देखिनै राप्रपामा मतदान दिन दबाब दिने गरेको समेत बताएका छन् ।

# ५ हजार भन्दा बढीको जमानत जफत

संविधानसभाको दोस्रो चुनावमा उम्मेदवारी दिएका ६ हजार ७७ जना उम्मेदवार मध्ये ५ हजार भन्दा बढीको जमानत नै जफत भएको छ ।

चुनावमा एमाओवादीका २ सय ४० उम्मेदवार मध्ये ४० जनाको जमानत जफत भएको छ । त्यसैगरी प्रत्यक्षतर्फ ९१ सिट जितेको एमालेका पनि २३ जना उम्मेदवारले जमानत जोगाउन सकेनन् । त्यसैगरी प्रत्यक्षतर्फको नतिजामा सबैभन्दा ठूलो दल बनेको नेपाली कांग्रेसबाट पनि ८ जना उम्मेदवारको जमानत जफत भएको छ ।

जमानत जफत हुनेमा एमाओवादीका ४ केन्द्रीय नेता समेत छन् । एमाओवादीका वैकल्पिक केन्द्रीय सदस्यहरू काठमाडौं ५ बाट महेन्द्रकुमार श्रेष्ठ, सप्तरी ५ बाट सरस्वतीकुमारी चौधरी, सुनसरी २ बाट रामकुमारी चौधरी र कपिलवस्तु २ बाट रामलौट तिवारी छन् । त्यसैगरी बारा १ बाट पूर्वराज्यमन्त्री ज्वालाकुमारी साहको पनि जमानत जफत भएको छ । एमाओवादीबाट काठमाडौं ८ मा उम्मेदवारी दिएका पूर्वमहान्यायाधिवक्ता मुक्तिनारायण प्रधानको र भक्तपुर २ का देवीप्रसाद ढकालको पनि जमानत जफत भएको छ ।

एमालेमा धनुषा ४ बाट उम्मेदवारी दिएका वैकल्पिक केन्द्रीय सदस्य श्रीप्रसाद साहको जमानत जफत भएको छ । बाराको क्षेत्र १ र २ मा एमाले उम्मेदवारले जमानत जोगाउन सकेनन् । महोत्तरीको ४ वटा क्षेत्रमा एमाले उम्मेदवारको जमानत जफत भयो । रुपन्देही, सर्लाही र कपिलवस्तुका २/२ एमाले उम्मेदवारले जमानत जोगाएनन् । बााके क्षेत्र ३ की एमाले उम्मेदवार विजया धितालको पनि जमानत जफत भएको छ ।

कांग्रेसले सप्तरी १, सिरहा ५, महोत्तरी ४, सर्लाही ४, रौतहट १, रुपन्देही ७, कपिलवस्तु २ र डोल्पाका उम्मेदवारले जमानत जोगाउन सकेनन् ।

त्यसैगरी अन्य दलका चर्चित नेताहरूमा बद्रिप्रसाद मण्डल, संघीय समाजवादीका उपाध्यक्ष मुहम्मद रिजवान अन्सारी, फोरम लोकतान्त्रिकका उपाध्यक्ष दानबहादुर चौधरी, नेपाल सद्भावना पार्टीकी अध्यक्ष सरिता गिरी, पूर्वमन्त्री बद्रिप्रसाद न्यौपाने राष्ट्रिय मधेस समाजवादी पार्टीका पूर्वप्रहरी महानिरीक्षक प्रदीपशमशेर जबरा, स्वतन्त्र उम्मेदवार बबन सिंह, फोरम नेपालकी कोषाध्यक्ष तथा पूर्वमन्त्री रेणु यादव र करिमा बेगमले पनि आफ्नो जमानत जोगाउन सकेनन् ।

अघिल्लो संविधानसभाको निर्वाचनमा ३ हजार १ सय ५९ जनाको धरौटी जफत भएको थियो । यी मध्ये माओवादी २८ जना, एमालेका २३ र कांग्रेसका १४ जनाको जमानत जफत भएको थियो ।

प्रत्यक्षमा चुनाव लडेका उम्मेदवारले कूल खसेको सदर मतको १० प्रतिशत मत ल्याउन नसके जमानत जफत हुन्छ । निर्वाचन ऐन अनुसार प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता गराउन ३ हजार रुपियाँ धरौटी स्वरुप आयोगको सबन्धित कार्यालयमा बुझाउनु पर्छ ।

# समानुपातिक उम्मेदवारको पनि उजुरी

संविधानसभा अदालतमा समानुपातिकतर्फका उम्मेदवारले पुष ५ गते उजुरी दिएका छन् । संविधानसभा सदस्य निर्वाचनमा भएको मतगणना चित्त नबुझेकाले पुनः मतगणना गराई पाऊँ भनी काठमाडौँ निवासी सङ्घीय गणतान्त्रिक समाजवादी पार्टीका समानुतापतिक उम्मेदवार शर्मिली लामाले सो उजुरी दिनुभएको हो ।

निर्वाचन आयोगको वेबसाइटमा गत मङ्सिर १३ गते प्रकाशित मतगणनाको परिणामबमोजिम आफ्नो दलको १८ हजार ६८० मत रहेकामा पछि आयोगकै मत परिणामको सूचना केही दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशन हुँदा १८ हजार ६३१ मत देखाइएको उजुरीमा जनाइएको छ । उनन्चास मत कम हुँदा आफ्नो दलले पाउने एक सभासद्को पद पनि गुमेकाले पुनः मतगणना गराउन उहाँले माग गर्नुभएको हो ।

उजुरीमा उहाँले आयोग, गृह र रक्षा मन्त्रालयसहित सिरहा, दोलखा, सिन्धुली, इलाम र पर्सा जिल्ला निर्वाचन कार्यालयसमेतलाई विपक्षी बनाउनुभएको छ ।

# प्रचार सामाग्री हटाउन ६० दिने निर्देशन

निर्वाचन आयोगले संविधानसभा निर्वाचनको क्रममा उम्मेदवारहरूले निर्वाचन क्षेत्रमा टाँसेको पर्चा पम्प्लेट निर्वाचन परिणाम घोषणा भएको ६० दिनभित्र हटाउन आग्रह गरेको छ । आयोगका प्रवक्ता वीरबहादुर राईले संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० को दफा २२ बमोजिम निर्वाचनमा भाग लिएका राजनीतिक दल तथा उम्मेदवारहरूलाई आफूले टाँसेको पर्चा सम्बन्धित निर्वाचन क्षेत्रको परिणाम घोषणा भएको ६० दिनभित्र उप्काई वा हटाई पर्चा टाँसेको स्थान सफा गर्नुपर्ने व्यवस्था भएकाले सोही व्यवस्थाबमोजिम हटाउन राजनीतिक दल, उम्मेदवार तथा सम्बद्ध पक्षलाई आग्रह गरेका थिए ।

# आचारसंहिता हटाइएको जानकारी

निर्वाचन आयोगले संविधानसभा निर्वाचनका लागि गत साउन ७ गतेदेखि लागू गरेको आचारसंहिता मंसिर ११ गतेदेखि हटाएको छ । आयोगले निर्वाचन सम्पन्न भइसकेकाले आचारसंहिता कायम नरहने भन्दै आयोगले सो आचारसंहिता हटाएको हो । आयोगका प्रवक्ता वीरबहादुर राईका अनुसार आचारसंहिता उल्लंघनका १ सय ८७ उजुरी परेकोमा १ सय ४४ वटाको कारबाही भएको थियो। । त्यसैगरी आचारसंहिता लागू भएको अवधिमा सहमति मागिएको १ हजार ४ सय ५२ निवेदनमध्ये ८ सय ४१ लाई सहमति प्रदान गरिएको बताइएको छ ।

# निर्वाचन खर्च बुझाउन आग्रह

निर्वाचन आयोगले संविधानसभा निर्वाचनमा भाग लिएका राजनीतिक दल तथा उम्मेदवारलाई निर्वाचन खर्च बुझाउन आग्रह गरेको छ ।

संविधानसभा सदस्य निर्वाचन अध्यादेश, २०७० को दफा ६९ र संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०७० को दफा ९६ मा निर्वाचनमा भाग लिएका राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र निर्वाचन खर्चको विवरण बुझाउन आग्रह गरेको हो । सो व्यवस्था अनुसार, पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअन्तर्गको उम्मेदवारले सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत निर्वाचनमा भाग लिएका राजनीतिक दलले निर्वाचन आयोग समक्ष निर्वाचन खर्चको विवरण बुझाउनुपर्ने व्यवस्था रहेको छ ।

# संविधानसभा अदालतमा १७ उजुरी

एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड विरूद्ध संविधानसभा अदालतमा उजुरी परेको छ । अध्यक्ष दाहालले बुथ कब्जा गरेर सिराह क्षेत्र नम्बर ५ मा निर्वाचनको नतिजा आफ्नो पक्षमा पारेको भन्दै दाहालका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार लिलानाथ श्रेष्ठले उजुरी दिनुभएको हो । श्रेष्ठको उजुरीमा दुई गाविसका तीन वटा मतदान केन्द्रका ६ वटा बुथ कब्जामा लिएर एमाओवादीले एकलौटी मतदान गरेको भन्दै ती बुथहरूमा फेरि चुनाव गराउन समेत माग गर्नुभएको छ ।

.....................................

सुनसरीको क्षेत्र नम्बर ३ मा मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदारले नक्कली स्वस्तिक छाप प्रयोग गरी धाँधली गरी आफूलाई चुनावमा हराएको भन्दै एमालेको उम्मेदवार भगवती चौधरीले उजुरी हाल्नुभएको छ । सुनसरीको क्षेत्र नम्बर ३ बाट विजयी भएका गच्छदारले मतदान सम्पन्न भएपछि मतपेटिकाहरु मोरङ जिल्लाको विराटनगर तिर लगेर मतपत्र साटेको तथा आफ्नो २ हजार ८ सय मतमा नक्कली स्वस्तिक छाप प्रयोग गरी बदर गराएको आरोप लगाउँदै चौधरीले मङसिर १९ गते संविधानसभा अदालत काठमाडौंमा उजुरी दिनुभएको हो । उम्मेदवार चौधरीको उजुरीमा गच्छदारको विजय परिणाममा रोक लगाई आवश्यक छानबिन गरी आफूलाई विजयी गराउन माग गरिएको छ । निर्वाचनमा विजय भएका गच्छदारले सुनसरीको क्षेत्र नम्बर ३ बाट १७ हजार ५ सय २४ मत प्राप्त गरेका थिए भने निकटतम प्रतिद्वन्द्वी चौधरीले १७ हजार १ सय ६२ मत मात्र प्राप्त गर्नुभएको छ ।

.....................................

काठमाडौं क्षेत्र नम्बर ४ का एकीकृत नेकपा माओवादीका पराजित उम्मेदवार नन्दकिशोर पुन पासाङले गगन थापाले धाँधली गरेर चुनाव जितेको भन्दै पुन निर्वाचनको माग गर्दै संविधान अदालतमा उजुरी हाल्नुभएको छ । नेपाली कांग्रेसका उम्मेदवार गगन थापाले व्यापक धाँधली गरेर चुनाव जितेको भन्दै पासाङले पुन निर्वाचन गर्नुपर्ने माग गर्दै अदालतमा मुद्दा दर्ता गराउनु भएको हो ।

गत मंसिर ४ गते सम्पन्न चुनावमा काठमाडौं क्षेत्र नम्बर ४ बाट पासाङले ६ हजार ४ सय ६२ मत प्राप्त गरी तेस्रो हुनुभएको थियो । सोही ठाउँबाट नेपाली कांग्रेसका युवा नेता गगन थापाले २२ हजार ३ सय ३६ मत ल्याएर विजयी हुनुभएको थियो । यस्तै एमालेका निर्मल कुइँकेलले ९ हजार १ सय ३५ मत ल्याएर दोस्रो हुनुभएको थियो । ५६ हजार ८ सय ८७ मतदाता रहेको सो क्षेत्रमा ४३ हजार ५ सय ३१ सदर मत खसेको थियो ।

.....................................

सोलखुम्बुमा पुनःनिर्वाचन गर्नमाग गर्दै एकीकृत नेकपा माओवादीका उम्मेदवार गोम्बु शेर्पाले संविधानसभा अदालतमा निवेदन दिनुभएको छ । सोलखुम्बुबाट निर्वाचित कांग्रेस उम्मेदवार बलबहादुर केसीले धाँधली गरेको भन्दै शेर्पा मंसिर १० गते अदालतमा उजुरी दर्ता गराउनु भएको हो । निवेदनमा कांग्रेस उम्मेदवार केसीले बुथ कब्जा गरेको, मतपेटिका सदरमुकाम ल्याउने क्रममा हेलिकोप्टरमा अन्य दलका प्रतिनिधिलाई बस्न नदिएको भन्दै मतपरिणाम रद्द गर्न र पुनःनिर्वाचन गर्न माग गरिएको छ । कांग्रेस नेता केसी १२ हजार ४ सय ६४ मतका साथ विजयी भएका थिए भने शेर्पा ६

.....................................

हजार २ सय ६९ मत ल्याए तेस्रो स्थानमा आउनुभएको थियो ।

.....................................

राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता डाक्टर प्रकाशचन्द्र लोहनी निर्वाचनमा धाँधली गर्न निर्वाचन आयोगका कर्मचारी नै सरिक रहेको भन्दै प्रमाण बोकेर अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी गर्नुभयो । धाँधलीमा निर्वाचन अधिकृत नै सहभागी भएको प्रमाण पाएपछि तत्कालै प्रमुख निर्वाचन आयुक्त निलकण्ठ उप्रेतीलाई उजुरी गर्न खोजेपनि उप्रेती स्वयंले कुनै मतलब नगरेपछि अख्तियार पुगेको बताउनु भयो । आफूसँग रहेका प्रमाणसहित अख्तियार पुगेका लोहनीले धाँधलीमा संलग्न मतदान अधिकृतलाई हदैसम्मको कारवाहीको माग गर्नुभएको थियो ।

.....................................

नेकपा एमालेका नेता माधवकुमार नेपाललाई रौतहट १ का फोरम लोकतान्त्रिकका अजयकुमार गुप्ताले उजुरी हाल्नुभएको छ । फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवलाई सुनसरी ५ मा फोरम लोकतान्त्रिकका गफार अन्सारी, दोलखा १ मा एमालेका पार्वत गुरूङलाई कांग्रेसका जिपछिरिङ लामा र एमाओवादीका विशाल खड्का, दोलखै २ मा एमाओवादीका शंकर लामाले विजयी उम्मेदवार विरूद्ध रिट हाल्नुभएको हो । त्यसैगरी सर्लाही ६ मा कांग्रेसका अमरेशकुमार सिंहलाई संघीय सद्भावनाका शिवपुजन राय र गोरखा २ मा एमाओवादीका हितराज पाण्डेलाई कांग्रेसकी रविकला शर्माले उजुरी दर्ता दिनुभएको छ।

.....................................

सप्तरी निर्वाचन क्षेत्र नं २ का सद्भावना पार्टीका नवलकिशोर साह, महोत्तरी निर्वाचन क्षेत्र नं ४ का सोही दलका सुरिताकुमारी साह, सद्भावना पार्टीकै महोत्तरी क्षेत्र नं २ का जानकीशरण साह, सिराहा-३ का एकीकृत नेकपा (माओवादी)का रामरिजन यादवले ती क्षेत्रबाट विजयी क्रमशः एमाओवादीका अशोककुमार मण्डल, स्वतन्त्र उम्मेदवार चन्देश्वर झा, नेपाली काँग्रेसका किरण यादव, नेपाली काँग्रेसकै सीतादेवी यादव विरूद्ध सो उजुरी दिनुभएको हो ।

.....................................

उदयपुर २ मा एमालेकी विजयी उम्मेदवार मञ्जुकुमारी चौधरी विरूद्ध, महोत्तरी २ नेपाली कांग्रेसका विजयी उम्मेदवार किरण यादव विरूद्ध उजुरी परेका छन् ।

अदालतमा हालिएको रिटमा "संविधानसभा सदस्य पदमा निर्वाचित भईसकेकोले सदस्य शपथ नगराइयोस्, कार्यभार सम्हाल्न नदिइयोस् र बैठकमा सहभागी हुन नदिइयोस् भन्ने लगायतको अन्तरकालीन आदेश माग गरिएको" संविधानसभा अदालत रजिष्ट्रार नहकुल सुवेदीले जानकारी दिनुभएको छ ।

उनीहरूको उजुरीमाथि पहिलो सुनुवाइ गर्दै अदालतले १० दिनभित्र आफूसँग रहेको प्रमाणसहित उपस्थित हुन आदेश गरेको छ । संविधानसभा अदालत ऐन, २०६४ मा उजुरी दर्ता भएको १० दिनभित्र छलफल गर्न विपक्षीलाई बोलाउने व्यवस्था छ । विपक्षीका तर्फबाट लिखित जवाफ प्राप्त भएपछि अन्तरिम आदेशका विषयमा छलफल हुनेछ ।

अदालतका अध्यक्ष कल्याण श्रेष्ठ तथा सदस्यद्वय गिरीशचन्द्र लाल र सुशीला कार्कीको इजलासले पहिलो सुनुवाइ गर्दै उनीहरूलाई लिखित जवाफसहित हाजिर हुन आदेश गरिसकेको छ । सबै विपक्षीको लिखित जवाफ आएपछि उजुरीको विषयमा दुवै पक्षबाट बहस गरिने बताइएको छ । अदालतले निर्वाचनमा धाँधली भएको प्रमाण पाएमा पुनः मतदान गर्न मतगणना गर्न वा विशेषज्ञबाट जाँच गराउन आदेश दिनसक्ने छ ।

अघिल्लो संविधानसभा निर्वाचनका क्रममा परिणाममा चित्त नबुझी १८ वटा उजुरी परेका थिए । त्यत्ति खेर एमाले, कांग्रेस, राप्रपा र अन्य दलका १८ उम्मेदवारले विजयी सभासद्विरूद्ध संविधानसभा अदालतमा उजुरी दिएका थिए । तीमध्ये १७ वटा मुद्दामा निवेदकले दाबी गरेको विषयमा ठोस प्रमाण नपाएको अदालतले खारेज हुने फैसला गरेको थियो । ती मुद्दाहरूको बारेमा ३/४ महिनामै फैसला गरिएको हुँदा अन्य कुनै प्राविधिक कठिनाइ नआए त्यसै अवधिमा यी मुद्दाहरूको बारेमा पनि फैसला हुने रजिष्ट्रार सुवेदीले बताउनु भयो ।

# इओक गतिविधिहरू

## निर्वाचन पर्यवेक्षण समिति (EOC) का जिल्ला तथा क्षेत्रीय पर्यवेक्षकहरूले सिफारिस गरेका सुझावहरू:

**मंसिर ४ मा सम्पन्न दोस्रो संविधानसभाको निर्वाचनको निर्वाचन पर्यवेक्षण समिति (इओक) का जिल्ला–क्षेत्रीय पर्यवेक्षकहरूले अनुगमन गरेका थिए। उनीहरूले अनुगमनका क्रममा देखेका अनुभवहरू र आगामी दिनमा सुधार्नु पर्ने केही सुझाव सिफारिस गरेका छन् :**

इओकका जिल्ला-क्षेत्रीय पर्यवेक्षकहरूले तयार पारेको रिपोर्टमा दलहरूका प्रतिनिधिहरूले आफ्नो उम्मेदवारलाई मतदान गर्न ईसारा दिएको, असक्त, अपाङ्गहरूलाई मदतानमा विषेश प्राथमिकता दिने भनिएता पनि दलविनाको स्वइच्छाले सम्बन्धि मतदान अधिकृतले उनीहरूलाई प्राथमिकता नदिएको, निर्वाचन आयोगको आचारसंहिता विपरित दलका कार्यकर्ताहरु मतदाताहरूलाई घरदेखि ओर्सार्ने काम भएको, जिल्ला प्रशासन कार्यालयद्वारा सवारीसधान अनुमती पत्र बिना नै सवारी साधन संचालन गर्ने काम भएका, दलहरु कार्यकर्ताहरु मतदानस्थलको गेटमै भिड लगाएर आफ्नो दलको उमेदवारलाई भोट माग्ने जस्ता कार्य भएको उल्लेख गरिएका छन् ।

कतिपय ठाउँमा मतदाता शिक्षा दिने जिम्मेवारी पाएका स्वयम्सेवकहरु घरदैलो कार्यक्रम नगरेको पनि पाइयो । उनीहरूले सडकका छेउमा केही पोष्टरहरु टाँस्ने भन्दा घरघरमा गएर शिक्षा दिने काम गरेको देखिएन् । सरकारले करोडौं रकम खर्च गरेर मतदाता शिक्षा संचालन गरेको भए पनि प्रभावकारीता सोचे जस्तो देखिएन । मत हाल्नेदेखि पट्याएर बाक्समा खसाल्ने क्रममा केही मतदाता अन्जान देखिए । निर्वाचनमा भनसुनको भरमा कर्मचारी राख्ने व्यवस्था रहेको देखियो । सरकारले बदरमत न्यूनिकरण गर्ने उद्देश्यले निर्वाचन आयोगले संचालन गरेको मतदाता शिक्षा अपेक्षित प्रभावकारी भएको देखिएन । मतपत्रमा उनीहरूले ल्याप्चे हानेको र मतदाता शिक्षाका कर्मचारीहरु लक्षित वर्गसमक्ष नपुगेका पाईयो । सम्बन्धित निर्वाचन क्षेत्रको मतगणना सम्बन्धित क्षेत्रमा हुनुपर्ने, अधिकांश मतदानस्थलहरु फिल्ड नभएको र खेतमा, खुल्ला चौरमा मतदानस्थल बनाएको देखियो । म्यादी प्रहरीलाई नेपाल प्रहरीका कर्मचारीहरूले उपयुक्त व्यवहार नगरेको र उनीहरूलाई बढि काममा खटाएको देखियो । फोटोसहितको मतदाता परिचयपत्रमा त्रुटि बढि देखियो । नाम, थर र नागरिकता नम्बरमा गलत भएको भेटियो । केही मतदान केन्द्रमा दलका प्रतिनिधि तथा उम्मेदवारबीच झडप भएको पनि अनुगमन रिपोर्टमा जनाइएको छ ।

**सुझाव शिफारिस :**

निर्वाचन प्रक्रिया निष्पक्ष र धाँधलीरहित भएको विषयमा राजनैतिक दल, जनता र अन्तर्राष्ट्रिय जगतमासमेत विश्वसनियता कायम गराउनका लागि पर्यवेक्षकहरूको प्रतिनिधित्व तथा उपस्थिति देशभरका सबै मतदान केन्द्रहरुमा हुनु अनिवार्य देखिन्छ । त्यसैगरी राजनीतिक दलहरूले पनि घरदैलो अभियानसँगै मतदाता शिक्षा पनि दिन सके आगामी दिनमा बदर मत घटाउन सहयोग पुग्दछ । राजनीतिक दलका उम्मेदवार तथा कार्यकर्ता बीच हुने झडप भविष्यमा नदोहोरिउन भनेर जिल्ला प्रशासन कार्यालयबाट अझ ठोस योजना बनाई सुरक्षाकर्मी परिचालन गर्न र विभिन्न पक्षहरुबीच समन्वय गरी काम गर्नुपर्छ ।

धेरै मत ल्याउनेले जित्ने भएकोले एक मतको पनि मूल्य हुन्छ, त्यसैले जनताको अभिमत खेरा नजाओस् भन्न आगामी दिनमा मतदाता शिक्षा कार्यक्रमलाई व्यापक बनाउनु पर्ने देखिएको छ । निजामती कर्मचारी मात्रै निर्वाचनमा खटाइएका कारण अन्य स्वास्थ्य, शिक्षाजस्ता सेवाको काम प्रभावित हुन पुग्यो यसलाई व्यवस्थापन गर्नु पर्ने, निर्वाचनमा विषेश गरेर सरकारले कर्मचारी मात्रै खटाउने व्यवस्थाका कारण शिक्षित बेरोजगार युवाहरूले अवसर नपाएकोले आगामी दिनदेखि उनीहरूलाईसमेत समेट्नु पर्ने हुन्छ । पर्यवेक्षकहरूको सुरक्षा र बिमाको व्यवस्था हुनुपर्ने, विशेषज्ञलाई मात्र पर्यवेक्षणको जिम्मेवारी दिनुपर्ने, झण्डा र पर्चा निषेध गरी घोषणापत्र मात्र वितरण गर्नुपर्ने, घरदैलो कार्यक्रम निषेध गरी सार्वजनिक सभा मात्र गर्न दिनुपर्ने, अत्यावश्यक सेवा जस्तै स्वास्थ्यका कर्मचारीलाई निर्वाचनमा खटाउन नहुने, मोटरसाइकल ऱ्याली निषेध गर्नुपर्ने, निर्वाचन कानून र आचारसंहिताको पूर्ण कार्यान्वयन गराउनुपर्ने पर्यवेक्षणलाई अनिवार्य मानी कानूनमै व्यवस्था गर्नुपर्ने, मतदानका दिन मतदान गरिसकेका व्यक्तिलाई मतदान केन्द्रबाट तुरून्त फर्काउनु पर्ने, एकभन्दा बढी गाविसका मतपत्र एकैठाउँ मिसाई गणना गर्नुपर्ने जस्ता सुझावमा आएका छन् ।

# इओकका पदाधिकारीबाट अनुगमन

२०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा सदस्य निर्वाचनको इओकका पदाधिकारीहरूबाट पनि स्थलगत अनुगमन गरिएको थियो । उपाध्यक्ष श्रीकृष्ण सुवेदी र केन्दीय सदस्य तुलबहादुर कंडेलले उपत्यकाका तीन जिल्ला र काभ्रेपलाञ्चोक, महासचिव गोपालनाथ योगीले बाँके र बर्दीया, कोषाध्यक्ष मीना शर्माले चितवन, केन्द्रीय सदस्य सतिश मैनालीले काठमाण्डौ र ललितपुर, तेजकुमारी तिवारीले धादिङ्ग, दिनेश चौधरीले जाजरकोट र रूकुम, जितेन्द्र यादवले रौतहट र सर्लाही, गोविन्द अधिकारीले बारा, पर्सा र मकवानपुरमा पर्यवेक्षण गर्नुभएको थियो । इओकका सचिव रविन सुवेदी र पर्यवेक्षक संयोजक बद्रीप्रसाद सिवाकोटीले केन्द्रीय सूचना डेस्कमा रही सूचना संकलनको सथै पर्यवेक्षक परिचालन तथा समन्वयको भूमिका निर्वाह गर्नुभएको थियो ।

# निर्वाचन पर्यवेक्षण समिति र अन्तर्राष्ट्रिय समूदायबीच पर्यवेक्षणसम्बन्धी छलफल



निर्वाचन पर्यवेक्षणको क्रममा पर्यवेक्षक समन्वय तथा निर्वाचन आचारसंहिता लगायतका विषयमा यूरोपियन यूनियन, एन्फेल, बेलायती राजदूत, नर्वेजियन डेलिगेड्स र भारतीय राजदूतावासका काउन्सीलरसँग छलफल भएको थियो ।

मंसिर १ गते एन्फेल टीमसँग इओकको कार्यालयमा छलफल कार्यक्रमको आयोजना गरिएको थियो । सो अवसरमा एन्फेल टीमले पर्यवेक्षक छनौट प्रक्रिया, निर्वाचनका बेल अन्य निर्वाचन पर्यवेक्षण संघसंस्थासँगको सहकार्य, पछिल्लो चरणमा मतदाता संख्या किन घट्यो ? मतदान प्रक्रिया कसरी सुरू गरिन्छ जस्ता जिज्ञासा राखेको र त्यसबारे इओक पदाधिकारीले उत्तर दिएका थिए ।

# निर्वाचन पर्यवेक्षण समिति (EOC) का दीर्घकालिन पर्यवेक्षकले अनुगमन गरेका जिल्लाहरू

| क्र.सं | नाम | जिल्ला | जिम्मेवारी | जिल्ला/ क्षेत्र |
|---|---|---|---|---|
| १ | पदमप्रसाद घिमिरे | झापा | पर्यवेक्षक/प्रतिवेदक | पूर्वाञ्चल |
| २ | बेवी घिमिरे | सुनसरी | पर्यवेक्षक/प्रतिवेदक | पूर्वाञ्चल |
| ३ | शिला रिमाल | मोरङ्ग | पर्यवेक्षक/प्रतिवेदक | पूर्वाञ्चल |
| ४ | कमलप्रसाद बजगाईं | संखुवासभा | पर्यवेक्षक/प्रतिवेदक | पूर्वाञ्चल |
| ५ | श्रीप्रसाद यादव | सिराहा | पर्यवेक्षक/प्रतिवेदक | पूर्वाञ्चल |
| ६ | महेन्द्र प्रसाद मेहता | सप्तरी | पर्यवेक्षक/प्रतिवेदक | पूर्वाञ्चल |
| ७ | कृष्ण देवकोटा | रसुवा | पर्यवेक्षक/प्रतिवेदक | मध्यमाञ्चल |
| ८ | राजेशप्रसाद यादव | बारा | पर्यवेक्षक/प्रतिवेदक | मध्यमाञ्चल |
| ९ | बद्रीप्रसाद सिवाकोटी | काठमाडौं | पर्यवेक्षक/प्रतिवेदक | मध्यमाञ्चल |
| १० | कृष्णा पाण्डे | ललितपुर | पर्यवेक्षक/प्रतिवेदक | मध्यमाञ्चल |
| ११ | सविता लोहनी | चितवन | पर्यवेक्षक/प्रतिवेदक | मध्यमाञ्चल |
| १२ | विष्णु पोखरेल | भक्तपुर | पर्यवेक्षक/प्रतिवेदक | मध्याञ्चल |
| १३ | पदमप्रसाद पाण्डे | गुल्मी | पर्यवेक्षक/प्रतिवेदक | पश्चिमाञ्चल |
| १४ | मेघनाथ खनाल | रूपन्देही | पर्यवेक्षक/प्रतिवेदक | पश्चिमाञ्चल |
| १५ | हरिनारायण रेग्मी | नवलपरासी | पर्यवेक्षक/प्रतिवेदक | पश्चिमाञ्चल |
| १६ | रामचन्द्र आचार्य | गोरखा | पर्यवेक्षक/प्रतिवेदक | पश्चिमाञ्चल |
| १७ | जगधिश शर्मा | पर्वत | पर्यवेक्षक/प्रतिवेदक | पश्चिमाञ्चल |
| १८ | मातृका पोखरेल | कपिलवस्तु | पर्यवेक्षक/प्रतिवेदक | पश्चिमाञ्चल |
| १९ | बिमल गौतम | दाङ्ग | पर्यवेक्षक/प्रतिवेदक | मध्यपश्चिमाञ्चल |
| २० | मिरा शर्मा | बाँके | पर्यवेक्षक/प्रतिवेदक | मध्यपश्चिमाञ्चल |
| २१ | पार्वता आचार्य | प्यूठान | पर्यवेक्षक/प्रतिवेदक | मध्यपश्चिमाञ्चल |
| २२ | प्रकाश शर्मा | बर्दीया | पर्यवेक्षक/प्रतिवेदक | मध्यपश्चिमाञ्चल |
| २३ | रामराज कठायत | सुर्खेत | पर्यवेक्षक/प्रतिवेदक | मध्यपश्चिमाञ्चल |
| २४ | मेनका परियार | रूकुम | पर्यवेक्षक/प्रतिवेदक | मध्यश्चिमाञ्चल |
| २५ | नरेश बस्नेत | जाजरकोट | पर्यवेक्षक/प्रतिवेदक | मध्यपश्चिमाञ्चल |
| २६ | कमलराज खत्री | जुम्ला | पर्यवेक्षक/प्रतिवेदक | मध्यपश्चिमाञ्चल |
| २७ | दिनेश चौधरी | जाजरकोट | पर्यवेक्षक/प्रतिवेदक | मध्यपश्चिमाञ्चल |
| २८ | रूद्र खनाल | कैलाली | पर्यवेक्षक/प्रतिवेदक | सुदूरपश्चिमाञ्चल |
| २९ | टेकबहादुर सार्की | डोटी | पर्यवेक्षक/प्रतिवेदक | सुदूरपश्चिमाञ्चल |
| ३० | निरन्जन विष्ट | कञ्चनपुर | पर्यवेक्षक/प्रतिवेदक | सुदूरपश्चिमाञ्चल |
| ३१ | सम्झना कुँवर | कञ्चनपुर | पर्यवेक्षक/प्रतिवेदक | सुदूरपश्चिमाञ्चल |
| ३२ | शिवराम कामी | डडेलधुरा | पर्यवेक्षक/प्रतिवेदक | सुदूरपश्चिमाञ्चल |
| ३३ | गणेश जोशी | डडेलधुरा | पर्यवेक्षक/प्रतिवेदक | सुदूरपश्चिमाञ्चल |
| ३४ | रमेश बस्नेत | कैलाली | पर्यवेक्षक/प्रतिवेदक | सुदूरपश्चिमाञ्चल |

# मंसिर ४, २०७० मा सम्पन्न संविधानसभा-२ को पर्यवेक्षणको प्रारम्भिक प्रतिवेदन

### १. संस्थाको परिचय

निर्वाचन पर्यवेक्षण समिति(इओक) नेपाल (Election Observation Committee Nepal (EOC-Nepal) देशमा हुने सम्पूर्ण किसिमका निर्वाचन सम्बन्धि क्रियाकलापमा सक्रिय रूपमा सहभागिता र भूमिका खेल्ने उद्देश्यले स्थापना भएको एक गैरनाफामूलक गैरसरकारी संस्था हो । यसले निर्वाचन प्रयोजनका लागि मतदाता नामावली संकलन, मतदाता शिक्षा, मतदानमा सक्रिय सहभागिता, निर्वाचनको मनोनयन, मतदान क्रियाकलाप, प्रचारप्रसार, मतगणना, मतदानको परिणाम साथै मतगणनाको परिणाम पश्चातका सम्पूर्ण गतिविधिहरूमा सरकारी, गैरसरकारी, राजनैतिक दल, निर्वाचन आयोग, सुरक्षाकर्मी लगायत सम्पूर्ण सरोकारवाला निकायको नीति, गतिविधि र क्रियाकलापको सुष्म रूपमा पर्यवेक्षण तथा अनुगमन गर्ने कार्य गर्दछ ।

यस संस्थाको स्थापना आ-आफ्ना क्षेत्रमा क्रियाशिल अधिकारकर्मी, कानून व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी, प्राध्यापक, लगायतको क्रियाशिलतामा भएको छ । हाल यहि मंसिर ४ गते सम्पन्न हुने निर्वाचनको सक्रियतापूर्वक पर्यवेक्षण गर्ने उद्देश्यका साथ आफ्ना क्रियाकलापलाई अघि बढाई रहेको छ । संस्थाले निर्वाचन सम्पन्न गर्ने निकाय, निर्वाचनमा सहभागी जनाउने निकायका साथै निर्वाचन बहिस्कार गर्ने राजनैतिक दल र निकायहरूको क्रियाकलापहरूको समेत पर्यवेक्षण गरिरहेका कुरा जानकारी गराउँदछौं ।

### २. संस्थाले निर्वाचनका सम्वन्धमा सञ्चालन गरेका गतिविधि :

- मिति २०७० भाद्र १ गते देखि श्रम मार्ग बुद्धनगर-१० मा केन्द्रीय कार्यालयको स्थापना ।
- मिति २०७० भाद्र १ गते देखि देशका चार क्षेत्र इटहरी, बुटवल, नेपालगञ्ज र धनगढीमा क्षेत्रीय कार्यालयको स्थापना तथा मध्यक्षेत्रका लागि बारा कलैयामा कार्यालय स्थापना ।
- मिति २०७० आश्विन ८ गते देखि ११ गते सम्म ३० जिल्लाका ५० जना दीर्घकालिन पर्यवेक्षकहरू (Long term observer – LTO's) लाई प्रशिक्षण सञ्चालन । तीस जना पर्यवेक्षकहरूले छिमेकी जिल्लाहरू समेत समेटी ७५ जिल्लामा पर्यवेक्षण गरेका छन् ।
- निर्वाचनका बेला ५५ जिल्लामा ५०० जना अल्पकालिन पर्यवेक्षक खटाइएको थियो भने त्यति नै संख्यामा स्वयम्सेवक खटाइएको थियो ।
- निर्वाचन आयोगले जारी गरको पर्यवेक्षकहरूका लागि आचारसंहिता संविधानको प्रस्तावना विपरित, मानवअधिकार, समावेशी र अन्तराष्ट्रिय मूल्य र मान्यता विपरित रहेको हुँदा त्यस्ता प्रावधानहरू खारेज गर्ने माग सहित मिति २०७० आश्विन १५ गते सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरिएकोमा सम्मानित सर्वोच्च अदालतबाट अन्तरिम आदेशका लागि दुवै पक्ष छलफलका

लागि कार्तिक १० गते भिकाइएकोमा निर्वाचन आयोगबाट कार्तिक ९ गते नै उक्त प्रावधान परिवर्तन गरी सबै पर्यवेक्षकहरूलाई सहज रूपमा आफ्नो निर्वाचन क्षेत्रसमेत पर्यवेक्षण गर्न पाउने गरी व्यवस्था गरेको छ ।

- देशभर भएका निर्वाचन कानून विपरित तथा मानवअधिकार उल्लंघनका घटनाको सत्य तथ्य छानविनका लागि केन्द्रदेखि क्षेत्रसम्मका प्रतिनिधिहरूलाई लगातार खटाई प्रतिवेदन संकलन गरिएको र अझ पनि आवश्यकता अनुसार यो कार्य भइरहेको छ ।
- नियमित रूपमा पत्रकार सम्मेलन र बुलेटिन प्रकाशित गरी संस्थामा प्राप्त सूचनाहरूलाई सार्वजनिक एवम् आवश्यकता अनुसार वकालत गर्ने कार्य भइरहेको छ ।

**३. संविधानसभा निर्वाचन घोषणा पश्चात निर्वाचन सम्पन्न भएसम्मको अवधिका प्रमुख तथ्यहरूको विवरण मंसिर ४ मा भएको संविधानसभाको मतदानको अवस्था र सन्दर्भ :**

- देशभर नै मतदाताहरु मतदान गर्ने दिनको विहान ६ बजे देखि नै लामवद्ध भई उत्साहपूर्वक मतदान गरेको पाइयो । रोल्पाको थवाङमा सत प्रतिशत, रोल्पाकै जेलवाङमा न्यून प्रतिशत साथै रोल्पा रूकुम प्यूठानलगायत केही जिल्लाहरूका केही गाविसहरूमा तुलनात्मक रूपमा देशभरको मतदान प्रतिशत भन्दा न्यून मतदान हुनुले उक्त क्षेत्रहरूमा निर्वाचन बहिष्कारको प्रभाव परेको पनि पाइयो ।
- जुम्ला जिल्लाको नेपालगाउ गाविस भारज्वाला स्थित त्रिभुवन उच्च मा.वि. मतदान केन्द्रमा नेकपा माओवादीको अवरोधका कारणले मतदान स्थगित भएको पाइयो र सो सन्दर्भमा निर्वाचन आयोगले मंसिर ७ गते पुनः मतदान गर्ने कार्यक्रम तोकिसकेको छ ।
- गोरखा, म्याग्दी, नुवाकोट, दोलखा, धनुषा, सर्लाही, महोतरीलगायतका स्थानमा मतदान प्रकृयामा असहमती जनाउँदै केही दलहरूले निर्वाचन आयोगमा उजुरी दर्ता गरी पुनः मतदानको माग गरेका छन् भने रोल्पाको थवाङमा पुनः मतदान गर्न एकिकृत नेकपा माओवादीले निर्वाचन आयोगमा उजुरी दिएको छ । तथापि यस सम्वन्धमा निर्वाचन आयोगबाट हालसम्म कुनै निर्णय भएको पाइएको छैन ।
- मतदानको दिन देशका अधिकांश भागहरूमा नेपाल सरकारले दावी गरेभन्दा बढि बम विष्फोटनका घटनाहरु भएको पाइयो । जसबाट काठमाडौंलगायतका केही स्थानहरूमा केही व्यक्तिहरु घाइतेसमेत भएको पाइयो ।
- फोटो सहितको नामावलीमा नाम रहनु पर्ने चेतनाको अभाव तथा सो सम्बन्धमा जानकारी नभएका कारण फोटो नखिचाएका तर यस अघिको निर्वाचनमा मतदाता रहेका र भाग समेत लिएका मतदाताहरु मतदाता सूचिमा नाम नभएका कारण निराश भएर फर्किने संख्या पनि उल्लेख्य रहेको पाइयो ।

**राजनैतिक दलको क्रियाकलाप सन्दर्भमा**

- दलहरूले निर्वाचनको प्रचार प्रसारको क्रममा निर्वाचन आचार संहिताको उल्लंघन हुने किसिमका क्रियाकलापहरु व्यापक रूपमा भइरहेको अवस्था (भारतीय गाडीको प्रयोग, अनावश्यक खर्च गरी प्रचार समाग्रीको प्रयोग, भोज भतेर, चन्दा वा निर्माणका कार्य तथा नगद वितरणसमेत गरेको पाइयो ।
- प्रचारका क्रममा एकले अर्कालाई निषेध गर्ने प्रवृत्ति, गाली गलौचको राजनिति, भडकिलो र खर्चिलो संस्कृतिलाई रोकी लोकतान्त्रिक राजनैतिक संस्कृति अगिकार गर्न नसकेको पाईयो ।
- निर्वाचनको संघारमा राजनैतिकदलहरूमा अस्वस्थ प्रतिस्पर्धाको कारण विभिन्न स्थानहरूमा मुडभेडको अवस्था सिर्जना भएको जसले गर्दा निर्वाचनका दिनमा आम मतदाता मतदान गर्ने लाइनमा भएपनि निधक्क मतदान हुनेमा भयमुक्त भएको पाइएन ।
- मौन अवधि लागू भएपनि पनि प्रचारप्रसार गर्ने,

भोजभतेर गर्ने तथा कतिपय स्थानमा निर्वाचनका दिन लाइनमा बसेका मतदातासँग प्रत्यक्ष सहभागी भएर भोट मागेको पाइयो ।

**नेपाल सरकार र निर्वाचन आयोगको भूमिका सन्दर्भमा**

- नेपालमा खटिएका यस संस्थाका पर्यवेक्षकहरूको हालसम्मको प्रतिवेदनको आधारमा निर्वाचनसँग सम्बन्धित नेपाल सरकार तथा निर्वाचन आयोगको तयारी सन्तोषजनक रूपमा अगाडि बढिरहेको पाइयो । निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन र आम नागरिकहरूको उत्साह जनसहभागिताको लागि पछिल्लो समयमा घटेका तथा घटाइएका मानवअधिकार विरोधी घटनाहरूका कारण उत्साहजनक सहभागीता हुने कुरामा शंका पूर्ण रूपमा निवारण गर्न भने नसकेको पाइयो ।
- विभिन्न स्थानहरूमा दैनीक जसो निर्वाचन बिथोल्ने क्रियाकलापहरु व्यापक रूपमा बढदै गइरहेको भएतापनि सरकारले आम नागरिकहरूलाई डर त्रास र भयरहित वातावरण निर्वाचन सम्पन्न हुने कुराप्रति आश्वस्त पार्न सुरक्षासँग सम्वन्धित निकायलाई चुस्त बनाउँदै अवान्छित तथा गैरकानूनी क्रियाकलापहरूलाई निरूत्साहित गर्न घटनाको बारेमा अनुसन्धान गरी घटनाका दोषीउपर कारबाही गर्न प्रभावकारी कदम चाल्न नसकेको पाइयो ।
- निर्वाचनका लागि गठित सरकारले कतिपय राजनैतिक नियुक्तिमा ध्यान दिएको तथा निर्वाचन आचारसंहिता विपरित सार्क महासचिव लगायतका पदमा नियुक्ती गरेको पाइयो ।
- निर्वाचन आयोगद्वारा जारी निर्वाचनसँग सम्बन्धित आचारसंहिता एवम निर्देशिका र नियमावलीहरु पटक पटक परिवर्तन गरिरहनुले निर्वाचन आयोगको स्वायत्तताप्रति शंका उत्पन्न भएको पाइयो ।
- संविधानसभा निर्वाचन आचारसंहिता २०७० को उलंघनका सम्वन्धमा संविधानसभा निर्वाचनमा नेपाल सरका विभिन्न निकाय र राजनैतिक दलहरूवाट निर्वाचन आचारसहिता उल्लंघन भएकोप्रति यस संस्थाले निर्वाचन आयोगको पटक पटक ध्यानाकर्षण गराएको भएतापनि निर्वाचन आयोगबाट आचारसंहिता उल्लघंनका दोषी उपर सामान्य सचेतना गराउने र स्पष्टीकरण लिने बाहेक अन्य कारबाही गरेको पाइएन । तसर्थ यस समिति त्यस्ता आचार संहिता दोषीउपर तत्काल कानूनबमोजिम कारबाहीको माग गर्दछ ।

**सञ्चार जगतको भूमिका सन्दर्भमा**

- निर्वाचनको सन्दर्भमा विद्युतिय र छापा संञ्चारले गरको समाचार संप्रेषणमा कतिपय अवस्थामा अमूक राजनैतिक दलको प्रचारप्रसारमा सहयोग पुग्न जाने जस्ता क्रियाकलापलाई प्रश्रय दिएको पाइयो ।
- चौथो अंगको रूपमा रहेको सञ्चार जगतको क्रियाकलापका कारणले पनि निर्वाचनको स्वतन्त्रता, निष्पक्षता र भयरहित वातावरणमा सम्पन्न हुनेप्रति आशंका उत्पन्न हुनसक्ने हुँदा सञ्चार जगत स्वम् पनि संहिताभित्र रहि निष्पक्ष एवम् सत्य तथ्य घटनाको रिपोटिङ गर्नु पर्ने र आचारसंहिता विपरित गएका त्यस्ता संचारमाध्यमउपर कार्यान्वयन गर्न कतिपय अवस्थामा असक्षम भएको देखियो । निर्वाचनको क्रममा भएका कतिपय घटनाहरु सार्वजनिक नगरिएका कारणले जनताको सुचनाको हकको सम्मान गर्न नसकेको देखियो ।

**गैरसरकारी संस्थाहरूको सन्दर्भमा**

- कतिपय गैससबाट निर्वाचनको सन्दर्भमा कुनै अमूक दलहरूलाई फाइदा र कुनै अमूक दलहरूलाई नोक्सान हुने गरी आफ्नो क्रियाकलाप केन्द्रित गरेको, खासगरी द्वन्द्वकालिन घटनाहरूलाई अतिरन्जित प्रचार एंवम् वकालतको नाउमा निर्वाचन प्रभाव पार्न उद्धत्त रहेको पाइएको छ ।
- निर्वाचनको संघारमा गैससद्वारा समुदायमा हुने विकास कार्यक्रमहरु कुनै राजनैतिक दलको उमेदवारको सिफारिसमा लागू गरेको समेत पाइयो ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षक संघ संस्थाको भूमिका सम्बन्धमा

- अन्तर्राष्ट्रिय पर्यवेक्षक संस्थाहरूको पहुँच देशका संवेदनशिल क्षेत्रका विकट गाउँहरूमा पुग्न सकेको पाइएको छैन । स्थानिय रूपमा अन्तर्राष्ट्रिय पर्यवेक्षकको माग एवं भूमिकाको खोजी भएतापनि त्यस्ता ठाँउहरूमा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरु पुग्न नसकेको पाइयो ।
- कतिपय राष्ट्रिय पर्यवेक्षक संघसंस्थाहरु अमूक दलको मात्र निगरानी गर्ने, प्रतिवेदन सार्वजनिक गर्ने तर अमूक दल प्रति मौन रहने गरेको समेत पाइयो । त्यसैगरी कतिपय पर्यवेक्षक संस्थाका जिल्ला प्रतिनिधिहरु राजनैतिक दलको चुनावी सभामा अतिथि वक्ताका रूपमा अभिमत दिएको समेत पाइयो ।

**अन्तमा,**

संविधान सभाको भंगपछि संविधान सभाको दोस्रो निर्वाचन हुने या नहुने अन्यौलका बीच निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण तथा तटस्थरूपमा सम्पन्न भएकोमा आम मतदाता, राजनैतिक दल, निर्वाचन आयोग, नेपाल सरकार, संचार जगत, नागरिक समाज, निर्वाचनको पर्यवेक्षणमा संलग्न भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरु बधाई तथा धन्यवादका पात्र छन् । तथापि निर्वाचनमा सम्पूर्ण दलको सहभागी हुन नसक्नु एवम् निर्वाचनको मिति नजिक हुँदै गरेको दिनहरूमा भएका देशभरका घटनाहरूले निर्वाचनलाई पूर्ण भयमुक्त भने बनाउन सकेन । नेपाल सरकारको शान्ति सुरक्षाको व्यवस्थापन उल्लेखनीय रूपमा व्यवस्थित एवम् संगठित भएको भएतापनि निर्वाचन अवधिमा आह्वान गरिएको बन्दले कतिपय मतदाताहरु आ-आफ्नो स्थानमा फर्किएर मतदान गर्न पाएनन् । निर्वाचन आयोगको प्रारम्भिक नतिजाले ७० प्रतिशत भन्दा बढि मतदान भएको देखाएको छ । यो नतिजा विगतका सबै निर्वाचन भन्दा अधिक हो । तर यसपटकको मतदानको प्रतिशत वृद्धि हुनुमा बैज्ञानिक मतदाता सूचि लागु गरिनु नै हो । त्यसबाहेक मतदानको संख्यालाई आधार मान्ने हो अघिल्लो निर्वाचन भन्दा करिब २५ लाख मतदाताहरूले मतदान गरेको देखिदैन । उदाहरणका लागि गत निर्वाचनमा १ करोड ७६ लाख ११ हजार ८३२ मतदाता रहेकोमा जम्मा प्रत्यक्षतर्फ ६१.७० प्रतिशत, समानुपातिकतर्फ ६३.२९ प्रतिशत मतदान भएको थियो । जस अनुसार मतदानमा भाग लिनेको संख्या प्रत्यक्षतर्फ १ करोड ८ लाख ६६ हजार १३१ जना तथा समानुपातिकतर्फ १ करोड ११ लाख ४६ हजार ५४० मतदाताले मतदानमा भाग लिएकोमा यस पटक जम्मा मतदाता संख्या १ करोड २१ लख ४७ हजार ८६५ मतदाता रहेकोमा प्रारम्भिक नतिजाअनुसार ७० प्रतिशत मतदानलाई आधार मान्ने हो भने जम्मा ८५ लाख ३ हजार ५०५ जनाले मतदानमा भाग लिएका छन् । जस अनुसार अघिल्लो मतदान भन्दा मतदानको प्रतिशत यस पटक ज्यादा भएको भएतापनि मतदानमा भाग लिएका मतदाताको संख्या २३ लाख ६२ हजार ६२५ कम हुन गएको छ । यो तथ्याँकतर्फ समेत सबैको ध्यान पुग्न जरूरी छ ।

विगतको अनुभवले के देखाउँछ भने संविधानसभाको निर्वाचन सफल हुँदैमा संविधान जारी हुन सक्छ भन्ने कुरामा निश्चिन्त हुन सकिदैन । निर्वाचन प्रकृयाका सन्दर्भमा असमति जनाई निर्वाचनमा सहभागी नभएका नेकपा माओवादी लगायत ३३ दलिय मोर्चालाई निर्वाचनमा सहभागी गराउन नसक्नु संविधान सभा निर्वाचन -२ को दुखद् पक्ष रह्यो । संविधान निर्माण क्रममा निर्वाचनमा सहभागी नभएका यी दलहरूका भावनालाई सविधान निर्माण प्रक्रियामा संलग्न गराई नयाँ संविधानमा यी दलहरूको समेत स्वामित्व स्थापित गर्ने गरी संविधान निर्माण हुन सके यस्तो संविधानले वास्तवमै सबै पक्षको भावना समेट्न सक्ने थियो । यही शुभकामना ।

धन्यवाद !

**निर्वाचन पर्यवेक्षण समिति नेपाल**
**DAO Kathmandu**
Reg. No.55-2070/071 SWC Reg. No. 37675
**निर्वाचन पर्यवेक्षण समिति नेपाल**
**Election Observation Committee Nepal**
**(EOC-Nepal)**

# पत्रकार सम्मेलन

**आदरणीय सञ्चारकर्मी मित्रहरू,**

२०७० मंसिर ४ गते विहान ७ बजेदेखि बेलुकी ५ बजेसम्म सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचन केही छिटपुट घटनाहरु बाहेक आमरूपमा सामान्य तबरमा सम्पन्न भएको जानकारी गराउन पाउदा हामीलाई खुसी लागेको छ । यो निर्वाचनमा जनताको उत्साहप्रद् सहभागिता रहेको पाईयो भने संविधानसभाको पहिलो निर्वाचन भन्दा यो दोस्रो निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण रूपमा सम्पन्न भएको पाइयो । देशका विभिन्न भागमा भएका बम विष्फोट तथा निर्वाचनमा भाग लिने दलहरूबीचमा भएका झडपले निर्वाचनलाई पूर्ण शान्तिपूर्ण एवं भयमुक्त हुन नसकेको भएतापनि शान्ति सुरक्षाको व्यवस्था तथा निर्वाचनको तयारी र व्यवस्थापन सन्तोषजन रहेको पाइयो । तथापि निर्वाचनमा सम्पूर्ण दलको सहभागी हुन नसक्नु एवं निर्वाचनको मिति नजिक हुँदै गरेको दिनहरूमा भएका देशभरका घटनाहरूले निर्वाचनलाई पूर्ण भयमुक्त भने बनाउन सकेन ।




संविधानसभाको भंगपछि संविधानसभाको दोस्रो निर्वाचन हुने या नहुने अन्यौलका बीच निर्वाचन तुलनात्मक रूपमा शान्तिपूर्ण तथा तटस्थरूपमा सम्पन्न भएकोमा आम मतदाता, राजनैतिक दल, निर्वाचन आयोग, नेपाल सरकार, संचार जगत, नागरिक समाज, निर्वाचनको पर्यवेक्षणमा संलग्न भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरु हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दछौं ।

विगतको अनुभवले के देखाउँछ भने संविधानसभाको निर्वाचन सफल हुँदैमा संविधान जारी हुन सक्छ भन्ने कुरामा निश्चिन्त हुन सकिदैन । निर्वाचन प्रकृयाका सन्दर्भमा असमति जनाई निर्वाचनमा सहभागी नभएका नेकपा माओवादी लगायत ३३ दलिय मोर्चालाई निर्वाचनमा सहभागी गराउन नसक्नु संविधान सभा निर्वाचन -२ को दुखद् पक्ष रहयो । यसर्थ संविधान निर्माण क्रममा निर्वाचनमा सहभागी नभएका यी दलहरूका भावनालाई संविधान निर्माण प्रकृयामा संलग्न गराई नयाँ संविधानमा यी दलहरूको समेत स्वामित्व स्थापित गर्ने गरी संविधान निर्माण हुन सके यस्तो संविधानले वास्तवमै सबै पक्षको भावना समेट्न सक्ने थियो ।

अन्तमा संविधानसभाले यथाशक्य छिटो संविधान जारी गर्न सकोस् भन्ने शुभकामना सहित ।

भवदीय

**श्रीकृष्ण सुवेदी, उपाध्यक्ष**

बुद्धनगर, काठमाडौ

मितिः २०७० मंसिर ५

# 'दोस्रो संविधानसभा निर्वाचन निष्पक्षता वा संरचनागत अनियमितता' विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना

निर्वाचन पर्यवेक्षण समिति (इओक) नेपालले विभिन्न राजनीतिक दलका नेता तथा पर्यवेक्षक संस्थाको उपस्थितिमा पौष १ गते 'दोस्रो संविधानसभा निर्वाचन निष्पक्षता वा संरचनागत अनियमितता' विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो । एकीकृत नेकपा माओवादी लगायतका दलहरूले मतगणना स्थलमा मतपेटीका ल्याउने क्रममा अनियमितिता भएको भन्दै उच्चस्तरीय छानविन आयोगको माग गरिरहेको अवस्थामा सो अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता तथा पर्यवेक्षण संघसंस्थाका प्रतिनिधिहरूले यस्तो मत व्यक्त गर्नुभएको थियो :

**वर्षमान पुन 'अनन्त'**
**(एकीकृत माओवादी)** :

मतदान प्रक्रिया बिहान ७ देखि बेलुका ५ बजेको अवस्था शान्तिपूर्ण भएको छ, यसबारे हाम्रो पार्टीले पनि यहि भनेको छ । तेस्रो घेरामा रहेको सेनाले कसरी मतपेटीका लग्यो ? सेनाले कसरी मतपेटीकाको जिम्मा पायो ? ४-५ घण्टा सेनाको ब्यारेकमा लगेर मतदान बाकस राख्ने काम किन गरियो ? एउटा बुथमा ९०० भन्दा बढी मतदाता छैनन्, बाकसमा ९०० अटाउँछ, भनेपछि थप मतपेटिकाको आवश्यकता किन पर्‍यो । निर्वाचन आयोगले भने भन्दा बढी मत खसेको छ, बढी मत कहाँबाट आयो ? मत जलाइएको अवस्थामा





भेटिएको छ, मतदान बाकस लिएर जाँदा दलका एजेण्टलाई लगिएको छैन । मतदान बाकस टुटफुट भए पनि गणना गर्नु, निर्वाचन अधिकृतले कालो मसीले हस्ताक्षर गर्नुपर्ने कानूनमा उल्लेख हुँदा हुँदै नीलो मसिले सहि गर्दा पनि हुन्छ जस्ता कुराहरूको १० बुँदे निर्देशिका किन जारी गऱ्यो ? आयोगलाई कसरी थाहा हुन्छ, यस्तो हुँदैछ भनेर ? यस्ता यकिन तथ्यहरूका आधारमा नै हामीले उच्चस्तरिय छानविन आयोगको माग गरेका हौं । हामीलाई भन्ने गरिए झैं अपेक्षित परिणाम नआएकै कारण छानविनको माग गरिएको नभै आगामी दिनमा यस्ता घटना नदोहोरिउन, जनताको आफ्नो मतको सम्मान होस् भन्ने चाहना हाम्रो हो । आगामी दिनमा दलहरूले चाल्ने कदम द्वन्द्व निम्त्याउने नभै साँच्चीकै शान्तिका लागि संविधानसभा बाहिर रहेका दलहरूलाई समेत संविधान लेखनमा सामेल गराउनु पर्दछ । निष्पक्ष छानविन आयोग गठन भएमा यसले आगामी दिनमा निष्पक्ष निर्वाचनका लागि एउटा प्रणालीमा लैजाने छ ।

**रमेश लेखक**
**(नेपाली कांग्रेस)** :

प्रत्येक निर्वाचनपछि यस्ता बहसहरु उठ्ने गरेका छन् । एकीकृत माओवादी लगायतका दलहरूले देशैभर संरचनागत धाँधली भयो भनेको छ, तर सबै ठाउँको छानविन हुन सक्दैन । यदि त्यस्तो चित्त बुझ्दैन भने संविधानसभा अदालतमा मुद्दा हाल्न सकिन्छ । तुलनात्मक रूपमा अहिलेको निर्वाचन स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित भएको र कहि कतै कमजोरी भएका छन् भने त्यसको संविधानसभाबाटै निकास खोज्नु पर्दछ । उजुरी छानविनमा जाँदा संविधानसभा बस्न समस्या हुने र यसले न्यायीक प्रणालीसमेत अवरूद्ध हुने हुँदा प्राविधिक झिनामसिना कुरा गरेर जनमतको अनादर नगरौं । अहिले संधिवानसभा अदालतमा परेका १७ वटा मुद्दाको फैसला गर्न पनि १ वर्षअघि भ्याइँदैन । २४० को अनुसन्धान गरेर अन्तिम निर्णय गर्दा कति समय लाग्छ ? धाँधली भयो भन्नुभन्दा कुन पृष्ठभूमिमा यो निर्वाचन भएको हो त्यो, हेर्नुपर्दछ । निर्वाचन आयोगमा प्रमुख आयुक्तको नियुक्ति, अन्तरिम मन्त्रीपरिषदका अध्यक्षको सिफारिस, सेनालाई निर्वाचनमा ल्याउने प्रस्ताव कुन दल को हो ? आफ्नो पार्टीगत समस्यालाई राष्ट्रिय समस्या नबनाऔं, संविधान निर्माण कार्य ओझेलमा पर्दछ । यसकारण पनि आयोग गठनको आवश्यकता छैन । विद्यमान उच्चस्तरीय समिति तथा राजनीतिक संयन्त्रपनि बन्द पनि बन्द गरौं । यस्ता खालका समिति र संयन्त्र पनि संसदबाट अनुमोदित हुनुपर्दछ । किन हाऱ्यौं भन्ने विषयमा पार्टीभित्र छलफल गरौं ।



**रघुवीर महासेठ**
(**नेकपा एमाले**) :

राज्यले चाह्यो भने के गर्न सक्छ भन्ने कुराको अनुभव मलाई थाहा छ । कोठाभित्र हात्ति छिरेको भ्रम होइन, मैले त महामहिम राष्ट्रपति नै छिरेको देखेँ । आफ्नो छोरा डा चन्द्रमोहन यादवलाई जिताउन महामहिमज्यूले ७ महिनाअघि देखिनै धाँधलीको व्यवस्था गर्नुभएको थियो । निर्वाचन अधिकृतदेखि कर्मचारीसम्म आफन्त राख्ने काम गर्नुभयो । आफ्नै बुहारीलाई मतदान अधिकृत बनाइयो । काठमाडौंबाट गएका नयाँ मान्छेहरूले अरूलाई छिर्न नदिइकन भोट हालेका छन् । मलाई भोट दिने गाउँमा मंसिर ३ गते राती लाठीचार्ज गरी हाम्रा कार्यकर्तालाई घाइते बनाउने काम भए । सुरक्षाप्रमुख र सम्बन्धित न्यायाधिसको कल डिटेल हेर्ने हो भने राष्ट्रपतिज्यूले कतिपटक सम्पर्क गर्नुभएको छ, र धाँधलीको योजना कसरी गरिएको छ, त्यो थाहा भैहाल्छ । निर्वाचनस्थलमै उजुरी गर्दा पनि कुनै सुनुवाई भएन । मलाई त लाग्छ कसलाई हराउने कसलाई जिताउने भन्ने प्रि प्लान शितल निवासबाटै भएको थियो । हार्नु ठूलो कुरा होइन, नियत र प्रणालीको कुरा हो । के को लागि निर्वाचन गरिएको हो ? यस्तो निर्वाचन गर्नुथियो भने करोडौं खर्च गर्नुभन्दा पार्टीगत हिसाबमा भाग लगाएको भए त भैहाल्थ्यो नि । जनताले मतदान बाकसमा आफ्नो मत हाल्न पाएनन्, सुरक्षाकर्मीबाट जनताको मतको दुरूपयोग गरियो ।

**डा. प्रकाशचन्द्र लोहनी**
(**राष्ट्रिय प्रजातन्त्र पार्टी**) :

हामीले पार्टी भित्र पनि धाँधली भएको बारे छानविन गर्दछौं । धाँधली २ तरिकाले गरिन्छ, निर्वाचन अघि र मत खसिसकेपछि । निर्वाचन अघि हुने धाँधलीमा मरेको मान्छेको नाममा पनि भोट हाल्ने, अरूको नाममा भोट हाल्ने, बुथ कब्जा गर्ने । मत खसेपछि हुने धाँधलीमा मतभएको बाकस नियन्त्रणमा लिने, साटफेर गर्ने जस्ता हुन्छन् । निर्वाचनमा धाँधली भएको यथेष्ट प्रमाण भेटेपछि मैले मतगणना रोक्न अनुरोध गरेँ । तर निर्वाचन अधिकृतले आयोगबाट जेजस्तो अवस्थामा पनि नरोक्नु भन्ने परिपत्र भएको हुँदा मतगणना रोक्न नसकिने जवाफ दिए । निर्वाचन रोक्न निर्वाचन अधिकारीलाई अनुरोध गरेँ, निर्वाचन आयोगका प्रमखु आयुक्त निलकण्ठ उप्रेतीलाई फोन गर्दा फोन उठेन, एसएमएस गरेँ, फ्यास गरेँ तर कुनै जवाफ आएन । सेनाले मत भएको बाकस लिएर एउटा क्याम्पमा ४ घण्टा राख्यो । त्यसपछि जिल्लामा लग्यो । एजेन्ट सँगै जान खोज्दा सेनाले 'नबोल सकिएलास' भनियो । जिल्लामा लगिएपछि मतपेटीका भएको २०० मिटर वरपर कसैलाई पनि जान दिइएन । हाम्रो मतको



सुरक्षा गर्ने हाम्रो अधिकारको हनन किन गरियो ? किन आयोगले निर्देशिका जारी गर्‍यो ? अहिले जसरी सुरक्षा अंग प्रयोग गरियो, यो दुर्भाग्य हो । निर्वाचन आयोगले सबुद प्रमाणको टेप बुझाउँदा सम्बन्धित व्यक्तिलाई बोलाएर सोध्ने कामसमेत भएन । यसलाई जिताउनु यसलाई हराउनु भन्ने लिष्ट पहिले नै तय हुन्छ भने भोलि तपाई कसरी सभासद्मा लड्ने ? सर्वाधिकार सम्पन्न छानविन आयोग गठन गरिनुपर्दछ, भोलि यस्ता कुरा हुँदैनन् भन्ने कुराको सुनिश्चितता हुनुपर्दछ ।

**भरतबिमल यादव**
(**मधेशी जनाधिकार फोरम नेपाल**) :

कुनैपनि विचार वा अभिव्यक्ति आयो भने त्यसको छानविन गरी टिकाटिप्पणी गरिनु पर्दछ । संविधानसभा बहिष्कार गर्दछौं, संविधानसभाको विघटन हुनुपर्दछ भन्ने हाम्रो माग होइन, उठेको विचार र अभिव्यक्तिको सम्बोधन गर्न आयोग गठन हुनुपर्दछ भन्ने माग हो । पहिलो चरणको निर्वाचनमा धाँधली भएको कुरामा कतिपय कांग्रेस एमाले पनि सहमत छन्, हाम्रो माग भनेको दोस्रो चरण (मतपेटीका सार्ने क्रम) को हो । सेनालाई तेस्रो घेरामा राख्ने सहमति गरिएपनि कतिपय स्थानमा सेना पहिलो घेरामै राखियो । धाँधली थाहा नपाई हुनसक्दैन भन्ने होइन, सुनियोजित षड्यन्त्र थाहा नपाइ हुने कुरा हो । मतदान बाकस मतगणना स्थानमा ल्याउने क्रममा हाम्रा साथीहरूलाई सेनाले लट्ठीले पिटेर धपाएको छ । एजेन्टलाई सँगै जान दिइएन । २ करोडभन्दा बढी मतपत्र किन छाप्नुपर्‍यो ? मटियाको जंगलमा मतपत्र के घाँस चर्न गएको थियो ? निर्वाचनसँग सम्बन्धित ऐन कानूनको व्यवस्था हुँदाहुँदै त्यसको वर्खिलाप हुने गरी मतगणना सुरू हुनुअघि निर्वाचन आयोगबाट निर्देशिका जारी गर्नुपर्ने कारण के थियो ?

**डा. गोपालकृष्ण शिवाकोटी**
(**महासचिव, राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति**) :

निर्वाचन कहिँ पनि क्लिन हुँनसक्दैन, त्यसको मात्रामा फरक हुन सक्छ । निर्वाचनमा धाँधली, अनियमितता त्रुटिगत हो वा नियोजित हो भन्ने कुरा हेर्नुपर्दछ । थाहा नपाउने गरेर धाँधली हुँदैन । अवैध मतदान गर्ने, एउटाले बहुभोट हाल्ने, दिउँसो १२ बजे अघि नै निर्वाचन आफ्नो हिसाबले गरिन्छ, जसलाई 'भूत मतदान केन्द्र' भनिन्छ, त्यस्तो केन्द्र हालैसम्पन्न दोस्रो संविधानसभाको निर्वाचनमा कहिँ भेटिएनन् । फोटोसहितको मतदानका कारण नेपालमा क्लिन मतदान हुनपुगेको छ । अदृश्य धाँधली भयो भन्नु इलुजन( अगाडि डोरी देखेर सर्प हो भनेर तर्सनु) वा कोठामा हात्ति छिर्‍यो भन्नु(हेलोसिनेसन) दृष्टि भ्रम भएको हो । नियोजित थियो कि थिएन भनेर निर्वाचन आयोगको




गठन, त्यसको ग्रहण गर्ने, त्यसको स्वतन्त्रतामाथि जनताले प्रश्न उठाएका छन् कि छैनन् भन्ने कुरा पहिलो रूपमा हेरिन्छ । निर्वाचनसँग सम्बन्धित कानून कुनै राजनीतिक दलको पक्षमा वा कुनै दल विरोधि खालका थिए ? यो दोस्रो पक्ष हो । त्यसैगरी निर्वाचन शिक्षा विभेदकारी भए नभएको मापन, दल र उम्मेदवारीको दर्ता, मतदाता नामावली दर्ता प्रक्रिया पनि हेरिन्छ । निर्वाचन आयोगले राज्यस्रोतबाटै कसैलाई हराउने जिताउने काम सुनियोजित रूपमा गरियो भन्नेमा मेरो विश्वास छैन, यद्यपी केही अनियमितता र प्रक्रियागत त्रुटि भएका छन् । कहीँ कतैबाट धाँधलीको गुन्जायस नपाएको कारण पर्यवेक्षकको नाताले धाँधली भएको थियो भन्ने लाग्दैन ।

**कृष्णमान प्रधान**
(**महासचिव, आमनिर्वाचन पर्यवेक्षण समिति**) :

जियोकले निर्वाचनका बेला देशभर २३०० पर्यवेक्षक खटाएको थियो । २०६४ सालको निर्वाचनमा भन्दा यसपटकको निर्वाचनमा धेरै सुधार गरेको पाइयो । निर्वाचन अवधि सकिएपछि मत सार्ने बेलामा कुनै पर्यवेक्षक संघसंस्थाबाट पर्यवेक्षण भएनन् । निर्वाचन सकिएपछि मतगणना हुनुपर्दछ भन्ने दलले केही बेरमा रोकिनु पर्छ भनेको र अघिसम्म मतगणना रोकिनुपर्दछ भनेर माग गरेकोले जारी राख्नु पर्दछ भन्ने जस्ता माग गरिएका उजुरीहरु संस्थामा परेका छन् ।

इओकका अध्यक्ष प्रदिप पोखरेलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रमको संचालन महासचिव गोपालनाथ योगीले गर्नुभएको थियो भने उपाध्यक्ष श्रीकृष्ण सुवेदीले स्वागत मन्तव्यका साथै कार्यक्रम आयोजनाको औचित्यताका बारेमा बोल्नुभएको थियो।

# इओक क्षेत्रीय कार्यालयद्वारा छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना

निर्वाचन पर्यवेक्षण समिति नेपालको क्षेत्रीय कार्यालय इटहरीमा मिति २०७०/७/२८ गते बिहीवार निर्वाचन पर्यवेक्षण समिति नेपालका केन्द्रीय उपाध्यक्ष श्रीकृष्ण सुवेदी, महासचिव गोपालनाथ योगी र केन्द्रीय सदस्य तुलबहादुर कंडेलसहितको टोलीको प्रमुख आतिथ्यतामा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

अन्तरक्रिया कार्यक्रममा पूर्वाञ्चलमा विभिन्न राजनैतिक दलका उमेद्वारले गरेको आचारसंहिता उल्लंघनका घटना र सो को नियन्त्रणका लागि पर्यवेक्षकहरूले गर्नुपर्ने जिम्मेवारी, निर्वाचनको बहिष्कारमा रहेका ३३ दलको आन्दोलनको प्रभाव, मतदानका दिनका लागि गर्ने पूर्वतयारी लगायतका विषयमा समिक्षात्मक छलफल गरिएको



थियो । पूर्वाञ्चल क्षेत्रीय संयोजक वेवि घिमिरेको अध्यक्षतामा सम्पन्न सो अन्तरक्रिया कार्यक्रममा इओकको मोरङ प्रतिनिधि रिमा रिमाल, सप्तरी प्रतिनिधि महेन्द्र मेहेत्ता र झापा प्रतिनिधि पदम घिमिरेको समेत उपस्थिति रहेको थियो ।

केन्द्रीय प्रतिनिधि मण्डलको नेतृत्वको टोलिले मोरङ जिल्लाको स्थलगत अवलोकन गर्नुका साथै मोरङ निर्वाचन क्षेत्र नम्बर ९ का एकीकृत नेकपा माओवादीका उमेदवार वर्षमान पुन अनन्तसाग उहाँकै निर्वाचन क्षेत्रमा पुगी भेटघाट गरिएको थियो ।

# अनलाइन मिडियामा इओक समाचारहरू



'छिटपुट घटना बाहेक निर्वाचन शान्तिपूर्ण'

Published: 21st of November 2013 04:46 PM Viewed: 236 times Subscribe news in email»

काठमाडौं, मंसिर ५। निर्वाचन पर्यवेक्षण समिति नेपाल (इओसी–नेपाल) ले संविधानसभाको दोस्रो निर्वाचन छिटपुट घटना बाहेक सामान्य तवरमा सम्पन्न भएको जनाएको छ। इओसी–नेपालले आज पत्रकार सम्मेलन गरी दोस्रो संविधानसभाको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गर्दै तुलनात्मक रुपमा अघिल्लो भन्दा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको बताएको हो।

रोल्पा, रुकुम, प्युठान लगायत केही जिल्लाका केही केन्द्रहरुमा निर्वाचन बहिष्कारको प्रभाव परेको र कम मत खसेको उल्लेख छ।

यस्तै जुम्लाको नेपालगाउँ गाविसको झारज्वालास्थित त्रिभुवन उच्च माध्यमिक विद्यालय मतदान केन्द्रमा नेकपा–माओवादीको अवरोधका कारण मतदान स्थगित भएको त्यहाँ मंसिर ७ गते मतदानको कार्यक्रम तोकिएको पनि सो संस्थाले जनाएको छ।

यस्तै गोरखा, म्याग्दी, नुवाकोट, दोलखा, धनुषा, सर्लाही, महोत्तरीलगायतका स्थानमा मतदान प्रक्रियामा केही दलहरुले असहमति जनाउँदै आयोगमा उजुरी दर्ता गरी पुनः मतदानको माग गरेको र रोल्पामा थवाङमा नेकपा–माओवादीले पुनः मतदान गर्न माग गरेको प्रतिवेदनमा उल्लेख छ।

इओसी–नेपालका अनुसार मतदानको दिन देशका अधिकांश ठाउँहरुमा सरकारले दावी गरेको भन्दा बढी विस्फोटनका घटनाहरु भएको थियो।



Headlines: पाउरोटी उद्योगमा आगलागी, रु ७० लाखको क्षति

Notice
There is no category chosen or category doesn't contain any items

'निर्वाचनमा संरचनागत धाँधली भएकै हो'

९ पुस, काठमाडौं। हालै सम्पन्न निर्वाचनमा सरकारले संरचनागत धाँधली नै गरेको आरोप विभिन्न राजनीतिक दलका नेताहरुले लगाएका छन्। निर्वाचन पर्यवेक्षण समिति (इयोक) नेपालले आज राजधानीमा आयोजना गरेको 'दोस्रो संविधानसभा निर्वाचन निष्पक्षता वा संरचनागत अनियमितता' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै नेताहरुले यस्तो अभिव्यक्ति व्यक्त गरेका हुन्।

एकीकृत माओवादीका नेता वर्षमान पुन 'अनन्त' ले निर्वाचन अघि निर्वाचन आयोगद्वारा जारी १० बुँदे परिपत्र र प्राप्त केही तथ्यहरुका आधारमा आफूहरुले उच्चस्तरीय छानबिन आयोगको माग गरिएको बताउनु भयो। नेता पुनले निर्वाचन निर्देशिका हुँदाहुँदै निर्वाचन आयोगले फिन १० बुँदे परिपत्र जारी गर्यो भन्ने प्रश्न गर्नुभएको थियो। एमाओवादी पार्टीका तर्फबाट बनेको आन्तरिक



Stay Connected / Tuesday, December 24, 2013

नेपालीसमाचार.डटकम
nepaliSamachar

म संघीय गणतन्त्रमा विश्वास गर्छु
मालिभिका सुब्बा

यस पटक पहिचानवादी झनै बढेका छन्।
-डा. महेन्द्र लावती

HOME HEADLINES ENGLISH DIASPORA OPINION SPORT LITERATURE GALLERY MIX ENTERTAINMENT

## निर्वाचनमा संरचनागत धाँधली भएकै हो

हालै सम्पन्न निर्वाचनमा सरकारले संरचनागत धाँधली नै गरेको आरोप विभिन्न राजनीतिक दलका नेताहरुले लगाएका छन्। निर्वाचन पर्यवेक्षण समिति (इयोक) नेपालले आज राजधानीमा आयोजना गरेको 'दोस्रो संविधानसभा निर्वाचन निष्पक्षता वा संरचनागत अनियमितता' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै नेताहरुले यस्तो अभिव्यक्ति व्यक्त गरेका हुन्।

एकीकृत माओवादीका नेता वर्षमान पुन 'अनन्त' ले निर्वाचन अघि निर्वाचन आयोगद्वारा जारी १० बुँदे परिपत्र र प्राप्त केही तथ्यहरुका आधारमा आफूहरुले उच्चस्तरीय छानबिन आयोगको माग गरिएको बताउनु भयो। नेता पुनले निर्वाचन निर्देशिका हुँदाहुँदै निर्वाचन आयोगले फिन १० बुँदे परिपत्र जारी गर्यो भन्ने प्रश्न गर्नुभएको थियो। एमाओवादी पार्टीका तर्फबाट बनेको आन्तरिक तथ्य संकलन कार्यदलको संयोजक समेत रहेका नेता पुनले मतदान प्रक्रियाको अवस्था शान्तिपूर्ण भएको भन्ने आफ्नो पार्टीको पनि धारणा रहे पनि निर्वाचनपछि मतपेटिकाहरु मतगणना स्थलमा ल्याउने क्रममा अनियमितता भएको र त्यसको यथेष्ट प्रमाणका आधारमा उच्चस्तरीय छानबिन आयोगको माग गरिएको स्पष्ट पार्नुभयो। तेस्रो घेरामा रहेको सेनाले कसरी मतपेटीका लग्यो, मतपेटीका जिम्मा लिने अधिकार कहाँबाट पायो? जस्ता तर्कहरु प्रस्तुत गर्नुभएको थियो।



RECENT ENTRIES

FEATURED LINKS
- B B C नेपाली सेवा (Live)
- Domain and Hosting

PHOTO GALLERY






निर्वाचन आयोग
नेपाल
INFORMATION


















PHARMA
BASE


Manakamana
Observation Committee Nepal
(EOC-Nepal)
EOC-Nepal

